◆ **सम्पादकीय-**

- निर्णय कार्यान्वयन नै अग्रगमन हो - २

◆ **आवरण**

- राजाको हुकुमी शासनका छ महिना - **माधवकुमार नेपाल** - ३

◆ **राष्ट्रिय राजनीति**

- माओवादी समस्याको शान्तिपूर्ण ....... - **वामदेव गौतम** - ६

◆ **अर्थ**

- विपन्न वर्गको आँखामा शाही बजेट - **माझाघरे विके** - ८

◆ **सरोकार**

- निजामती कर्मचारी आन्दोलनमा किन ? - **मुरारी भट्टराई** - ९

◆ **महिला**

- महिला र पुरुषबीचको विभेद - **उर्मिला अर्याल** - ११

◆ **स्मृति**

- कमरेड हेमनाथको सम्झना - **बेदुराम भुसाल** - १३

◆ **बहस**

- प्रजातान्त्रिक समाजवादको चर्चा - **डा. विजयकुमार पौडेल** - १५
- सङ्कटको विचारधारात्मक पाटो - **घनश्याम भुसाल** - १७

◆ **विश्लेषण**

- नेपाली कांग्रेसको अग्निपरीक्षा - **सूर्य थापा** - १९

◆ **चिनारी**

- जसलाई परिवारभन्दा सिद्धान्त प्यारो छ - **कमला पराजुली** - २१

◆ **मोफसल**

- स्याङ्जामा कम्युनिष्ट आन्दोलन- **प्रेमनारायण पौडेल** - २३

◆ **टिप्पणी**

- मुलुकको द्वन्द्व र राजनीतिक शक्तिको अवस्था- **महेश रेग्मी** - २६

◆ **युवा-अभिमत**

- अखिलका पूर्व नेताहरूद्वारा पारित प्रस्ताव - २७

◆ **पार्टी जीवन**

- सम्पर्क मञ्च, सम्मेलन र जिम्मेवारी- **डा. भीष्म अधिकारी** - २९

◆ **कृति**

- जिउँदा अभिव्यक्ति - ३०

◆ **अन्तर्वार्ता**

- लोकतन्त्र छोडेर राजतन्त्र कुन मुर्खले ... - **डा. मथुराप्रसाद श्रेष्ठ** - ३२

# निर्णय कार्यान्वयन नै अग्रगमन हो

*अँध्यारो रात गल्न थालेको छ । नेपालका राजाको शासकीय महत्त्वाकाङ्क्षाको अवसान अनिवार्य एवम् अवश्यम्भावी छ । उल्टो दौड कहिल्यै लक्ष्यमा पुग्दैन । राजाको प्रतिगमनका तीन वर्षले यो सच्चाइलाई पटक-पटक उद्घाटित गरेका छन् । जनताको मागमा कार्यकर्ता जुर्मुराउनु जरुरी छ । परिवर्तन सँघारमा आएको छ ।*

***"राजासँग संवाद हुँदैन, माओवादीसँग सहकार्य हुँदैन,"*** *अहिलेको हाम्रो पार्टीको निर्णय यही हो । अहिले चालू केन्द्रीय कमिटीको बैठकले यसमा फेरबदल गरेन भने आगामी छ महिनाका लागि यो नै हाम्रो तात्कालिक कामको मार्गदर्शक हुनेछ । राजा र माओवादीका सन्दर्भमा नेताहरूको बोलीमा विविधता भयो भन्ने गुनासो पार्टीव्यापी छ । तर, यो निर्णय नै सबैले थाहा पाउनुपर्ने विषय हो । सम्पूर्ण पाठकसमक्ष हामीले गर्नुपर्ने आग्रह एउटा मात्रै छ- अबको राजनीति फलामे बारभित्र बाँधिन सक्दैन । अभिव्यक्तिको स्वतन्त्रतालाई खोरमा थुन्न सकिँदैन । बहुबोली हुनसक्छ तर प्रत्येक वक्ताले पार्टीको निर्णयचाहिँ उल्लेख गर्नैपर्छ । पार्टीलाई प्रजातान्त्रिक ढङ्गले सञ्चालन गर्ने यो एउटा असल तरिका पनि हो ।* ***आफ्नो कुरो बोल तर पार्टी निर्णयलाई नछोड*** *।*

*नेतामुखी राजनीति टिक्दैन भन्ने सच्चाइ हाम्रो जीवनको अनुभव हो । नेताप्रधान होइन, नीतिप्रधान होऊ भनेर हाम्रा संस्थापक नेता कमरेड पुष्पलालले धेरै पहिल्यै भनिसक्नुभएको छ । पार्टीका प्रत्येक व्यक्तिको सोच नीतिप्रधान हुनेबित्तिकै गुटबन्दी र अराजकताका समस्याहरू समाधान हुन्छन् । गुटबन्दी भनेको वैयक्तिक दासत्व हो र यो पार्टीमा लाग्ने क्यान्सर पनि हो । नेतृत्वको उत्तम शैली हो,* ***निर्णयप्रतिको प्रतिवद्धतासहितको सामूहिक नेतृत्व*** *। यसो भन्नुको अर्थ हो- व्यक्तिका विचारहरू फरक हुनसक्छन् तर गरिएको निर्णयप्रति सबै सदस्यको दायित्व बराबर हुन्छ । यो कुरा खालि नेताहरूमा मात्र लागू हुने होइन, भविष्यतिर हेर्न जान्ने हो भने यो काम आधारभूत रूपमा कार्यकर्ताहरूमै केन्द्रित हुनुपर्ने हो ।*

*बितेको १० वर्षमा हामीले गरेको गम्भीर गल्ती भनेको आफ्नो व्यवहारबाट जनताको बहुदलीय जनवादको परित्याग हो । जनताको बहुदलीय जनवादको मूलमन्त्र भनेको बहुलता हो । यो बहुलता भनेको भाषणको विषय मात्र होइन । यो हो- पार्टीभित्र अनि राज्य संरचनामा समेत विद्यमान बहुलतालाई स्वीकार गर्नु । जनताको बहुदलीय जनवादले कसैलाई माथि अनि कसैलाई तल राख्दैन । नेताहरू ठूला हुन्, हामी साना हौँ भन्ने भाव जबजको निष्कर्ष होइन ।*

*आफैँभित्रका अन्योलहरूले हाम्रो पार्टी नेतृत्वलाई अराजकजस्तो बनाएको हो भन्ने सच्चाइलाई हामी सबैले चिनौँ । राजतन्त्र अनि राजाका बारेमा के हामी आफ्नै निष्कर्षप्रति समान रूपले इमान्दार छौँ ? छैनौँ । माओवादीलाई हेर्ने हामीसँग एउटै दृष्टिकोण छ ? त्यो पनि छैन । राजाका बारेमा हामीभित्र तीन मान्यता प्रवाहित छन् । संवैधानिक राजतन्त्र*

*हामीले भन्दै आएको कुरा हो, राजाको प्रतिगमनपछि हाम्रो पङ्क्तिभित्र उब्जिएको नयाँ चेतना राजाको औपचारिक उपस्थिति या राजतन्त्रको अनुपस्थिति हो । हामी कामना गरौँ- केन्द्रीय कमिटीको चालू बैठकले यसका बारेमा एउटा ठोस निष्कर्ष निकालोस् ।*

*केन्द्रीय कमिटीको यो बैठकप्रति धेरैले धेरैखालका आशा र अपेक्षा राखेका छन् । सबै फलिभूत हुन्छन् भन्ने सुनिश्चितता छैन तर यो बैठक निर्णय लिने र निर्णय कार्यान्वयन गर्ने सन्दर्भमा विगतका बैठकभन्दा बढी दूरदृष्टियुक्त अनि अग्रगामी हुनेछ भन्ने विश्वास गरौँ ।*

# राजाको हुकुमी शासनका छ महिना

**माधवकुमार नेपाल**

**प्रतिगामी सत्तापलट**

१९ माघ, २०६१ मा राजाले संविधान र प्रजातान्त्रिक मान्यता उल्लङ्घन गर्दै जसरी हुकुमी शासन सुरु गरे, त्यो प्रतिगामी सत्तापलट थियो । जनपद र सशस्त्र प्रहरी मात्र होइन, सेना नै परिचालन गरेर उनले शासनसत्ता आफ्नो हातमा लिए । विघटित प्रतिनिधिसभामा प्रतिनिधित्व गर्ने चार दलको सरकार अपदस्थ गरी सत्ता कब्जा गर्दा राजाले अपनाएको शैली र तौरतरिका हेर्दा पनि त्यो कुनै देशको सैनिक 'कू' र सत्तापलटभन्दा फरक देखिँदैन । राजनीतिक दलका नेतालाई थुन्ने, उनीहरूका कार्यालयमा सैनिक परिचालन गर्ने, टेलिफोन, मोबाइलजस्ता सञ्चारका साधनहरू बन्द गर्ने, यातायात आवत-जावतमा रोक लगाउने, एफएम रेडियोबाट समाचार दिन रोक्ने, पत्रिकाका कार्यालयलाई सैनिक घेराबन्दीमा राख्ने, पत्रपत्रिकामाथि सेन्सरसिप लगाउनेजस्ता कार्य सत्तापलटका परिणाम हुन् । ०१७ सालमा राजा महेन्द्रले प्रजातन्त्रको हत्या गर्दा प्रयोग गरेका हथकन्डाहरू यसपालि पनि प्रयोग भएका छन् । त्यति मात्र होइन, शाही घोषणामा प्रयुक्त शब्दावली र त्यसको भावसमेत दुरुस्तै हुनु कुनै हालतमा संयोग मात्र हुन सक्दैन । नेपाली समाजले राज्यका तर्फबाट इतिहासमा कहिल्यै नभोगेको असुरक्षा, भय, त्रास र उत्पीडन 'माघ १९' को शाही 'कू' मार्फत भोग्नुपर्‍यो । नागरिक र राजनीतिक स्वतन्त्रताको त कुरै नगरौँ, निर्भयताका साथ बाँच्न पाउने न्यूनतम मानवीय अधिकारमाथि पनि हस्तक्षेप गरियो ।

प्रधानमन्त्रीको जिम्मा पनि राजा आफैँले लिएपछि मुलुकभर लगाइएको सङ्कटकालले नागरिक जीवनलाई तहसनहस पार्‍यो । राजनीतिक नेता, कार्यकर्ताको जासुसी गर्ने, उनीहरूलाई गिरफ्तार गर्ने मात्र होइन, पेसा, व्यवसायमा संलग्न नागरिक समाजका स्वतन्त्र व्यक्तिहरूलाई पनि बाहिर जानबाट सरकारले रोक्यो । यसले गर्दा यो कदम कति खतरनाक र अलोकप्रिय छ भन्ने कुराको छनक स्वयम् सत्ताधारीहरूले पनि पाएको मान्न सकिन्छ । विदेशी मञ्चहरूमा आफ्नो भण्डाफोर हुने भयले त्रसित सत्ताले नेपाललाई विश्वबाट अलग गर्ने अशोभनीय, घातक र अशिष्ट काम गर्‍यो ।

**कसरी आयो 'माघ १९' ?**

'माघ १९' को सत्तापलटपछि यो अवस्था कसरी आयो भन्नेबारेमा विभिन्न कोणबाट चर्चा र विश्लेषणहरू भइरहेका छन् । धेरैजसो दरबारिया र कतिपय आफूलाई स्वतन्त्र भन्ने व्यक्तिले पनि यस प्रसङ्गमा राजनीतिक दलहरू नै यसका लागि मुख्य जिम्मेवार र दोषी छन् भन्ने गरेको पाइन्छ । यो सरासर गलत, पूर्वाग्रही र फेरि पनि दलहरूलाई माथि उठ्न नदिने मनसायबाट प्रेरित तर्क हो । हो, निश्चितै रूपमा १२ वर्षको बहुदलीय शासनकालमा राजनीतिक दलबाट पनि गल्ती-कमजोरीहरू भएका छन् । तर, तिनको सिरानी हालेर प्रजातन्त्रको हत्या गरिनुलाई कदापि न्यायोचित मान्न सकिँदैन । कुन दललाई के सजाय दिने भन्ने फैसला सार्वभौमसत्तासम्पन्न नागरिकले गर्छन्, न कि अनिर्वाचित र सामन्तवादी राजसंस्थाले ।

'माघ १९' मा प्रजातन्त्रको गला निमोठिनुको प्रमुख कारण राजाको निरङ्कुश बन्ने चरम महत्त्वाकाङ्क्षा नै हो । राजनीतिक दलसँग जोरी नखोज्ने र संविधानले निर्दिष्ट गरेको स्थानमा बसेका राजा वीरेन्द्रको हत्या भएको दुई वर्ष नबित्दै प्रजातन्त्रको हत्या भयो । राजगद्दीमा बस्नेबित्तिकै वर्तमान राजाले आफू दाजुले जसरी 'टुलुटुलु हेरेर नबस्ने' र 'रचनात्मक हुने' जुन अभिव्यक्ति दिए, त्यसले पनि 'माघ १९' को कदम सुविचारित, योजनाबद्ध र पूर्वनिर्धारित हो भन्न बाध्य बनाउँछ । राजाका अन्तर्वार्ताहरूमा राजनीतिक दलप्रति लगाइने लाञ्छना र आरोपले उनी प्रजातन्त्रमा विश्वास गर्दैनन् भन्ने छनक नदिएका होइनन् । 'माघ १९' मा होइन, त्यसअघि ०५९ असोज १८ गते नै राजाले आफ्नै अध्यक्षतामा सरकार गठन गर्ने योजना बनाएका थिए । त्यति बेला सम्भव नभएको सो योजना उनले 'माघ १९' गते कार्यान्वयन गरे । निर्वाचन हुन नसक्ने अवस्थामा मिति सार्न गरिएको सिफारिसलाई आधार बनाएर राजाले जसरी निर्वाचित प्रधानमन्त्रीलाई धारा १२७ को दुरूपयोग गरेर वर्खास्त गरे, त्यसले नै उनको प्रजातन्त्रप्रतिको बक्रदृष्टि उजागर गरेको थियो ।

'माघ १९' आउनुमा दोस्रो जिम्मेवार पक्ष माओवादी हो भन्ने कुरामा कुनै द्विविधा राख्नुहुँदैन। माओवादीले अपनाएका गलत नीति र उनीहरूको उग्रवामपन्थी कार्यदिशाको प्रत्यक्ष फाइदा निरङ्कुश राजतन्त्रले उठाएको छ। प्रजातन्त्रलाई कमजोर पार्न उनीहरूले घोषित वा अघोषित रूपमा जुन गलत प्रयास गरे, त्यसको आडमा राजालाई शक्ति हत्याउन अनुकूलता मिल्यो। चार दलको सरकारसँग वार्ता नगरेर 'मालिकसँगै वार्ता गर्ने' उनीहरूको पछिल्लो अडानले पनि राजालाई थप निरङ्कुश र स्वेच्छाचारी हुने आधार प्रदान गर्‍यो।

राजनीतिक दलले सम्पूर्ण रूपमा एकता र बुद्धिमानी प्रदर्शन गर्न सकेको भए यो अवस्था यति छिट्टै आउने थिएन कि भन्ने आलोचनालाई हामीले गम्भीरतापूर्वक लिनुपर्छ। खासगरी पाँच दलको आन्दोलन थेग्न नसकेर सूर्यबहादुर थापाले राजीनामा दिएपछि आन्दोलनकारी दलहरूबीच देखिएको बेमेल र असामञ्जस्यता अवश्य पनि सुखद होइन। कतिपय दलहरूमा रहेको आत्मकेन्द्रित प्रवृति र गैरप्रजातान्त्रिक संस्कारका कारण पाँच दल एक भएर राजालाई जवाफ दिने अवस्था भएन। दलहरूको सरकार बन्ने अवस्थामा हाम्रो पार्टीसहित चार पार्टी सरकारमा सामेल हुने र चार पार्टी सडकमा हुने अवस्था सिर्जना भयो। यसले नेपालको प्रजातान्त्रिक आन्दोलनलाई अवश्य पनि फाइदा पुर्‍याएन। यसका लागि हाम्रो जिम्मामा के कति दोष पर्छ, त्यो बहन गर्न हामी तयार छौँ। तर, यही किसिमको जिम्मेवारीबोध लामो समय संसदीय अभ्यासमा संलग्न अरू दलले पनि गर्नुपर्छ।

### निरङ्कुश राजतन्त्रको भविष्य छैन

एक्काइसौं शताब्दी प्रजातन्त्र र मानवअधिकारको युग हो। विश्वबाट राजतन्त्र उन्मूलन हुँदै गएका बेला नेपालमा झन् राजतन्त्र विकृत र निरङ्कुश रूपमा कदापि रहन सक्दैन। विश्वव्यापी रूपमा सन् '९० को दशकपछि जुन रूपमा प्रजातन्त्रको लहर आयो, त्यसबाट कोही पनि अछुतो रहनसकेको छैन। सत्तरी वर्षसम्म समाजवादी अभ्यास गरेको सोभियत सङ्घ र पूर्वी युरोपमा समाजवादले धक्का खानुको कारण पनि यही प्रजातन्त्रको लहर नै हो। परम्परागत कम्युनिस्ट व्यवस्थामा रहने एकदलीयता र प्रतिस्पर्धाको अभावका कारण नै ती देशका जनता प्रतिस्पर्धात्मक व्यवस्थातर्फ आकर्षित भएका थिए। जनताको बीचबाट निर्मित शक्तिका लागि समेत यस्तो बाध्यकारी अवस्था सिर्जना गर्ने यो युगमा निरङ्कुश, स्वेच्छाचारी र अधिनायकवादी राजतन्त्र कदापि स्वीकार्य हुन सक्दैन।

राजतन्त्र भनेको सामन्तवादी युगको प्रतिनिधित्व गर्ने परम्परागत प्रणाली हो। वर्तमान युगमा विश्वले प्रजातन्त्रको अभ्यास गरिरहेका बेला जुन राजतन्त्रले आफूलाई त्यसमा समाहित गर्न सक्दैन र विपरीत धारमा खडा हुन्छ, त्यसका अगाडि एउटै विकल्प छ- समाप्ति। राजाले 'देखिने मात्र होइन, सुनिने राजतन्त्र हुन चाहन्छु' भनेर संवैधानिक राजतन्त्रको विश्वव्यापी मान्यता र मोडेलका विरुद्ध आफूलाई उभ्याएका छन्। उनको भनाइको ठीकविपरीत विश्वको इतिहास साक्षी छ- जहाँको राजतन्त्र देखिने मात्रै भयो, त्यो अहिले पनि देखिँदैछ र जहाँको राजतन्त्र सुनिने पनि भयो, अहिले त्यो इतिहासमा थियो रे भन्ने सुनिन्छ। त्यसकारण राजाको चिन्तन, कार्यशैली र व्यवहार एक्काइसौं शताब्दी प्रतिकूल, निरङ्कुश र पछौटे मानसिकताबाट ग्रसित छ।

### चौतर्फी विरोध

सैनिक प्रयोग गरेर राजाले सत्तापलट गरेपछि त्यसको चौतर्फी विरोध र भर्त्सना भयो। मुलुकका सबै प्रमुख दलहरूले त्यसको एक स्वरमा विरोध गरे। नजरबन्द र हिरासतमा रहेका नेताहरूले भित्रैबाट वक्तव्य जारी गरेर त्यसलाई अस्वीकार गरे भने हाम्रो पार्टीलगायत मुख्य प्रजातान्त्रिक पार्टीले 'माघ १९' मै त्यसको व्यापक विरोध गरे। शाही प्रतिगमनका विरुद्ध मुलुकका राजनीतिक शक्तिका अलावा नागरिक समाज, विद्यार्थी, मानवअधिकारकर्मी, पत्रकार, कानुनव्यवसायीलगायत सबै सचेत वर्ग जुर्मुराएर उठ्यो। सो घटनाविरुद्ध पोखराको पृथ्वीनारायण क्याम्पसका विद्यार्थीले प्रदर्शन गर्दा घेरा हालेर सेनाले हेलिकोप्टरबाट गोली बर्सायो। पत्रकारले शाही निरङ्कुशतालाई चिर्दै पेसागत आन्दोलन अगाडि बढाए। कानुन व्यवसायीहरूले कानुनी शासन र संवैधानिक सर्वोच्चताको मागसहित पहिलोपटक राजधानीमा निषेधाज्ञा तोड्ने साहसिक काम गरे। सर्वोच्च अदालतको अप्रजातान्त्रिक र कमजोर अडानको नेपाल बार एसोसिएसनले खुलेर आलोचना गर्‍यो। सञ्चार जगत्, नेपाल बार र नागरिक दबाबको परिणामस्वरूप अदालतबाट आन्दोलनकारी नेता-कार्यकर्ता छुट्ने वातावरण बन्यो।

नेपालका राजनीतिक दल र नागरिकलाई मात्र होइन, राजाको असंवैधानिक, अप्रजातान्त्रिक र निरङ्कुश कदमले शुभेच्छुक विदेशी मित्र राष्ट्रलाई पनि आश्चर्यमा पार्‍यो। यसको भारत, अमेरिका, युरोपेली युनियनका सम्पूर्ण सदस्यलगायत विश्वका सबैजसो राष्ट्र र प्रतिष्ठित संस्थाले विरोध र निन्दा गरेका छन्। राजा ०४६ अघिको दलविहीन अवस्थामा फर्कन खोजेको सङ्केत उनीहरूले क्रमशः बुझिरहेका छन् र त्यहीअनुरूप आफूलाई त्यस्तो व्यवस्था स्वीकार्य नभएको अडान पनि उनीहरूले सार्वजनिक गर्दै आएका छन्।

### कुशासनका छ महिना

कतिपय मानिसमा रहेको राजाले केही गर्छन् कि भन्ने भ्रमलाई राजाको छ महिनाको शासनले पर्याप्त जवाफ दिएको छ। राजाले आफैं अध्यक्षता गरेको मन्त्रिपरिषद्का सदस्यहरूको छनोट र सो मन्त्रिपरिषद्का काम हेर्दा उनमा शासन गर्ने कुनै क्षमता नभएको स्पष्ट हुन्छ। बुबाले झैं सर्वत्र हालीमुहाली गर्ने आत्मघाती मनोग्रन्थीबाट ग्रसित राजाको शासनका छ महिना

नेपाली इतिहासकै सबैभन्दा असफल, निरास र अन्धकारपूर्ण कालका रूपमा दर्ज हुन पुगेका छन् । दलीय खिचातानीका कारण मुलुक सुचारु रूपले चल्न नसकेको उनको मनगढन्ते तर्कले यो अवधिमा नराम्ररी हावा खाएको छ । एक्लै सारा काम फत्ते गर्छु भन्ने उनको घमण्ड र अहम् यो अवधिमा चकनाचुर भएको छ ।

छ महिनामा राजाको प्रत्यक्ष नेतृत्वमा रहेको सरकारले राजनीतिक दलहरूमाथि आक्रमण गर्ने, नेता-कार्यकर्तालाई थुन्ने र उनीहरूका गतिविधि नियन्त्रण गर्ने अप्रजातान्त्रिक काम मात्र गरेको छैन, प्रजातान्त्रिक व्यवस्थामा फस्टाएको स्वतन्त्र प्रेसमाथि अङ्कुश लगाएर आफ्नो स्तुति गाउन बाध्य पार्ने, नागरिक अधिकारका लागि लडिरहेका संस्थामाथि नियन्त्रण गर्ने र देशलाई जनप्रतिनिधिविहीन बनाउँदै स्थानीय निकायमा निरङ्कुश सत्ताका पृष्ठपोषकहरूलाई भर्ति गर्ने काम गरेको छ। पञ्चायती कालमा जनदमनमा उत्रिएका दरबारियाहरूलाई अञ्चल र क्षेत्रीय प्रशासक बनाइएको छ भने नागरिक प्रशासनलाई पङ्गु बनाइएको छ । संवैधानिक निकायलाई निरीह बनाउँदै राजनीतिक प्रतिशोध साँध्न 'शाही आयोग' बनाइएको छ । मानवअधिकार आयोग गठनदेखि प्रधानन्यायाधीश नियुक्तिसम्म संविधान र कानुनको धज्जी उडाइएको छ ।

संविधानमै नभएको मन्त्रिपरिषद्को अध्यक्ष बनेर तथा उपाध्यक्ष बनाएर राजाले संविधानलाई ठाडै मिचेका छन् । राजाले गठन र पुनर्गठन गरेको मन्त्रिपरिषद्को अनुहार देखेर आमनागरिकले राजा कस्तो शासन दिन चाहन्छन् र उनलाई कस्ता मानिसहरूको साथ छ भन्ने वास्तविकता बुझेका छन् । स्वयम् राजावादीहरूको शिर पनि लाजले निहुँरिएको छ र उनीहरू लाचार बनेका छन् ।

एकताका 'स्वच्छ छवि' को राग अलाप्ने राजाले अहिले बैंक ठग, अदालतले ज्यानमारा प्रमाणित गरिसकेका, अदालतमा भ्रष्टाचारको मुद्दा खेपिरहेका, भ्रष्टाचारमा डुबेका, दलबाट निष्कासित र जनाधिकारविहीन सेवकहरूलाई मन्त्रिपरिषद्मा सामेल गरेर दुनियाँका सामु आफ्नो हैसियत प्रस्ट्याएका छन् । पछिल्लो पुनर्गठनमा त झनै जनविरोधी र फटाहाहरूले स्थान पाएका छन् ।

प्रशासनयन्त्रको चरम दबारियाकरण, भ्रष्टाचार, अनियमितता, सत्ताको दुरूपयोग र विधिको शासनको उल्लङ्घन यो शाही सत्ताको विशेषता बनेको छ । आतङ्कवादलाई नियन्त्रण गर्दै शान्तिवहाली गर्ने कुरा गफाडीको गफ बन्न गएको छ । एकपछि अर्को गरी प्रजातान्त्रिक संरचना भत्काउँदै झन् ठूलो स्वरमा प्रजातन्त्रको सुदृढीकरणको भाषण दिनु शासकहरूको चरित्र भएको छ । प्रजातन्त्रका आधार संरचनालाई भत्काउँदै योजनाबद्ध रूपमा निरङ्कुश संरचना निर्माण गर्ने काममा जुटेर तीन वर्ष होइन, वर्षौंसम्म हुकुमी, निरङ्कुश र एकतन्त्रीय शासन लम्ब्याउने सुनियोजित अभियान जारी छ ।

विदेशी मुलुकले प्रजातान्त्रिक आन्दोलनप्रति समर्थन जनाएको आधारमा दरबारियाहरूले राजनीतिक दललाई 'अराष्ट्रिय तत्त्व' घोषणा गर्ने धम्की दिएका छन् । तर, उनीहरूले बुझ्नुपर्छ, विदेशी सहयोग पाउन दलहरूले भन्दा बढी दौडधूप र मिहिनेत राजा स्वयम्ले गरिरहेका छन् । जकार्ता, चीन र कतार राजा केका लागि गएका थिए ? माओवादीलाई शान्तिपूर्ण राजनीतिको मूलधारमा ल्याएर मुलुकमा शान्ति स्थापना गर्न दलहरूले लिएको पहलकदमीबाट त्रसित भएर हिजो कुनै बेला माओवादीसँगै गोप्य मन्त्रणा गर्ने दरबारियाहरूले दलहरूलाई 'आतङ्ककारी' को सूचीमा राख्ने धम्की पनि दिएका छन् । यसबाट हामी आत्तिनुपर्ने कुनै कारण छैन ।

अध्यादेशका भरमा निजामती सेवालाई तहसनहस पारिएको छ । आधा दर्जन सचिवलाई जगेडामा राखिएको छ भने कर्मचारीको सङ्गठित हुन पाउने ट्रेड युनियन अधिकारमाथि बन्देज लगाएर नेपाल निजामती कर्मचारी सङ्गठन खारेजीको घोषणा गरिएको छ । चाकरी, चाप्लुसीलाई प्रश्रय दिँदै लोकसेवा आयोगको सुझावलाई समेत उपेक्षा गरिएको छ । *गोरखापत्र, रेडियो नेपाल, नेपाल टेलिभिजन*मा व्यापक मात्रामा मण्डलेकरण गरिएको छ र तिनको दुरूपयोग गरिएको छ ।

पाठ्यपुस्तकहरूमा राजपरिवारको तस्वीर राख्ने पञ्चायतकालीन परम्परालाई पुनः ब्यूँताइएको छ । राष्ट्रवादी शिक्षाका नाममा स्तुति र व्यक्तिपूजालाई स्थापना गर्न खोजेर सामन्ती र दास संस्कृतिलाई भित्र्याउन खोजिएको छ । त्यसको विरोध गर्ने अनेरास्ववियुका महासचिव ठाकुर गैरेलगायतका विद्यार्थी नेतामाथि मुद्दा लगाइएको छ ।

असंवैधानिक शाही आयोगले कानुनका सर्वमान्य र विश्वव्यापी सिद्धान्तविपरीत राजनीतिक दलका नेता-कार्यकर्तामाथि कारबाही चलाइरहेको छ । अख्तियार दुरूपयोग अनुसन्धान आयोगलाई ओझेलमा पार्ने र उसको भूमिकालाई गौण सावित गर्ने शाही आयोगले पूर्वाग्रह र गोप्य योजनाका आधारमा कारबाही अघि बढाएको सबैले महसुस गरिसकेका छन् । आफैं अभियोग लगाउने, अनुसन्धान गर्ने र निर्णय गर्ने काम गर्ने शाही आयोग प्राकृतिक न्यायको सिद्धान्तविपरीत रहेको छ र यसले विश्वव्यापी न्यायिक मान्यताको खिल्ली उडाएको छ । द्वन्द्वपीडितलाई न्यायसङ्गत रूपले मन्त्रिपरिषद्को निर्णयअनुसार वितरण गरिएको राहतलाई दसैँखर्चको नाममा कुप्रचार गर्ने र सिफारिस गर्ने मन्त्रीहरूलाई तारिखमा बोलाउने तल्लोस्तरको काम यो आयोग गऱ्यो । त्यति मात्र होइन, आफैं सिर्जना गरेको मेलम्ची खानेपानीको प्रवेशमार्ग निर्माणको ठेक्कामा अनियमितता भएको भन्दै पूर्वप्रधानमन्त्री शेरबहादुर देउवा र पूर्वमन्त्री प्रकाशमान सिंहलाई दुई वर्ष कैद र नौ-नौ करोड रुपियाँ जरिवाना गरेको छ । यो निर्णयको देशका सबै राजनीतिक पार्टी, नागरिक समाज, विदेशी राष्ट्र अमेरिका, भारत र स्वयम् दाता एसियाली विकास बैंकले खुलेरै विरोध गरेका छन् ।

राजाले सत्ता सम्हालेयता आर्थिक रूपमा पनि मुलुक जर्जर र कमजोर बनेको छ । अघिल्लो वर्षको तुलनामा चार पार्टीको सरकार हुँदाको छ महिनामा साधारण खर्च स्थिरजस्तै रहेको थियो भने विकासखर्च अघिल्लो वर्षको सोही अवधिको तुलनामा

५२ प्रतिशतले बढेको थियो । आवधिक निक्षेप एवम् लगानी दुवै बढेको थियो । निर्यातमा १४.४ प्रतिशतले वृद्धि भएको थियो भने आयातमा कमी आएको थियो, जसले गर्दा वैदेशिक व्यापारको स्थिति सुधारोन्मुख रहेको थियो । विदेशी सहायता र विदेशी मुद्रा सञ्चिती उत्साहजनक रहेको थियो । बजेट वक्तव्यमा आर्थिक वृद्धिदर ४.५ प्रतिशत हुने अनुमान गरिएकोमा छ महिनाको प्रगतिका आधारमा यस्तो वृद्धिदर चार प्रतिशत रहने अनुमान गरिएको थियो । तर, 'माघ १९' को राजाको निरङ्कुश कदमपछि यी सुधारोन्मुख तथ्याङ्क पनि रोकिए र अर्थतन्त्र ओरालो लाग्न थाल्यो । फलस्वरूप आर्थिक वृद्धिदर दुई प्रतिशतमा सीमित हुन पुग्यो, राजस्व घट्न थाल्यो, विकासका काम ठप्पप्रायः हुनपुगे । सम्झौता गरेको विदेशी सहायता रोकियो, रेमिट्यान्सबाट आउने रकम पनि कम हुन थाल्यो । घरेलु पुँजी पनि असुरक्षाका कारण विदेश पलायन हुन थाल्यो ।

यो अवधिमा राजाको भाषण गर्ने चाहना पूरा भएको छ । मन्त्रिपरिषद्को अध्यक्षका हैसियतले उनी विदशी मञ्चहरूमा उपस्थित भए । छ महिनामा उनी आफ्नो पक्षमा समर्थन जुटाउन जकार्ता, चीन, सिङ्गापुर र दोहा पुगे । नेपालमा झैँ त्यहाँ पनि उनले पार्टीहरूमाथि गालीगलौज गर्न छाडेनन् । उनको पदचिन्हलाई तत्कालीन प्रधानन्यायाधीश र मानवअधिकार आयोगका अध्यक्षले पनि पछ्याए । राजाको भ्रमण उपलब्धिविहीन सावित भए पनि उनका नोकरचाकरहरू भने त्यसलाई उपलब्धिमूलक भनेर प्रचार गर्न चुकेनन् । तर, उनको भ्रमण कस्तो भएछ भन्ने त दोहा भ्रमणका बेला दिएको वक्तव्यले स्पष्ट पार्दछ । उनले 'अन्तर्राष्ट्रिय समुदायले खालि प्रजातन्त्र र मानवअधिकारको कुरा गरी आतङ्कवादविरोधी लडाइँलाई महत्त्व नदिएको र आफ्नो कदममा साथ नदिएको' मा आफू 'निरास' भएको भाषण गरे ।

राजाको प्रत्यक्ष शासनका छ महिना नेपाली इतिहासका काला दिनका रूपमा रूपान्तरण भएका छन् । कुनै क्षेत्रमा एउटा पनि उल्लेखनीय काम गर्न नसकेको राजाको सरकार निकम्मा, नालायक र पङ्गु सावित भएको छ । यो अवधिमा राजा स्वयम्को सीप, क्षमता र कार्यदक्षता पनि जनसमक्ष आएको छ । सर्वत्र मण्डलेकरण, जताजतै निरङ्कुशताको विस्तार र दलीय व्यवस्थाको धज्जी उडाउनेबाहेक उनले केही गर्न सकेनन् । यो अवधिमा राजनीतिक द्वन्द्व झन् जटिल बनेको मात्र छैन, त्यसले नयाँनयाँ आयामहरू थप्दै गएको छ । शाही निरङ्कुशता जति धेरै दिन रहन्छ, त्यो हामी नेपालीहरूको दुर्भाग्य, राष्ट्रिय अपमान र अभिशाप हुँदै जानेछ । त्यसैले निरङ्कुश शाही सत्ता समाप्त गरी पूर्ण प्रजातन्त्र स्थापना गर्नु हाम्रो अहिलेको प्रमुख कार्यभार बनेको छ । निरङ्कुशताको अन्त्यका लागि मुलुकका सबै जनतालाई आन्दोलनको वरिपरि गोलबन्द गर्नु अहिले पार्टीपङ्क्तिको अहम् दायित्व बनेको छ ।

# 'माओवादी समस्या' को शान्तिपूर्ण राजनीतिक समाधान

## वामदेव गौतम

**ने** कपा (माओवादी) का तर्फबाट विगत १० वर्षदेखि जारी हिंसात्मक द्वन्द्व र गत साल 'माघ १९' को राजाको प्रतिगामी कदमबाट सिङ्गो मुलुक यतिबेला द्वन्द्वग्रस्त, घायल र विकराल बन्न पुगेको छ । अहिले नेपाली जनता यिनै दुई अतिवादी शक्तिको दोहोरो मारमा परेका छन् । त्यही भएर राजाको निरङ्कुशतालाई पराजित गरी प्रजातन्त्र पुनःस्थापना गर्नु र माओवादी युद्धको अन्त गरी शान्ति स्थापना गर्नु मुलुक र नेपाली जनताका लागि यतिबेला प्रमुख अभिभारा बनेका छन् ।

नेपाल कम्युनिस्ट पार्टी (एमाले) मुलुकको एक जिम्मेवार राजनीतिक पार्टीका नाताले मुलुक र जनतामाथि थोपरिएका यी दुवै समस्या समाधान गर्न सुरुदेखि नै क्रियाशील रहेको छ । 'माओवादी समस्या' को शान्तिपूर्ण राजनीतिक समाधानका निम्ति पार्टीले अगाडि ल्याएको नौ बुँदे राजनीतिक प्रस्ताव त्यसको एउटा ज्वलन्त उदाहरण हो । राजाको प्रतिगमनका विरुद्ध २०५९ असोज १८ देखि प्रजातन्त्र पुनःस्थापनाको विषयलाई लिएर सङ्घर्ष, संवाद र सहमतिका अनेकौँ प्रयत्नहरू पार्टीबाट भएका हुन् । राजाको निरङ्कुश हुने महत्त्वाकाङ्क्षाको पछिल्लो घटनाका रूपमा आएको 'माघ १९' को निरङ्कुश कदमका विरुद्ध सात पार्टीसित मिलेर अहिले पनि पार्टी सङ्घर्षरत छ । पूर्ण प्रजातन्त्र प्राप्तिको आन्दोलनमा सामेल प्रमुख सात प्रजातन्त्रवादी राजनीतिक पार्टीभित्रको एक प्रमुख घटकको रूपमा यो पार्टीले आफ्नो भूमिका अझ प्रस्ट रूपमा उजागर गरेको छ । अहिले बदलिएको मुलुकको राजनीतिक परिस्थितिमा 'माओवादी समस्या' को शान्तिपूर्ण समाधानका सन्दर्भमा पार्टीले लिनुपर्ने नीति पनि परिवर्तन र परिमार्जन गर्नु बाञ्छनीय रहेको छ ।

'नोकरसित होइन, मालिकसित' वार्ता गर्ने माओवादीका घातक विचारका बाबजुद 'माघ १९' पछि राजाले माओवादीसित वार्ता नगरी युद्धको व्यवहार गरेपछि ऊ आफ्ना नीति र विचारहरू परिवर्तन गर्न बाध्य भएको देखिएको छ । राज्यद्वारा युद्धविराम र शान्तिवार्ताको तत्काल पहल हुने पनि कुनै सम्भावना छैन । यस्तो अवस्थामा मुलुक भयङ्कर गृहयुद्धको चपेटामा पर्नु अत्यन्त स्वाभाविक देखिन्छ । युद्धले थप हजारौँ नेपालीको बलिदान निम्त्याउने निश्चित छ । यो अवस्था राष्ट्रका लागि अत्यन्त दुर्भाग्यपूर्ण हुने कुरामा कुनै शङ्का छैन । त्यसैले जिम्मेवार प्रजातन्त्रवादी राजनीतिक पार्टीहरूले मुलुकलाई यो अवस्थाबाट छिटोभन्दा छिटो मुक्त गर्नु अपरिहार्य बनेको छ । यसका लागि निरङ्कुश राजतन्त्रको अन्त्य र पूर्ण प्रजातन्त्रको प्राप्तिका लागि सञ्चालित आन्दोलनलाई युद्धको अन्त्य र शान्ति स्थापनासम्म विस्तार गर्नु अनिवार्य भएको छ ।

मुलुकमा स्थापित बहुदलीय प्रजातान्त्रिक व्यवस्था समाप्त गरी अतिदक्षिणपन्थी प्रतिगामी र निरङ्कुश बाटोमा राजा लागेपछि माओवादी समस्यको शान्तिपूर्ण राजनीतिक निकासको निम्ति राजासहितको राष्ट्रिय सहमति तत्कालका लागि पूर्ण रूपमा अवरुद्ध भएको छ । राजाको यही कदमले मुलुकका अन्य समस्या समाधान गर्न सम्पूर्ण संवैधानिक प्रजातन्त्रवादी राजनीतिक पार्टीहरूसँग राजाको सहकार्यको अवस्था पनि समाप्त भएको छ । राज्यसत्ता निरङ्कुशतावादीका हातमा केन्द्रित भएका बखत प्रजातन्त्रवादी पार्टीहरूले राज्यका तर्फबाट न त माओवादीसित वार्ता नै गर्न सक्दछन न उसलाई हतियार बिसाउने वातावरणको सुनिश्चितता नै प्रदान गर्न सक्छन् ।

मुलुकमा उत्पन्न कुनै पनि समस्या समाधानमा जनतालाई संवैधानिक र प्रजातान्त्रिक प्रक्रियाको माध्यमबाट सामेल गर्नुको बदला राजाको नेतृत्वको सरकार सिङ्गो मुलुकलाई सैनिकीकरण गर्ने र युद्ध थोपर्ने काममा उद्दत भएर लागिरहेको छ। राजा हरक्षेत्रमा मण्डलेकरण गर्न निर्लिप्त भएका छन् र एकपछि अर्को निरङ्कुशताको साङ्लो कसिरहेका छन्। राजाका यी सबै व्यवहारबाट के साबित हुन्छ भने उनी न त १० वर्षदेखिको युद्धलाई इमानदारीका साथ अन्त गर्न चाहन्छन्, न भ्रष्टाचारमुक्त सुशासनयुक्त प्रजातन्त्र स्थापना गर्न नै। आतङ्कवाद निर्मूल गर्ने नाममा प्रजातन्त्र समाप्त गरेर राजा मध्ययुगीन निरङ्कुश हुकुमी शासन लागू गर्न मात्र चाहन्छन्। यस्तो अवस्थामा मुलुकका संवैधानिक प्रजातन्त्रवादी राजनीतिक पार्टीहरूको प्रतिनिधिमूलक समूह सात पार्टीका अगाडि राजाको निरङ्कुशताका विरुद्ध पूर्ण प्रजातन्त्र प्राप्तिका निम्ति सङ्घर्ष गर्दै 'माओवादी समस्या' को शान्तिपूर्ण राजनीतिक सामाधानसम्बन्धी सामग्रिक योजनासहित नेकपा (माओवादी) सित शान्तिवार्तामा सामेल हुनुबाहेक अर्को कुनै सही विकल्प छैन। शासक र विद्रोही दुबै अतिवादी शक्तिमा रूपान्तरित भएका बेला प्रजातान्त्रिक शक्ति झन् ज्यादा जिम्मेवार भई मुलुकको जटिल परिस्थितिको निकास खोज्नुपर्दछ। यो जिम्मेवारी पूरा गर्न र समस्याहरूको शान्तिपूर्ण राजनीतिक निकास दिने काम भने त्यति सहज छैन। तर, जति जटिल र असहज भए पनि यो अभिभारा पूरा गर्ने काम प्रजातान्त्रिक पार्टीहरूले नै गर्नुपर्दछ।

प्रजातन्त्र पुनःस्थापना गर्ने नेपाली जनताको आन्दोलन, माओवादीको हिंसात्मक युद्ध र राजाको निरङ्कुश प्रतियुद्धको वास्तविकतालाई अहिले अन्तर्राष्ट्रिय समुदायले चासोका साथ नजिकबाट नियालिरहेका छन्। प्रजातन्त्र पुनःस्थापनाका लागि कायम सात पार्टीको एकता र यसको नेतृत्वमा सञ्चालित आन्दोलनप्रति अन्तर्राष्ट्रिय समुदायहरूबाट अभूतपूर्व ऐक्यबद्धता र नैतिक समर्थन प्राप्त भइरहेको छ। राजा झन्झन् निरङ्कुश बनिरहेको र माओवादी नियन्त्रण गर्ने नाममा घोर दक्षिणपन्थी युद्ध अरू थोपर्ने काममा उद्देश्यमूलक ढङ्गबाट लागिरहेको अवस्थामा अन्तर्राष्ट्रिय समुदायको समेत सहयोग लिएर 'माओवादी समस्या' को शान्तिपूर्ण राजनीतिक समाधानका लागि आफ्ना प्रयत्नहरूलाई घनिभूत गर्नु अति नै सामयिक देखिन्छ। यसका लागि संयुक्त राष्ट्रसङ्घ अथवा यसको संयोजनमा अरू कुनै अन्तर्राष्ट्रिय संस्थाको मध्यस्थता सुरुदेखि नै कायम गर्नु उचित हुनेछ। यसबाट जनतामा विश्वसनीयता कायम गराउन र शान्तिपूर्ण अवतरणको अवस्थामा माओवादी हतियारको समस्या पनि समाधान गर्न सकिनेछ। यो ऐतिहासिक कामबाट एकैपटक दुई परिणाम प्राप्त हुनेछन्। एक, संवैधानिक प्रजातन्त्रवादी पार्टीहरूले माओवादी समस्या समाधान गर्न सक्दैनन् भन्ने राजाको आरोप खण्डित हुनेछ। दुई, निरङ्कुश राजतन्त्र माओवादी समस्यालगायत मुलुकका जल्दाबल्दा समस्या समाधान गर्न तयार छैन भन्ने कुरा आमनेपाली जनता र अन्तर्राष्ट्रिय समुदायमा पुग्नेछ। परिणामस्वरूप निरङ्कुशताविरोधी चालू जनआन्दोलनले थप ऊर्जा प्राप्त गर्न सक्नेछ। त्यसैले बदलिएको आजको परिस्थितिमा नेकपा (एमाले) 'माओवादी समस्या' को शान्तिपूर्ण राजनीतिक समाधानसम्बन्धी आफ्नो प्रस्तावलाई परिमार्जित रूपमा निम्नानुसार प्रस्तुत गर्दछ :

१. 'माओवादी समस्या' को शान्तिपूर्ण राजनीतिक समाधानसम्बन्धी सामग्रिक योजना तर्जुमा गर्ने सन्दर्भमा संयुक्त राष्ट्रसङ्घ अथवा अन्य विश्वसनीय अन्तर्राष्ट्रिय समुदायको मध्यस्थतामा सात राजनीतिक पार्टी र नेकपा (माओवादी) का प्रतिनिधिहरूबीच शान्तिवार्ता सुरु गरिनुपर्दछ। वार्ताका निष्कर्षहरू मुलुकभित्र र बाहिर एकैचोटि सार्वजनिक गरिनुपर्दछ।

२. सशक्त जनआन्दोलनको दबाब र अन्तर्राष्ट्रिय समुदायको समर्थनमा प्रतिनिधिसभाको पुनःस्थापना गरी नेपालको संविधान, ०४७ मा आवश्यक संशोधन गरिनुपर्दछ र माओवादीसहित सात आन्दोलनकारी पार्टीहरूको अन्तरिम सरकार घोषणा गरिनुपर्दछ।

३. संयुक्त राष्ट्रसङ्घ अथवा अन्तर्राष्ट्रिय समुदायको मध्यस्थतामा सुरुमै माओवादी फौज र हतियारको परस्पर विश्वसनीय र सम्मानजनक व्यवस्थापन गरिने एक योजनामा सहमत हुनुपर्दछ।

४. संयुक्त राष्ट्रसङ्घ र अन्तर्राष्ट्रिय समुदायको अनुगमन र सुपरीवेक्षण तथा संयुक्त सरकारको संयोजनमा प्रतिस्पर्धात्मक बहुदलीय प्रजातान्त्रिक प्रणालीको आधारमा संविधानसभाको निर्वाचनबाट जनतामा निहित सार्वभौमसत्ता  बहुदलीय प्रजातन्त्रको सुनिश्चिततासहितको नयाँ संविधान निर्माण गरी घोषणा गरिनुपर्दछ।

५. नयाँ संविधान घोषणापछि संविधानसभा प्रतिनिधिसभामा रूपान्तरण हुने व्यवस्था गरिनुपर्दछ। नयाँ प्रतिनिधिसभाले संविधानबमोजिम नयाँ सरकार निर्माण गर्नुपर्दछ र सोही सरकारलाई संयुक्त सरकारले सत्ता हस्तान्तरण गरी आफू स्वतः भङ्ग हुनुपर्दछ।

६. नयाँ सरकारले सर्वप्रथम द्वन्द्वपीडितहरूलाई आवश्यक र सम्मानजनक क्षतिपूर्ति दिनुका साथै विस्थापितहरूलाई सम्बन्धित क्षेत्रमा पुनःस्थापित गर्नुपर्दछ।

७. संविधानबमोजिम राजनीतिक, सामाजिक र आर्थिक क्षेत्रमा रहेका सामन्तवादका अवशेषहरूलाई सम्पूर्ण रूपले समाप्त गरी प्रतिगमनका आधारहरू ध्वस्त गरिनुपर्दछ। प्रतिस्पर्धात्मक बहुदलीय प्रजातान्त्रिक व्यवस्थालाई फेरि कसैले अपहरण गर्न नसक्ने गरी सुदृढ गरिनुपर्दछ। नेपाली जनतालाई वास्तविक रूपमा सार्वभौमसत्ता सम्पन्न बनाइनुपर्दछ। हर क्षेत्रमा जनताको निर्णय सर्वोपरि हुने व्यवस्था गरिनुपर्दछ। राष्ट्रियस्तरका समस्याहरूको समाधान गर्न संविधानमा जनमतसङ्ग्रहको व्यवस्था गरिनुपर्दछ।

'माओवादी समस्या' को शान्तिपूर्ण राजनीतिक समाधानसम्बन्धी उपरोक्त परिमार्जित प्रस्ताव राजाको निरङ्कुशतन्त्रका विरुद्ध पूर्ण प्रजातन्त्र प्राप्तिका निम्ति आज नेपाली जनताले सञ्चालन गरेको आन्दोलनको तर्कयुक्त निष्कर्ष पनि हो। यसैबीच राजाको निरङ्कुशतन्त्रका विरुद्ध आन्दोलनरत सात पार्टी र नेकपा (माओवादी) बीचको सहकार्यको विषयले राजनीतिक वृत्तमा चर्चा पाएको छ। अझ केही समय पहिले नेकपा (माओवादी) का अध्यक्ष प्रचण्डले सात पार्टीसित औपचारिक वार्ताको प्रस्ताव राखेपछि यो झन् चर्चा, बहस र छलफलको विषय बन्न पुगेको छ। माओवादी पार्टीको निरङ्कुशताविरोधी प्रस्तावप्रति आन्दोलनरत सात पार्टीले आफ्नो दृष्टिकोण सार्वजनिक गर्नु समयोचित नै थियो। पूर्ण प्रजातन्त्र प्राप्तिका निम्ति समग्र पक्षमा छलफल गर्न माओवादी पार्टीले सात पार्टीसित वार्ताको प्रस्ताव गर्नु आफैँमा सकारात्मक हो। जहाँसम्म राजाको निरङ्कुशतन्त्रका विरुद्ध माओवादीसित सहकार्यको प्रस्ताव छ- यो विषयका धेरै पक्षमा देखिएका जटिलताहरूको उद्घाटन नगरीकन एउटा निष्कर्षमा पुग्न भने सकिने स्थिति छैन। किनभने, माओवादी वर्ग सङ्घर्षको प्रमुख रूप सशस्त्र सङ्घर्षलाई मान्दछ तर सात पार्टी शान्तिपूर्ण जनआन्दोलनलाई नै वर्ग सङ्घर्षको प्रमुख रूप मान्दछन्। माओवादीहरू आफूसित असहमत राजनीतिक पार्टीका नेता, कार्यकर्ताको हत्या, अपहरण, सम्पत्तिहरण र भौतिक कारबाहीको पराकाष्टामा पुगेका छन् भने सात पार्टी माओवादीका यी सबै हर्कतहरूको भण्डाफोर गर्दै यिनको पूर्णतया अन्त चाहन्छन्। माओवादी लडाकूहरू वैचारिक प्रतिस्पर्धा होइन, बन्दुकको बल नै जहाँतहीँ प्रयोग गर्दछन् भने सात पार्टी स्वतन्त्र, प्रतिस्पर्धा, पहलकदमी र प्रजातान्त्रिक अभ्यासमा विश्वास गर्दछन्। माओवादी विकास निर्माणको ध्वंसमा लागिरहेका छन् भने सात पार्टी विकासका पूर्वाधारहरूको रक्षामा लागेका छन्। माओवादीका यस्ता व्यवहारले राजाको निरङ्कुशतन्त्रलाई बिर्साउने काम गरेका पनि छन्। माओवादी अध्यक्ष प्रचण्डको आत्मालोचना,

माफी र आफ्ना लडाकूहरूलाई दिएको निर्देशनपछि पनि बारबार घटिरहेका घटनाले माओवादीका बोली र व्यवहारमा धेरै भिन्नता रहेको प्रस्ट छ। यस्तो अवस्थामा माओवादीका यी सबै नीति र व्यवहार नसच्याइए सात पार्टीसित तत्काल सहकार्य हुने अवस्था देखिन्न। चालू आन्दोलनमा तत्काल सहकार्य सम्भव नभए पनि कुनै न कुनै किसिमले सात पार्टी सामूहिक अथवा द्विपक्षीय वार्तामा जानु राष्ट्र र जनताको हितमा छ। किनभने, वार्ताको माध्यमबाट नै माओवादीका गल्ती-कमजोरीलाई हटाउन सकिनेछ। उनीहरूलाई सच्याउन र शान्तिपूर्ण आन्दोलनको मूलप्रवाहमा ल्याउन सकारात्मक भूमिका खेल्न सकिनेछ। वार्ताबाट नै हत्या, हिंसा, युद्ध र विध्वंसका समस्यालाई समाधान गर्न एउटा सम्मानजनक निष्कर्षमा पुग्न सकिनेछ। यसले माओवादी पार्टीलाई एउटा प्रजातान्त्रिक राजनीतिक पार्टीको रूपमा परिवर्तन गर्दै सात पार्टीसित सहकार्यको अवस्थामा पुऱ्याउन पनि सकिनेछ।

माओवादीसित नेकपा (एमाले) का पनि गम्भीर प्रकृतिका मतभिन्नताहरू छन्। ती सबै मतभिन्नताहरू आजै हल गर्न सकिन्न र सम्भावना पनि छैन। तर, एमालेले माओवादी समस्यालाई राजनीतिक रूपमा नै हल गर्नुपर्दछ भन्ने मान्यता विगतदेखि नै निरन्तर रूपमा राख्दै आएको छ। माओवादीबाट दुई सय निर्दोष नेता र कार्यकर्ताहरूको नृशंसतापूर्वक हत्या र अन्य प्रकारका ज्यादतीका बाबजुद आज पनि नेकपा (एमाले) 'माओवादी समस्या' को राजनीतिक समाधानमै जानुपर्दछ भन्ने अडान राख्दछ। माओवादीका आजसम्मका व्यवहार अत्यन्त अविश्वसनीय रहेका छन्। विश्वासको वातावरण निर्माण नगरी अविश्वासको अवस्था समाप्त हुन सक्दैन। नेकपा (एमाले) राजाको घोर निरङ्कुशतन्त्रको आजको अवस्थामा सम्पूर्ण प्रजातन्त्रवादीहरूको प्रहार निरङ्कुशतन्त्रमाथि नै केन्द्रित हुनुपर्दछ भन्नेमा अत्यन्त सजक रहेको छ। तर, नेकपा (माओवादी) ले नेपालका आन्दोलनकारी राजनीतिक पार्टीहरू र अन्तर्राष्ट्रिय समुदायका बीच प्रजातन्त्रवादी राजनीतिक पार्टीका रूपमा आफूलाई स्थापित गर्न विश्वासको वातावरण निर्माण गर्न अति जरुरी छ। राजनीतिमा स्थायी शत्रु र मित्र हुँदैन। यो त परिस्थितिजन्य विषय हो। आज परिस्थिति बदलिएको छ। तदनुरूप नै सबै राजनीतिक शक्तिहरू प्रस्तुत हुनुपर्दछ। यसै क्रममा माओवादीले पनि आफ्नो भूमिका नयाँ किसिमले उजागर गर्न आफ्ना कतिपय नीति, विचार र व्यवहारमा परिवर्तन गर्न जरुरी छ। नेकपा (एमाले) ले माओवादी पार्टीलाई विरोध, आलोचना र सुझावहरू राख्न सक्दछ। यसले विगतमा पनि यसै गर्दै आएको थियो। यसपटक पनि यो पार्टी माओवादीसमक्ष आफ्ना सुझावहरू प्रस्तुत गर्दछ। यी सुझावहरू प्रजातन्त्रवादी पार्टीहरूसित सम्बन्ध सुधार गर्न पनि कारगर साधन बन्न सक्दछन् भन्ने यथार्थलाई माओवादी पार्टीले बुझ्नुपर्दछ। सात प्रजातन्त्रवादी राजनीतिक पार्टीहरूसित अब भविष्यमा कस्तो सम्बन्ध कायम हुनेछ भन्ने कुरा पनि नेकपा (माओवादी) का संस्थागत आधारमा गरिएका निर्णयहरू र तिनको व्यावहारिक कार्यान्वयनले प्रस्ट पार्नेछन्। त्यसका लागि नेकपा (माओवादी) ले निम्नलिखित विषयहरूमा पार्टीको संस्थागत प्रतिबद्धता र सकारात्मक व्यवहारको उदाहरण प्रस्तुत गर्न जरुरी छ :

१. मुलुकमा कायम निरङ्कुश राजतन्त्रको अन्त्य र पूर्ण प्रजातन्त्र प्राप्तिका निम्ति सम्पूर्ण प्रजातन्त्रवादी शक्तिका बीच साझा सहमतिका आधारमा एकता आजको अपरिहार्य आवश्यकता हो। यस्तो एकताका निम्ति आ-आफ्नो तर्फबाट अधिकतम् प्रयत्न जारी राख्नुपर्दछ।

२. मुलुकमा १० वर्षदेखि जारी युद्धको अन्त्य गरी स्थायी शान्ति कायम गर्न परस्पर सम्मानजनक अग्रगामी राजनीतिक निकासमा पुग्न जरुरी छ। त्यसका निम्ति विश्वासयोग्य मध्यस्थता, युद्धविराम र शान्तिवार्ताद्वारा हतियारको स्थगन तथा निसर्त संविधानसभाको निर्वाचनको आयोजना आजको आवश्यकता हो। यस्तो अवस्थामा नेकपा (माओवादी) ले शान्तिपूर्ण जनआन्दोलनलाई आफ्नो सङ्घर्षको मुख्य रूप मान्न तयार हुनुपर्दछ।

३. जनतामा निहित सार्वभौमसत्ता र जनप्रतिनिधि संस्थाद्वारा त्यसको प्रयोग गर्ने व्यवस्थाको पक्षपोषण, मौलिक अधिकार र मानवअधिकारको प्रत्याभूति, एकदलीयलगायत कुनै पनि निरङ्कुशतन्त्रको विरोध र प्रतिस्पर्धात्मक बहुदलीय प्रजातान्त्रिक शासन प्रणालीको स्थापनाप्रतिको प्रतिबद्धता राष्ट्रको आवश्यकता हो। नेकपा (माओवादी) सैद्धान्तिक र व्यावहारिक रूपले यसलाई आफ्नो आचरण बनाउन सङ्कल्पबद्ध हुनुपर्दछ।

४. व्यक्तिहत्या सैद्धान्तिक र व्यावहारिक रूपले गलत हो र अब आइन्दा कुनै पनि राजनीतिक कार्यकर्ताको हत्या र अपहरण गरिनु हुँदैन। यस्तो गरिएमा सामाजिक अपराधीका रूपमा सम्बन्धित व्यक्तिमाथि सार्वजनिक कारबाही गरिनुपर्दछ। कुनै पनि निर्दोष र निःशस्त्र व्यक्तिको हत्या गरिनुहुँदैन र प्रत्येक व्यक्तिको बाँच्न पाउने अधिकारको संरक्षण गरिनुपर्दछ भन्ने कुराको प्रत्याभूति हुनुपर्दछ।

५. निरङ्कुश राजतन्त्रको विरोध गर्दै पूर्ण प्रजातन्त्र प्राप्तिका निम्ति सङ्घर्षरत सबै राजनीतिक पार्टीहरूलाई निर्बाध राजनीतिक गतिविधि गर्न छुट दिइनुपर्दछ। यस सन्दर्भमा माओवादी पार्टीको आलोचना र विरोधलाई पनि सम्मान गर्नु पर्दछ। द्वन्द्व पीडितलाई उचित क्षतिपूर्ति र विस्थापितहरूलाई उनीहरूको आफ्नो घर परिवारमा पुनर्स्थापित गरी सक्दो मानवीय सहयोगसमेत गरिनुपर्दछ।

६. कुनै पनि व्यक्तिलाई गायब गर्ने, जबरजस्ती चन्दा असुल्ने, औचित्यहीन तरिकाले कसैबाट आर्थिक तथा जिन्सी सहयोग जबर्जस्ती लिने काम तत्काल अन्त गर्नुपर्दछ। दोषीमाथि गरिने कारबाहीको भागिदार परिवारका अरू कसैलाई बनाइनुहुँदैन।

७. संयुक्त राष्ट्रसङ्घ, मानवअधिकार उच्चायुक्तद्वारा मनोनीत मानवअधिकार निकाय र मुलुकभित्रै कार्यरत अन्य मानवअधिकार सङ्गठनलाई आजसम्म घटेका मानवअधिकारसम्बन्धी घटनाहरूको निष्पक्ष छानबिन गर्न लगाई त्यसको प्रतिवेदनप्रति जवाफदेही लिनुपर्दछ। मानवअधिकार रक्षाका सम्बन्धमा पार्टी पङ्क्तिलाई प्रशिक्षित गराइनुपर्दछ।

८. ०६१ माघ १९ को राजाको निरङ्कुशतावादी कदमको विरोध गर्दै प्रजातन्त्र पुनःस्थापनाका पक्षमा खडा भएका कुनै पनि अन्तर्राष्ट्रिय संस्था र देशका सरकारलाई उनीहरू प्रजातन्त्र पुनःस्थापनाका पक्षमा रहँदासम्म मित्रशक्तिका रूपमा सम्मान गर्नुपर्दछ। उनीहरूद्वारा आगामी दिनमा शत्रुतापूर्ण व्यवहार नहुँदासम्म माओवादी पक्षबाट शत्रुतापूर्ण व्यवहार गरिनुहुँदैन।

# विपन्न वर्गको आँखामा शाही बजेट

**माझाघरे विके**

आर्थिक वर्ष २०६२/६३ को शाही बजेट पनि विकासे फूलबुट्टाले भरिभराउ देखिन्छ । 'जनताको चाहनामा आधारित', 'जनसहभागिता', 'विकेन्द्रीकरण', 'समावेशी समाज', 'सकारात्मक विभेद', 'सक्षम प्रशासन', 'भ्रष्टाचारविरुद्ध कारबाही', 'साझेदारी अवधारणा' जस्ता शब्दहरू बजेट भाषणमा छन् । यी शब्दहरू बजेट भाषणमा रणनीतिको रूपमा राखिएका छन् । यसको अलावा 'शान्ति र विकासका लागि अनुकूल वातावरण', 'जनप्रतिनिधिमूलक संस्थाहरूको निर्वाचन', 'आर्थिक सुधार', 'निजी क्षेत्रको प्रबर्द्धन' र 'कर्णाली क्षेत्रको सर्वपक्षीय विकास गर्ने' जस्ता शब्दजालको चयन बजेटका नीतिका रूपमा प्रस्तुत गरिएका छन् ।

जतिसुकै विकासे फूलबुट्टा भरेर जनतालाई झुक्याउन खोजिए पनि गरिब, निमुखा तथा विपन्न वर्गहरूले बजेटबाट के पाएका छन् भन्ने कुराको सूक्ष्म रूपले विश्लेषण गर्ने हो भने यो बजेट खासखास वर्गको हितलाई ध्यानमा राखेर बनाइएको छ भन्ने कुरा प्रतीत हुन्छ । दरबारका हुक्के, बैठके र भारदारहरूको इसारामा बनाइएको यो बजेटले द्वन्द्वको मारमा परेका ग्रामीण क्षेत्रका विपन्न वर्गलाई पूरै उपेक्षित गरेको देखिन्छ । त्यसका केही उदाहरणहरू यहाँ प्रस्तुत गरिएको छ ।

दसौँ योजनाले तय गरेका चारवटा खम्बामध्ये विपन्न वर्गलाई लक्षित गरिएको एक खम्बासम्बन्धी कार्यक्रमका लागि एक सय २६ अर्बको बजेटमा केवल तीन अर्ब १७ करोड रुपियाँ (जुन जम्मा बजेटको २.५ प्रतिशत हुन आउँछ) विनियोजन गरिनुले यो बजेट कति गरिबमुखी छ भन्ने कुरा प्रस्ट हुन्छ । स्मरण रहोस्, दसौँ योजनाको मुख्य लक्ष्य नै गरिबी न्यूनीकरण हो, जसका लागि लक्षित कार्यक्रममा विनियोजित बजेटको महत्त्वपूर्ण भूमिका रहन्छ ।

खासमा भन्ने हो भने बजेटको स्वरूप आफैँमा झूठको खेतीले भरिपूर्ण छ । विकास निर्माणका लागि कमसेकम एक तिहाई बजेट रकम देखाउनका लागि मात्र एक सय २६ अर्बको बजेट देखाइएको छ । खासमा यो साइजको रकम जुट्न अहिलेको राजनीतिक अवस्था रहुन्जेल असम्भवजस्तै छ । 'माघ १९' पछि आएका दातृ संस्थाका प्रतिक्रिया तथा विगत पाँच महिनामा भएका वैदेशिक सहयोगसम्बन्धी प्रतिबद्धतालाई हेर्ने हो भने बजेट भाषणमा राखिएको ३३ अर्बबराबरको वैदेशिक सहायता 'मनका लड्डु घिऊसित खानु' मात्र हो । त्यो ३३ अर्बलाई बजेटमा नराख्दा कुल बजेटको अङ्क केवल ९४ अर्ब हुन आउँछ । यो हिसावमा ऋणको साँवाब्याजको भुक्तानी गर्नुपर्ने १४ अर्बसमेत बजेटमा राख्दा हालको ७४.८ अर्बको प्रशासनिक बजेट कुल बजेटको ५९ प्रतिशत मात्र नभएर खास बजेट ९४ अर्बको ८० प्रतिशत हुन आउँछ । यसरी हेर्दा सुरक्षा खर्चमा छुट्याइएको बजेट कुल बजेटको १५ प्रतिशत नभएर २० प्रतिशत हुन आउँछ । ८०-८० प्रतिशत प्रशासनिक खर्च भएको बजेट देखाउन लाजमर्दो हुने भएर होला बजेटको स्वरूप चलाखीपूर्ण ढङ्गले ठूलो बनाइएको हो ।

विकासतर्फको बजेटको आकडा र बाँडफाँटको स्थितिको विवेचना पनि गर्नलायकको छ । वैदेशिक सहयोगबिनाको विकासका लगि छुट्टयाइएको बजेटको अङ्क हेर्ने हो भने यो खासमा केवल चार अर्ब मात्र हुन्छ । जुन खास खर्च हुने ९४ अर्ब कुल बजेटको केवल पाँच प्रतिशत हुन आउँछ । यस अर्थमा, विकासे आँखाबाट आव ०६२।६३ को बजेटको विश्लेषण गर्नु नै बेकार छ । यो बजेट केवल कर्मचारीलाई लिउचिऊ तलव खुवाउने र सुरक्षा निकायका लागि बम, वारुद खरिद गर्न लगाई नेपाली जनतालाई थप विनासमा होम्नेबाहेक केही हुनै सक्दैन । १५ अर्ब घाटा अनुमान गरी ३३ अर्बको वैदेशिक सहयोगको आशालाई भरोसा ठानी विकासतर्फको बजेटको विश्लेषण गर्ने हो भने पनि गरिबको पक्षबाट हेर्दा बजेट अत्यन्तै निरासाजनक देखिन्छ ।

कृषि, स्वास्थ्य, ग्रामीण पूर्वाधार, शिक्षा, महिला तथा बालबालिकाजस्ता क्षेत्रमा गत आवको तुलनामा बढी बजेट विनियोजन गरेर जनतालाई रनभुल्लमा पार्ने चेष्टा गरिएको छ । बढाइएको भनेको विनियोजित रकम कि घाटा बजेटबाट पुर्ताल गर्न सक्नुपर्छ कि प्रतिबद्ध नभएका दातृ संस्थाहरूलाई राजी पारेर दुई-चार महिनाभित्र वैदेशिक सहयोग जुटाउन सक्नुपर्छ । यो गर्न राजनीतिक समीकरण र सोअनुसारको परिदृश्यमा परिवर्तन नआई सम्भवै देखिँदैन ।

झलक्क हेर्दा र सुन्दा बजेट भाषणमा लेखिएका अङ्क र गत आवको तुलनामा बढेको विनियोजित बजेटका क्षेत्र आकर्षक देखिन्छन् । गत आवको तुलनामा कृषिमा ६१ प्रतिशत, स्वास्थ्यमा ५१ प्रतिशत, ग्रामीण पूर्वाधारमा ४३ प्रतिशत, शिक्षामा ३१ प्रतिशत र महिला तथा बालबालिकाका क्षेत्रमा २५ प्रतिशत बजेट वृद्धि गरिएको छ । खर्चै गर्नुनपर्ने बजेटको प्रतिशत जति बढाए पनि त्यसको माने के हुन्छ- सबैले बुझ्नसक्ने विषय हो । बुझ्नुपर्ने गाँठी कुराचाहिँ के हो भने यी बजेट भाषणका अङ्कको कति प्रतिशत रकम गरिब तथा विपन्नको घरघरमा पुग्छ होला ? केही उदाहरणहरू तल प्रस्तुत गरिएका छन् :

कृषि क्षेत्रलाई छुट्याइएको झन्डै चार अर्बको बजेटमा ५० हजार विपन्न परिवारलाई भनेर केवल २३ करोड रकम विनियोजन गरिएको छ । जुन कृषि क्षेत्रको बजेटको केवल छ प्रतिशत भन्दा पनि कम हो । यसरी हेर्दा कृषि क्षेत्रको बाँकी ९४ प्रतिशत बजेट कहाँ र कुन वर्गका लागि विनियोजित गरिएको छ, यो विचारणीय पक्ष हो । स्मरण रहोस्, राजदरबारका लागि छुट्याइएको ३५ करोडको बजेट ५० हजार विपन्न परिवारलाई छुट्याइएको बजेटभन्दा एक सय ३४ प्रतिशत ज्यादा छ ।

यसैगरी, गरिबप्रति यो बजेट कति असंवेदनशील छ भन्ने कुरा भूमिसुधारका क्षेत्रमा विनियोजित भएको रकमबाट पनि पुष्टि हुन्छ । धेरै कारणहरूमध्ये गरिबको एक महत्त्वपूर्ण कारण भूमिको समतामूलक बाँडफाँट र भूमिश्रोतमाथि विपन्न वर्गको पहुँच नहुनु हो । यस्तो महत्त्वपूर्ण क्षेत्रका लागि पुगनपुग ८० करोड रकम छुट्याइएको छ, जुन जम्मा बजेटको ०.६ प्रतिशत मात्र हो । सिद्धान्त र भाषणमा जे कुरा देखिए पनि व्यवहारमा दरबारनजिकका जमिनदारहरूको जग्गा खरिद गरिदिन ल्याइएको भूमिबैंकको अवधारणाले कति विपन्न गरिबीको रेखाबाट माथि आउलान् ? त्यो समयले बताउने विषय हो ।

झट्ट हेर्दा सहरका नवधनाढ्य र मध्यम वर्गका मानिसहरूको मन भुट्ने हेतुका केही चाखलाग्दा कुरा बजेट भाषणमा पढ्न पाइन्छ । सुन र चाँदीका सामान, हीरा, जवाहरात, पत्थर, विद्युतीय सवारी, कृषि उत्पादन बोक्ने सवारी साधन तथा मुटुको रोग

जाँच्ने सामग्री, फूलका बिरुवा, मार्बल चिप्स, टायर ट्युब तथा हल्का पेय पदार्थमा राजस्व र कर घटाएर बजेट भाषणले कुन वर्गलाई राहत र सुविधा दिन खोजेको हो, घामजस्तै छर्लङ्ग हुन्छ ।

क्षेत्रीय हिसाबले पनि बजेट सन्तुलित छ भन्ने देखाउन पश्चिम पहाडका विकट मुगु, हुम्ला, डोल्पा जिल्लाका लागि सडकको रेखाङ्कन गर्ने योजना डोल्पावासीलाई लोभ्याउने राम्राखाले लालीपप हुन् । त्यसैगरी सोलु, ओखलढुङ्गा, खोटाङ र भोजपुर जिल्लामा विद्रोहीहरूको बढ्दो प्रभावलाई विचार गरेर होला वा सैनिक ब्यारेकलाई बढ्दो मात्रामा चाहिने तरकारी र मासु ढुवानी गर्न गाह्रो पर्ने भएकाले होला, यस क्षेत्रमा अब तरकारी, मसलाजन्य नगदेबाली र पशुपालन विकासका लड्डुहरू बाँडिने भएका छन् ।

विद्रोही र राजनीतिक दलहरूलाई हेर्ने अहिलेको सरकारको दृष्टिकोण र व्यवहार अनि द्वन्द्व समाधान बन्दुकबाट गर्न सकिन्छ भन्ने भालुभुत्ते नीति रहुन्जेल ती तोकिएका जिल्लामा सरकारी बजेट गएर विकास हुनु भनेको 'आकाशको फल आँखा तरी मर' नभए के होला ? उल्टै विकास लग्ने निहुँमा सुरक्षाफौज जाँदा विद्रोही पक्षका बन्दुके, मिलिसिया र सुरक्षाकर्मी (जो अधिकांश गरिब परिवारबाट अन्य विकल्प नपाएर बन्दुक बोकेर हिँडेका छन्) मर्ने छन्, कति परिवार दोहोरो मारमा पर्ने हुन्-थाहा छैन । तसर्थ, हालको अवस्थामा सरकारी बजेटमा त्यो क्षेत्रमा विकास जानु भनेको काल जानु हो भन्ने कुरा सबै दुर्गम क्षेत्रका निमुखाहरूको मुखबाट सुनिने गरिन्छ ।

टेलिभिजनका पर्दामा ठूलो ठूलो स्वरमा बक्ने गरेको गरिबी निवारण कोषका लागि पनि सरकारले लोभ्याइँ गरेको पाइयो । २५ जिल्लालाई पुगनपुग ५१ करोड बजेट विनियोजन गरेर केटाकेटीलाई चकलेट बाँडेर भुल्याएजस्तै गर्ने सरकारको यो चालालाई १२ औं योजनाको अन्त्यसम्ममा गरिबीलाई १० प्रतिशतभन्दा तल झार्ने बहुदलवादीहरू सत्तामा भएका बेला तय गरिएको राष्ट्रिय लक्ष्यलाई यो सरकारको रवैयाले आलु खुवाउने छ भन्न मिल्छ । घरबार छोड्नु परेर आफ्नै मुलुकमा शरणार्थी भएर बस्नुपर्ने बाध्यतामा रहेका तीन लाखभन्दा बढी द्वन्द्वपीडितहरूलाई विद्रोहीहरूले हडपेको जग्गाको मालपोल मिनाहा गरेर राहत दिएको देखाउने सरकारले विद्रोहीहरूलाई त द्वन्द्वपीडिततर्फ फर्किएर खुच्चिङ् गर्न लगायो नै, दुनियाँको नजरमा एकरत्ति पनि मानवीय संवेदना नभएको सरकारको रूपमा आफूलाई प्रमाणित गऱ्यो ।

समष्टिमा भन्नुपर्दा विदेशीसँग घुर्क्याइ घुर्क्याइ हात पसारेर हतियारको भीख माग्ने र बन्दुक र बारुद गाउँमा बर्साएर शान्ति आउँदैछ भन्ने यो सरकारले के बुझ्नु जरुरी छ भने शान्ति ल्याउन लोकतन्त्र चाहिन्छ । सुरक्षाबल र विद्रोही पक्षमा लागेका गरिब परिवारबाट आएका निमुखालाई अहिले जसरी युद्धमा होमेर शान्ति ल्याउन खोजिँदैछ, यसले समाजमा कस्तो दूरगामी असर पर्ला ? यो बजेटले ल्याएका विकास योजनाले गरिबी त झन् बढ्ने नै भयो, यसको अलावा केही वर्षमै गरिबहरूको मर्ने सङ्ख्या पनि ह्वात्तै वृद्धि हुने भयो । मान्छे मारेर सत्ता कब्जा गर्न सकिन्छ भन्ने सिद्धान्त बोकेका विद्रोहीहरू र बन्दुक र बारुदले शान्ति आउँछ भन्ने राजदरबारका हुक्के, बैठकेहरूले यो बुझ्नु जरुरी छ कि यो पाराले देश धेरै दिन चल्न सक्दैन । विपन्न वर्गले पनि यो कुरा बुझ्न थालेका छन् कि दरबारका भारदारहरूले बनाएको बजेटले घरमा चुल्हो बल्दैन । त्यसैले, अहिलेको बजेटको झूठको खेतीमा नअल्मलिनु नै वेश हुन्छ । यसका लागि विपन्न वर्ग स्वयम्ले बजेटको विश्लेषण गर्न सक्नुपर्दछ । विपन्न वर्गको हित त्यो बजेटले मात्र गर्न सक्छ, जब गरिब तथा विपन्न वर्ग स्वयम् आफ्नो हक र अधिकारका लागि प्रजातान्त्रिक आन्दोलनमा होमिन्छन् र समावेशी प्रजातान्त्रिक प्रणाली स्थापना भएपछि निर्णयतहमा पुगेर आफ्नो बजेटका हरफहरू आफैं कोर्न सक्षम हुन्छन् । बजेट वर्गीय हुन्छ, अहिलेको सत्ता धनी र सामन्त वर्गको हातमा छ । त्यसैले, बजेट धनी र सामन्ती वर्गको हितमा छ, गरिबको हक र हितमा छैन ।

# निजामती कर्मचारी आन्दोलनमा किन ?

**मुरारी भट्टराई**

देश एक दशकदेखि सशस्त्र द्वन्द्वको चपेटामा छ । सबै पेसा, व्यवसाय र नागरिक समाज द्वन्द्वको चपेटामा छन् र द्वन्द्वबाट मुक्ति चाहिरहेका छन् । अहिले सबै पेसा, व्यवसाय र आमनागरिकहरूको पहिलो चाहना नै देशमा शान्तिको स्थापना हो । तर, सत्ताधारीहरू यो द्वन्द्वलाई प्रजातन्त्र र मानवअधिकार समाप्त पार्ने सुनौलो अवसरका रूपमा प्रयोग गर्न लागिपरेका छन् । यो निरर्थक प्रयत्नले कसलाई कहाँ पुऱ्याउने हो ? भविष्यले नै बताउला । विभिन्न पेसाकर्मीहरूको मिहिनेत, पसिना र गतिशीलताले नै देशको गति सञ्चालन भइरहेको हुन्छ । जब पेसाकर्मीहरूले आफ्नो गतिशीलता रोक्नुपर्ने स्थिति आउँछ, तब देशको गति रोकिन पुग्दछ र सत्ताले पटक-पटक घुँडा टेक्नुपर्ने स्थिति आउँछ ।

द्वन्द्वबाट नराम्ररी प्रभावित देशलाई द्वन्द्वबाट मुक्त गर्ने सार्थक प्रयत्न गर्नुभन्दा द्वन्द्वबाट उत्पन्न स्थितिलाई आफ्ना महत्त्वाकाङ्क्षा र स्वार्थमा प्रयोग गर्ने कार्य विगत तीन वर्षदेखि विभिन्न रूप र स्वरूपमा हुँदै आएको छ । यो प्रवृत्तिका विरुद्धमा जनताले विभिन्न ढङ्गले विरोध प्रकट गर्दै आएका छन् । जनताको विरोधलाई ठीक ढङ्गले संयोजन गर्ने कार्यमा कमीकमजोरी रहँदा समस्या जटिल बन्न पुगेको छ । २१औं शताब्दी भनेको प्रजातन्त्र, सुशासनको शताब्दी हो । देशलाई अगाडि बढाउने हो भने यो मार्गमा सबै इमानदारीका साथ अगाडि बढ्नुपर्छ । मुखले प्रजातन्त्र, मानवअधिकार र बहुलवादप्रति प्रतिबद्धता दर्शाउने तर व्यवहारमा भने निरङ्कुशता थोपर्ने कार्यले थप द्वन्द्व र मुठभेड मात्र निम्त्याउँछ । तसर्थ जे पालना गरिन्छ, त्यति नै प्रतिबद्धता दर्शाउनुपर्दछ ।

प्रशासनलाई स्वच्छ, तटस्थ र राजनीतीकरणबाट मुक्त गर्ने उद्घोषका साथ अध्यादेशको माध्यमबाट निजामती सेवा ऐन, २०४९ को दोस्रो संसोधन गरिएको छ । राज्यको स्थायी संरचनालाई दूरगामी असर पर्ने गरी छमहिने अध्यादेशको माध्यमबाट संशोधन गर्ने कुरा नै गलत हो । प्रजातान्त्रिक मुलुकमा विधिको शासन हुनु पहिलो सर्त हो । विधि अर्थात् कानुन बनाउन पर्याप्त गृहकार्य हुनुपर्छ । जनसहभागिता प्राप्त गर्दै सरोकारित पक्षको स्वामित्व कायम गर्ने सबै प्रकारका प्रक्रियाबाट गुज्रिएपछि मात्र कानुनलाई औपचारिक प्रदान गरिन्छ र सबैले पालना गर्दछन् । यसरी जनसहभागिता र स्वामित्व कायम गर्ने विधि भनेको जननिर्वाचित संसद्मार्फत जनताको भावना मुखरित हुन्छ भने सम्बन्धित विषयका विज्ञ र सरोकारित पक्ष ( पेसागत कानुनको हकमा पेसागत सङ्गठन) सँग छलफल गरी सहमति प्राप्त गरिन्छ । यसरी बन्ने कानुनलाई लागू गर्न कुनै कठिनाई हुँदैन र प्रभावकारी कार्यान्वयन हुन्छ । हाम्रो देशमा जननिर्वाचित संसद् विघटन भएको अवस्था छ । संसद् नभएको अवस्थामा जनसहभागिता प्राप्त गर्ने माध्यम भनेको राजनीतिक पार्टीहरू हुन् । संसद् र सरकार सञ्चालन गरिसकेका संसद्वादी राजनीतिक पार्टीहरूलाई किनारामा धकेलिएको स्थिति छ । कुनै राजनीतिक हैसियत नभएका र जनताले देख्दै नदेखेका व्यक्तिहरू शासन सञ्चालनमा रहेका छन् । यो अध्यादेश ल्याउनुपूर्व राजनीतिक सहमति र वैधता प्राप्त गर्ने प्रयत्न भएको छैन । तसर्थ यो अध्यादेशमा जनसहभागिता छैन । दोस्रो कुरा, यो अध्यादेशमा विज्ञहरू र सरोकारित पक्षहरूको सहभागिता र स्वामित्व छैन । किनभने, कसैसँग पनि छलफल गर्ने काम भएको छैन । तेस्रो कुरा, अध्यादेश जसको आयु छ महिना मात्र हुन्छ, त्यस्तो अध्यादेशले सम्पूर्ण जनताको साझा सम्पत्तिको रूपमा रहेको निजामती प्रशासनलाई दीर्घकालीन असर गर्ने गरी संशोधन गर्न सक्तैन । यी तथ्यहरूका आधारमा यो अध्यादेशले एउटा कानुनको दर्जा पाउने हैसियत नराख्ने भएकाले विधिको शासन पालना गर्ने कर्मचारीहरूको आपत्ति र विरोध रहेको छ । नेपाल निजामती कर्मचारी सङ्गठन राष्ट्रिय निर्देशन ऐन, ०१८ अन्तर्गत वैधता प्राप्त गरेको संस्था हो । यसको वैधतालाई सम्मानित सर्वोच्च अदालतबाट पटक-पटक पुष्टि भएको छ । तसर्थ यो संशोधनले सर्वोच्च अदालतको समेत अपमान गरेको छ । कुनै पनि क्षेत्रको सहभागिता नरहेको यो अध्यादेशले निरन्तरता पाउन नसक्ने हुँदा यसले प्रशासनलाई अस्थिर र पङ्गु मात्र बनाउनेछ । राजनीतीकरणबाट मुक्त गर्ने नाराका साथ प्रशासनभित्र हैकम लाद्ने उद्देश्यबाट यो अध्यादेश प्रेरित रहेको छ ।

यो अध्यादेशले विशिष्ठ श्रेणीका कर्मचारीलाई मनोमानी ढङ्गबाट अतिरिक्त समूहमा लैजाने, अतिरिक्त समूहमा अनन्तकालसम्म राख्ने र अतिरिक्त समूहमा लगिसकेपछि उसको पद रिक्त हुने कुरा अगाडि सारेको छ । यस्तो व्यवस्था गर्नुका पछाडि निजामती प्रशासनलाई समूल रूपमा नष्ट गर्नु हो । विशिष्ठ श्रेणी भनेको आफ्नो मातहतका सम्पूर्ण कर्मचारीको अभिभावक हो, संरक्षक हो । उसलाई नै भयभीत र त्रसित बनाइसकेपछि सम्पूर्ण प्रशासनयन्त्रलाई त्रसित बनाई आफ्नो स्वार्थसिद्ध गर्न सकिन्छ । देशको होइन, सत्ताधारीको स्वार्थमा हिँडाउन सकिन्छ । यसको परिणाम अब विशिष्ठ श्रेणीको दरबन्दी जति पनि हुने भएको छ । यसबाट राज्यको कोषको दुरूपयोग राम्रैसँग हुने भएको छ । अतिरिक्तमा बस्ने र मन्त्रालय, संवैधानिक निकायमा रहेर काम गर्ने दुवैले तलव खानेछन् । जब मान्छेले स्वाभाविक सुरक्षा पाउँदैन, उसले अन्य सुरक्षाका उपायहरू खोज्दछ । यसैगरी अतिरिक्त समूहको त्रास देखाएर ऊबाट हुने-नहुने सबै काम गराउन सकिन्छ । तसर्थ यो व्यवस्थाले भ्रष्टाचार राम्रोसँग बढाउनेछ । सत्ताधारीहरूले देश लुट्ने एउटा अवसरलाई कानुनको जामा पहिऱ्याएर अगाडि सारेका छन् ।

उच्च प्रशासकलाई त्रसित र निर्देशित बनाइसकेपछि आफ्नो स्वार्थसिद्धिको बाटोमा अवरोध पैदा गर्न सक्ने शक्तिको पहिचान गर्ने र त्यसलाई निस्तेज बनाउने प्रयासको रूपमा कर्मचारीहरूको सङ्गठित स्वतन्त्रता र सङ्गठित आवाजमाथि धावा बोल्ने कार्य अध्यादेशले गरेको छ । भएका संस्थाहरू सबै खारेज गर्ने र आफ्ना भाटहरूको अधिकारविहीन पकेट सङ्गठनको स्थापना गरी देखाउने दाँत बनाउने कुरालाई अध्यादेशले प्रमुखताका साथ अगाडि सारेको छ । यो प्रावधानले संयुक्त राष्ट्रसङ्घको विश्वव्यापी मानवअधिकारसम्बन्धी घोषणा पत्र- १९४८, नागरिक तथा राजनीति अधिकारसम्बन्धी अनुबन्ध- १९६६, आर्थिक, सामाजिक तथा सांस्कृतिक अनुबन्ध- १९६६, अन्तर्राष्ट्रिय श्रम सङ्गठनका अभिसन्धिहरू- ८७, ९८, १४४ तथा १५१ लगायतका अन्तर्राष्ट्रिय कानुनको ठाडो उल्लङ्घन गरेको छ । यसरी नै नेपाल अधिराज्यको संविधान- २०४७ ले प्रत्याभूत गरेको स्वतन्त्रताको हकको खिल्ली उडाउने काम गरेको छ ।

यो अध्यादेशले राज्यको संयोजनकारी भूमिका समाप्त गर्ने अर्को प्रावधानलाई अगाडि सारेको छ । राज्यले भूमि, श्रम, पुँजी, सूचना तथा प्रविधि सबैको समान रूपमा संरक्षण गर्न सक्नुपर्दछ । श्रेणीविहीन पदहरूमा सेवाको सुरक्षा नभएको र सामाजिक सुरक्षाविहीन (पेन्सन, उपदान, सञ्चयकोष केही पनि नपाउने) कर्मचारी राख्ने कुरा अगाडि सारेको छ । राज्यले आफैंभित्र सामाजिक सुरक्षाविहीन कर्मचारी राखेपछि कुन नैतिक बलको आधारमा निजी क्षेत्रको श्रमको सुरक्षा गर्न सक्छ ? अर्कोतर्फ निजामती प्रशासन भनेको सबै नागरिकको साझा सम्पत्ति हो । यसमा प्रवेशका लागि प्रतिस्पर्धा गर्न पाउने सबै नागरिकको हक हो । यो हक पनि छिन्ने काम गरेको छ । यसरी नै एकातर्फ समावेशीकरणको कुरा गर्दै गोलमटोल रूपमा सकारात्मक विभेदको कुरा अगाडि सारेको छ भने अर्कोतर्फ महिला, अपाङ्ग, जनजाति र दलितहरूको सहभागिता रहेको सवारी चालक, पियन, पालेलगायतका पदहरू रिक्त भएपछि स्वतः खारेज हुने गरी सहभागिता समाप्त गर्ने विरोधाभाषयुक्त कुरा अगाडि सारेको छ । अध्यादेशले सरुवा, बढुवाका प्रक्रियाको सामान्य सुधार गर्ने र उच्चस्तरीय तलब आयोगका सुझावलाई अपभ्रंश बनाई समावेश गर्ने काम गरेको छ ।

माथि उल्लिखित तथ्यका आधारमा यो अध्यादेशले कानुनको हैसियत नराख्ने, सिङ्गो निजामती प्रशासनलाई तहसनहस बनाउने, कर्मचारीको सङ्गठित स्वतन्त्रता निस्तेज बनाउने कुराको विरुद्धमा नेपाल निजामती कर्मचारी सङ्गठनको आह्वान र अगुवाइमा कर्मचारीहरूले सडकबाटै आवाज उठाएका छन् । यो अध्यादेश तुरुन्त फिर्ता लिनु नै बुद्धिमानी हुनेछ । कर्मचारीहरू आन्दोलनका कार्यक्रम लिएर सडकमा उत्रिने र आन्दोलनले असहयोग र अवरोधात्मक चरणमा प्रवेश गरेमा त्यसबाट राज्यले ठूलो क्षति उठाउनुपर्नेछ र राज्यले एउटा दुर्भाग्य बेहोर्नुपर्नेछ । कर्मचारीहरूको यो आन्दोलन निजामती प्रशासनको रक्षाका लागि हो । स्वाभिमान गुमाएर दासको रूपमा रूपान्तरित हुने कि पेसालाई जोखिमा राखेर सङ्घर्षमा उत्रिने कर्मचारीसँग यी बाहेक विकल्प छैनन् । आफ्नै कर्मचारीसँग त्रसित सरकारले कसरी देश हाँक्न सक्दछ ? अहिले केही ठाउँमा सङ्गठनका बोर्ड झिक्ने र मन्त्रीहरूको काम नै सङ्गठनले आन्दोलन अगाडि बढाएमा जागिर खाइदिने निर्देशन दिँदै हिँड्ने भएको छ । कुनै पनि संस्थाले समयको आवश्यकता र गतिशीलता बोक्ने सामर्थ्य राखेसम्म कसैले निषेध गर्दैमा समाप्त हुँदैन । औचित्य र आवश्यकता नबोकेको संस्थालाई जतिसुकै छुट दिए पनि र बोकेर हिँडे पनि त्यसको अस्तित्व रहँदैन । नेपाल निजामती कर्मचारी सङ्गठन, कर्मचारीले आफ्ना लागि आफैँले स्थापित गरी विभिन्न आरोह/अवरोहका बीचबाट हुर्काएको संस्था हो । यो संस्थालाई अगाडि बढाउन आमकर्मचारीको योगदान, त्याग र समर्पण रहेको छ । यसले धेरै हन्डर, दुःख, कष्ट खेपेको छ । अहिले सरकारले उत्पन्न गरेको समस्यालाई यसले एउटा चुनौतीको रूपमा लिएको छ र सामना गर्दै अगाडि बढ्ने मानसिकता बनाएको छ । यसले आफ्नो काम गर्ने तरिका र स्वरूपलाई परिस्थितिअनुरूप परिवर्तन गर्दै आमकर्मचारीको बीचमा आफूलाई क्रियाशील राख्नेछ । यसको औचित्य र आवश्यकतालाई फेरि एकपल्ट दह्रोसँग पुष्टि गर्ने गरी यसले आफूलाई विकास गर्नेछ । लोकतन्त्र र मानवअधिकार बहालीको आन्दोलनमा यसले सक्दो सहयोग पुऱ्याउनेछ । ट्रेड युनियन अधिकारसहितको सङ्गठन आमकर्मचारीको बीचमा स्थापित गर्ने दृढताका साथ आगामी कार्यभार लिएर अगाडि बढ्नेछ ।

# महिला र पुरुषबीचको विभेदका सम्बन्धमा

## उर्मिला अर्याल

**ने** कपा (एमाले) अन्य कुनै पनि राजनीतिक पार्टीहरूको तुलनामा महिला र पुरुषबीच समानता स्थापित गर्नुपर्दछ, पैतृक सम्पत्तिमा महिलाहरूले समान अधिकार पाउनुपर्दछ भन्ने कुराहरूमा प्रस्ट नीति भएको राजनीतिक पार्टी हो । नेपाल कम्युनिस्ट पार्टीको संस्थापकमध्ये एक जना महिला मोतीदेवी श्रेष्ठ पनि रहेको हुनाले होला, नेपाल कम्युनिस्ट पार्टीको पहिलो घोषणापत्र (१५ सेप्टेम्बर, १९४९) मा नै समान कामको समान ज्याला, राष्ट्रिय जीवनका हरेक क्षेत्रमा समान अधिकार, सुत्केरी सुविधा, निःशुल्क शिक्षा र विदेशी साम्राज्यवादी सेनामा रहेका छोरा र श्रीमान्‌हरूलाई तुरुन्त फिर्ता बोलाउनुपर्नेजस्ता नारीसँग सम्बन्धित मागहरू समावेश भएको थियो (पुष्पलालका छानिएका रचनाहरू, भाग - १) ।

वि.सं. २०४९ मा सम्पन्न भएको एमालेको पाँचौँ महाधिवेशनले जनताको बहुदलीय जनवादी कार्यक्रमलाई अगाडि ल्याएर त्यसमा महिलाहरूका बारेमा छुट्टै र विशेष महत्त्वका साथ महिलासम्बन्धी प्रस्तावहरू उल्लेख गरियो । १. महिलाहरूमाथि भइरहेको सबैप्रकारको शोषण, उत्पीडन, अपहरण, बेचबिखन, देहव्यापार तथा सामाजिक कुप्रथाको अन्त्य गरिनेछ । २. पैत्तृक सम्पत्तिमा छोरा र छोरीको समान हक स्थापित गरिनेछ । महिला र पुरुषबीच समान ज्यालालाई प्रभावकारी ढङ्गले लागू गरिनेछ । ३. राष्ट्रिय र सामाजिक क्षेत्रहरूमा महिला र पुरुषबीच पूर्ण समानताको ग्यारेन्टी गरिनेछ । ४. महिलाहरूमा रहेका अज्ञानता र पछौटेपन हटाउन विशेष कार्यक्रम चलाइनेछ । सामाजिक सुरक्षाको ग्यारेन्टी गर्ने र आपराधिक तत्त्वमाथि कडा सजायको व्यवस्था गरिनेछ । राजनीति, आर्थिक, सामाजिक जीवनका हरेक क्षेत्रमा महिलाहरूको सक्रिय सहभागितालाई बढाउँदै लगिनेछ । उपरोक्त प्रस्तावहरूका साथै महाधिवेशनको सङ्गठनात्मक प्रस्तावमा यी कार्यक्रमहरूलाई ठोस योजनासहित कार्यान्वयन गर्नुपर्ने कुरामा जोड दिइएको थियो ।

वि.सं. ०५४ को छैटौँ राष्ट्रिय महाधिवेशनले पनि उपरोक्त कार्यक्रमलाई पनि निरन्तरता दिने निर्णय गऱ्यो । तर, ती कार्यक्रमले निरन्तरता पाए/पाएनन्, त्यसको कार्यान्वयन पक्षको अनुगमन, मूल्याङ्कन केही पनि भएन । सातौँ राष्ट्रिय महाधिवेशनपछि महिला फाँटको कामलाई अझ व्यवस्थित गर्ने, पार्टीलाई स्वीकृत नीति र कार्यक्रमका आधारमा योजनागत कार्यक्रम बनाउने र कार्यान्वयन गराउने क्षेत्रमा सहयोग गर्ने हिसाबले केन्द्रीय महिला विभागको गठन गरिएको छ ।

उपरोक्त सन्दर्भहरूलाई हेर्दा एमाले लैङ्गिक सवालमा नीतिगत र कार्यक्रमिक हिसाबले संवेदनशील र प्रस्ट दृष्टिकोण भएको राजनीतिक पार्टी हो । यी सबै सकारात्मक दृष्टिकोणहरूका बाबजुद पार्टीको सङ्गठित सदस्यतामा महिलाहरू लगभग पाँच प्रतिशत मात्र छन् । पार्टीको केन्द्रीय कमिटीमा महिलाहरूको सङ्ख्या हेर्दा अरू राजनीतिक पार्टीको तुलनामा करिब उस्तै छ । पार्टीको जिल्ला र अञ्चल नेतृत्वमा समेत महिलाहरूको शून्य उपस्थिति हाम्रा लागि टड्कारा प्रश्नहरू हुन् ।

एमालेजस्तो देशको एक जिम्मेवार राजनीतिक पार्टीले अब यी सवालहरूलाई व्यावहारिक रूपमा नै सम्बोधनको सुरुवात सर्वप्रथम आफ्नो पार्टीको हरेक संरचना र तहमा महिला सहभागिता वृद्धि गरेर देखाउन सक्नुपर्दछ । यसका लागि एमालेले तत्कालै गर्नुपर्ने केही कार्यक्रमहरू निम्नानुसार छन् :

१. पार्टीका महिला कार्यकर्ताहरूको लगत तयार पार्ने । त्यसमा पार्टीका सङ्गठित सदस्यहरू, भगिनी सङ्गठनका सदस्यहरू, पार्टीका हरेक तहमा रहेका महिला सदस्यहरू सबैको अभिलेख तयार पारी कमी रहेको क्षेत्रका लागि तुरुन्त आवधिक योजनासहित कार्ययोजना तयार पार्ने ।

२. पार्टीको सङ्गठित सदस्य हुन तिर्नुपर्ने नियमित लेवीमा सकारात्मक विभेदको नीति लिई बढीभन्दा बढी महिला र पिछडिएको समुदायलाई सहभागी गराउन विधानमा पार्टी लेवीदर घटाइनुपर्दछ ।

३. पार्टीको जिल्ला, इलाका र गाउँ कमिटीका प्रमुखहरूलाई लैङ्गिक विषयमा नियमित प्रशिक्षण दिई पार्टीमा महिला सदस्यता बढाउन आवधिक कार्ययोजना निर्माणमा उनीहरूको संलग्नता बढाइनुपर्दछ र त्यसको अनुगमन अञ्चल पार्टी कार्यालयले गर्नुपर्दछ ।

४. पार्टीबाट जनप्रतिनिधिहरूका लागि उम्मेदवार हुने व्यक्तिलाई लैङ्गिक रूपले संवेदनशील र जिम्मेवार बनाइनुपर्दछ । स्मरण रहोस्, महोत्तरी जिल्लाको सिमरदेही गाविसको मरणीदेवी बोक्सी काण्डका अभियुक्त त्यस गाविसका अध्यक्ष एमालेबाट नै निर्वाचित भएका थिए । तसर्थः जनप्रतिनिधिहरूका लागि आचारसंहिता बनाई उनीहरूलाई बढी संवेदनशील र जिम्मेवार नेताका रूपमा स्थापित गर्नुपर्दछ ।

५. पार्टीको हरेक तहगत संरचनामा कम्तीमा गाउँ कमिटीमा ३३ प्रतिशत महिलाहरूको सहभागिता तत्काल गराउनुपर्दछ ।

६. जिल्लास्तर र त्यसभन्दा माथिका महिला नेतृहरूको पार्टीको उच्च तहका नेताहरू (महासचिव, सङ्गठन विभाग प्रमुख, क्षेत्रीय र अञ्चल इन्चार्ज आदि) सँग नियमित संवादको प्रावधान हुनुपर्दछ । लैङ्गिक विषयलाई पार्टीले वर्षको एक हप्ता जनसचेतना अभियानका रूपमा सञ्चालन गर्नुपर्दछ ।

७. पार्टीले सदस्यहरूबाहेक आफ्ना समर्थक, शुभेच्छुक महिलाहरूको तथ्याङ्क सङ्कलन गर्ने, त्यसमा पनि विभिन्न क्षेत्रमा विशिष्टता हासिल गरेका महिलाहरूको अभिलेख तयार गरी उनीहरूसँग नियमित संवाद र सहकार्यको वातावरण तयार गर्ने, सरकारमा सहभागी भएको अवस्थामा त्यस्ता महिलाहरूलाई नीति निर्माणको तहमा सहभागी गराउने ।

८. स्थानीय निकायमा जाने बजेटको ३० प्रतिशत रकम महिलाहरूको रोजगारी प्रवर्द्धन, आयआर्जन, सीप अभिवृद्धिका लागि लगानी गर्ने व्यवस्थाका लागि अभियान सञ्चालन गर्ने ।

९. एकल परिवार, सम्बन्धविच्छेद र विधवा तथा वर्तमान द्वन्द्वले विस्थापितहरूको तथ्याङ्क सङ्कलन गरी रोजगारी, राहत, पुनःस्थापनाको व्यवस्थापन गरी जीवनयापनलाई सहज बनाउन सघाउ पुऱ्याउने कार्यक्रमहरू सञ्चालन गर्ने ।

१०. राजनीतिमा महिलाहरूको पहुँच बढाउन चुनावलाई पारदर्शी, निष्पक्ष र कम खर्चिलो बनाउन एमालेले राष्ट्रियस्तरमै अग्रणी भूमिका निभाउने ।

११. शिक्षा, स्वास्थ्य र सुरक्षा क्षेत्रमा महिलाहरूको मानवअधिकारलाई सुनिश्चित गर्न सबैलाई समान अवसर उपलब्ध गराउने कुराको सुनिश्चितताका लागि अभियान सञ्चालन गर्ने ।

१२. पार्टीले गाउँदेखि केन्द्रीयतहसम्मको राष्ट्रिय कार्ययोजना जिल्ला नेतृत्वदेखि केन्द्रीय नेतृत्वसम्मलाई संलग्न गराई तयार पार्ने र त्यसको कार्यान्वयनमा नियमित अनुगमनको व्यवस्था गर्ने ।

१३. पार्टीको भगिनी सङ्गठनहरूमा बढीभन्दा बढी महिलाहरूलाई व्यापकतासाथ समावेश गरी उनीहरूलाई पार्टी सदस्य बनाउने कुरामा जोड दिने र देशव्यापी रूपमा महिलाविरुद्ध रहेका कुरीति र कुप्रथाहरूको अन्त्यका लागि नियमित अभियान सञ्चालन गर्ने ।

१४ संविधान र कानुनमा रहेका लैङ्गिक विभेदका विषयलाई राष्ट्रिय मुद्दा बनाई भगिनी सङ्गठनहरूको सहभागितामा त्यसको अन्त्यका लागि राष्ट्रिय र अन्तर्राष्ट्रिय दबाब सिर्जना गर्ने, सरकारमा सहभागी भएका बेला समानता कानुन ल्याउने र विभेदपूर्ण कानुनको अन्त्य गर्ने ।

१५. ग्रामीण तहका महिलाहरूका लागि अनेमसङ्घमार्फत बचत समूह निर्माण, सहकारीकरण, अर्थोपार्जनको कार्यक्रमलाई पार्टी कार्यक्रमसँगै प्रभावकारी बनाएर लैजाने ।

**नेपाली महिलाहरूलाई कसरी सशक्त तुल्याउने ?**

राजनीतिले मानिसलाई आफ्नो अधिकार लिन सक्षम बनाउँछ र उसको सशक्तीकरण गर्दछ । उसको उपस्थिति नीतिनिर्माणको तह र निर्णायक ठाउँहरूमा न्यून हुन गएको खण्डमा उसको पक्षमा कानुनी, व्यावहारिक र सामाजिक भेदभावहरू बढ्दै जान्छन् र समस्या अप्ठ्यारा र जटिल हुँदै गएका हुन्छन् । नेपालमा पनि महिलाहरूको समस्या जटिल हुनुको प्रमुख कारण यही नै हो । राज्य संरचनाका विभिन्न तह जनप्रतिनिधिमूलक संस्थाहरूमा जानका लागि निर्वाचित भएर जानुपर्दछ । बहुदलीय व्यवस्थामा निर्वाचित हुनका लागि कुनै पनि दलको उम्मेदवार हुनुपर्दछ । तसर्थः नेपाली महिलाहरूको सशक्तीकरणका लागि पार्टीहरूको तल्लो तह अर्थात् जरैदेखिका कमिटीहरूमा महिला सहभागिता बढाउनुपर्दछ, उनीहरूमा राजनीतिक चेतनाको अभिवृद्धि गर्नुपर्दछ । यी सबैका लागि निम्न कामहरू गर्नु आवश्यक हुन्छ :

१. महिलाहरू आर्थिक रूपले कमजोर, अशिक्षित र साधनविहीन भएको हुँदा राजनीतिक दलका भगिनी सङ्गठनहरूले महिलाहरूलाई सङ्गठित गरी राजनीतिमा प्रवेश गराउने, पार्टी सदस्यता दिलाउने र उनीहरूको निरन्तरताका लागि बचत

समूह, सहकारी समूह, उत्पादन र अर्थोपार्जनका कार्यक्रमहरूलाई पनि साथसाथै लैजानुपर्दछ । यसमा पार्टीको स्थानीय तहबाट नै सहयोग जुटाउनुपर्दछ ।

२. राजनीतिक पार्टीको तहगत नेतृत्वपङ्क्तिलाई लैङ्गिक रूपले संवेदनशील बनाई महिला सहभागिताको महत्त्व बुझाउने र उनीहरूमा महिलाप्रति सकारात्मक दृष्टिकोणको विकास गर्ने ।

३. स्कुल शिक्षालाई अनिवार्य र निःशुल्क बनाउने । हरेक अभिभावकले जागिर खाँदा, ऋण लिन जाँदा, ड्राइभिङ् लाइसेन्स लिँदा बच्चाहरू स्कुल पठाएको प्रमाणपत्र पेस गर्नुपर्ने आवश्यक प्रावधान राख्ने ।

४. स्कुल शिक्षाको पाठ्यक्रम महिलाहरूको राजनीतिक, नागरिक अधिकार र भूमिकालाई सकारात्मक सन्देश दिने हिसाबले निर्माण गर्ने, त्यस्तो शिक्षाको अभाव भएमा सामाजिक शिक्षाको पाठ्यपुस्तकमा नै राजनीतिक शिक्षा, प्रजातान्त्रिक शिक्षा र लैङ्गिक विषयलाई समावेश गर्ने ।

५. ग्रामीण तहका महिलाहरूमा आत्मविश्वास जगाउन र चेतनाका लागि प्रौढ शिक्षा कार्यक्रमलाई व्यापकतासाथ सञ्चालन गर्ने । यस्ता कार्यक्रमहरूमा महिला अधिकार, नागरिक अधिकार, प्रजातन्त्र, अर्थोपार्जन र जीविकाजस्ता विषयहरूबारे जानकारीमूलक पाठ्यक्रम निर्माण गर्ने ।

६. ग्रामीण किसान महिलाहरूलाई विद्यमान सकारात्मक कानुनहरूबारे जानकारी गराउने, महिला अधिकार र कानुनी अधिकारसम्बन्धी प्रशिक्षणको व्यवस्था स्थानीय निकायको वार्षिक कार्यक्रममै समावेश गर्नुपर्ने आवश्यक प्रावधानको व्यवस्था गर्ने ।

७. स्थानीय निकायको गाविस र जिल्लाको बजेटको ३० प्रतिशत रकम महिलाहरूको जीविका प्रवर्द्धनका लागि अर्थोपार्जन, सीपमूलक तालिम, कृषि कार्य, घरेलु उद्योग, पशुपालनजस्ता कार्यक्रमका लागि छुट्याउन आवश्यक व्यवस्था गर्ने ।

८. कृषियोग्य जमिन, घरघडेरीको लालपुर्जामा दम्पतीको स्वामितत्व कायम गर्ने ।

९. नीति निर्माणका हरेक क्षेत्र, जस्तै : प्रशासनिक निकाय, संवैधानिक निकाय, न्यायिक क्षेत्र, सुरक्षा निकाय, कूटनीतिक नियोग, जनप्रतिनिधिमूलक संस्थाहरू (गाविस, जिविस, संसद्, मन्त्रिपरिषद्) मा ३३ प्रतिशत महिलाहरूको सहभागितालाई सुनिश्चित पार्ने ।

१०. विशेष समुदायका महिलाहरू, जस्तै : तराई, हिमाल, जनजाति, दलितको आवश्यकता पहिचान गरी विशेष कार्यक्रम सञ्चालन गर्ने ।

११. राजनीतिक पार्टीहरूले राजनीतिक कार्यक्रमका साथसाथै उत्पादनमूलक कार्यक्रमलाई पनि गाउँतहदेखि नै सँगसँगै लैजाने योजना र कार्यक्रमको थालनी गर्ने ।

१२. सार्वजनिक पद, प्रशासनिक र न्यायिक पदहरू वहाली गर्दा लैङ्गिक अवधारणा बुझेकालाई प्राथमिकता दिने । लोकसेवा आयोग, शिक्षा आयोग, सुरक्षासम्बन्धी परीक्षाहरूमा लैङ्गिक विषयलाई समावेश गर्ने, जसले भविष्यका प्रशासक, सुरक्षाकर्मी, शिक्षक लैङ्गिक रूपले संवेदनशील र सहयोगी होउन् ।

१३. महिलाहरूको पद रिक्त हुँदा त्यस ठाउँमा महिलाहरूलाई नै पदस्थापन गर्ने व्यवस्था मिलाउने ।

१४ सञ्चार क्षेत्रले अनिवार्य रूपमा महिलासम्बन्धी कुरालाई दैनिक प्रशारणमा ल्याउने र महिला जनप्रतिनिधिहरूले गरेका राम्रा कामहरूको प्रचार-प्रसार गर्ने ।

१५. मन्त्रालयहरूले आफ्नो वार्षिक कार्यक्रमहरूमा छुट्याइएको पाँच प्रतिशत रकम महिलाहरूसँग मात्र सम्बन्धित कार्यक्रममा छुट्याउनैपर्ने आवश्यक प्रावधान गर्ने ।

१६. दातृ निकाय, सामाजिक सङ्घसंस्थाहरूको कार्यक्रमलाई नेपालको दुर्गम र ग्रामीण क्षेत्रहरूमा केन्द्रित गर्ने, कार्यक्रममा दोहोरोपना हुन नदिने, राजनीतिक पार्टी र भगिनी सङ्गठनहरूसँग समन्वयकारी भूमिका निभाउनुपर्ने ।

१७. विशेष क्षेत्रका महिलाहरूका लागि ठाउँ विशेष, तिलक र दाइजो प्रथा, बोक्सी प्रथा, छाउपडी, बादी, देवकी, झुमाजस्ता सामाजिक कुप्रथाहरूविरुद्ध वर्षको एक हप्ता जनचेतना अभियान सञ्चालन गर्ने । चेलीबेटी बेचविखनविरुद्ध र लैङ्गिक विभेद हटाउन विशेष अभियान र कार्यक्रमको सञ्चालन गर्ने ।

**लैङ्गिक समानताका लागि आवश्यक कुराहरू र पूर्वाधारहरू**

१. प्रजातन्त्रको वहाली, मानवअधिकार र सामाजिक सुरक्षाको ग्यारेन्टी ।

२. राजनीतिक पार्टीलगायत सबै निर्णायक ठाउँहरूमा महिलाहरूको समान सहभागिता ।

३. शिक्षा, रोजगारी र अर्थोपार्जनमा महिलाहरूको संलग्नताको ग्यारेन्टी ।

४. अवसर, अधिकार र स्वामित्वमा महिलाहरूको पहुँच ।

५. ग्रामीण र दुर्गम क्षेत्रहरूमा स्वास्थ्य सुविधाको निःशुल्क व्यवस्था ।

६. विभेदपूर्ण कानुन र संवैधानिक प्रावधानहरूको अन्त्य । सहज, सुलभ, छिटो र प्रभावकारी न्यायप्रणालीको स्थापना ।

७. केन्द्रदेखि गाविस तहसम्म महिला विकास कार्यक्रमको संस्थागत संरचना र प्रावधान ।

८. राज्य संरचनाको हरेक तह, जनप्रतिनिधिमूलक संस्था, प्रशासनिक निकाय, सुरक्षा निकाय, कूटनीतिक नियोग, निजामती सेवा, सवैधानिक अङ्ग, न्याय सम्पादनको क्षेत्रजस्ता हरेक ठाउँमा महिलाहरूका लागि कार्यकारी पदहरूसहित ३३ प्रतिशत आरक्षणको व्यवस्था ।

९. प्राथमिक तहदेखिकै पाठ्यक्रममा महिलाअधिकार, लैङ्गिक संवेदनशीलताका विषयहरूलाई समावेश गर्ने र पितृसत्तात्मक सोचबाट मुक्त शिक्षा प्रणालीको व्यवस्था गर्ने ।

# कमरेड हेमनाथको सम्झना बाँचिरहोस्

**बेदुराम भुसाल**

**स** रल एवम् इमानदार चरित्र र सङ्घर्षशील स्वभावका कमरेड हेमनाथ भुसाल अब हाम्रा माझ हुनुहुन्न भन्न मनले पटक्कै मानिरहेको छैन । तर, मनले जतिसुकै नमाने पनि, भन्न जतिसुकै गाह्रो भए पनि र सुन्न जतिसुकै कटु लागे पनि तीतो सत्य यही हो कि एक निडर, परिश्रमी, सादा जीवन र उच्च विचारका किसान नेता कमरेड होमनाथ भुसाललाई अब हामीले भेट्न र उहाँका उत्साही कुराहरू सुन्न नपाउने भयौं । अब उहाँ हामीसँग रहनुभएन ।

जीवन र मृत्यु एउटै घटनाका दुईटा पक्ष हुन् । त्यसैले जीवन पाएपछि मृत्युवरण गर्नैपर्दछ । यसलाई टार्न सकिँदैन । तर, आज स्वास्थ्यविज्ञानका क्षेत्रमा जे-जति प्रगति भएको छ, त्यसलाई समयमै ध्यान पुऱ्याएर उपयोग गर्न सकेको खण्डमा असमयको मृत्युबाट बच्न सकिने प्रशस्त सम्भावनाहरू छन् । २०६२ असार २६ को दिउँसो कमरेड होमनाथलाई जुन अवस्थामा काठमाडौँको महाराजगन्जस्थित शिक्षण अस्पतालमा ल्याइपुऱ्याइयो र सोही दिन साँझ त्यहाँबाट चाबहिलस्थित मेडिकेयर अस्पतालमा पुऱ्याएको एक घण्टा पनि नबित्दै जसरी उहाँको निधन भयो, त्यसबाट सुरुमा उहाँको स्वास्थ्य परीक्षण गर्नेहरूले राम्ररी सजग बनाएको भए उहाँलाई यति चाँडै गुमाउनुपर्ने थिएन कि भन्ने चिसो मनमा रहिरहेको छ । जेहोस्, उहाँको जीवन समाप्त भएको छ र अब हामीसँग उहाँका योगदान र सम्झनाहरू मात्रै बाँकी रहेका छन् । उहाँको जीवनका सकारात्मक पक्षको अनुशरण गर्दै उहाँका योगदानहरूको रक्षा गर्नु हामी सहकर्मीहरूको कर्तव्य हो ।

वि.सं. १९९७ को असोज १७ मा अर्घाखाँची जिल्लाको किम्डाँडा गाउँअन्तर्गत कुर भन्ने ठाउँ (हाल सन्धिखर्क- ९) मा जन्मनुभएका हेमनाथ ०१५ सालको आमनिर्वाचनमा अर्घाखाँची निर्वाचन क्षेत्रबाट समेत विजयी भएका सुवर्णशमशेरले अन्यत्रको निर्वाचन क्षेत्रमा आफू कायम रही अर्घाखाँचीको निर्वाचन क्षेत्र खाली गरेपछि ०१६ सालमा उपनिर्वाचन हुँदा नेपाल कम्युनिस्ट पार्टीले खुविराम आचार्यलाई उम्मेदवार बनाई चुनाव प्रचार अभियान चलाएका बेलादेखि कम्युनिस्ट राजनीतिको सम्पर्कमा पुग्नुभएको थियो । तबदेखि नै उहाँले स्थानीय जाली, फटाहा र सामन्तहरूको विरोध गर्दै अगाडि बढ्नुभयो र त्यही क्रममा ०२४ सालमा उहाँले नेपाल कम्युनिस्ट पार्टीको सदस्यता प्राप्त गर्नुभएको थियो । त्यसपछि पार्टीको एरिया कमिटी सदस्य र ०२७ सालमा अखिल नेपाल क्रान्तिकारी किसान सङ्घको संस्थापक जिल्ला सचिवमा सङ्गठित हुनुभएका हेमनाथ ०३० सालको फागुनमा सम्पन्न प्रथम सम्मेलनबाट त्यस सङ्घको जिल्ला अध्यक्षमा छानिनुभएको थियो । उक्त किसान सम्मेलनको लगत्तै भएको बर्रे सङ्घर्षमा हामी सँगै सहभागी भएका थियौं । त्यस सङ्घर्षमा संलग्न भएबापत हामीले ०३० को चैतदेखि ०४३ को जेठसम्म करिब सवा बाह्र वर्ष सँगसँगै जेल जीवन बिताएका थियौं ।

हेमनाथसँग मेरो पहिलो भेट ०३० सालको कात्तिक २६ गते लुम्बिनी अञ्चलव्यापी किसान आन्दोलनका सन्दर्भमा अर्घाखाँचीको तत्कालीन सदरमुकाम नरपानी घेराउ गर्न जुलुस जाने बेलामा भएको थियो । त्यस दिनदेखि लिएर ०६२ असार २६ गतेसम्म करिब ३२ वर्षको अवधिमा धेरै किसिमका आन्दोलन, भेला, बैठक आदि कार्यक्रमहरूमा सँगसँगै सामेल भयौं । सवा १२ वर्ष पञ्चायती कालरात्रिका विरुद्ध सङ्घर्ष गर्दै जेलका कालकोठरीहरूमा सँगसँगै बितायौं । जेलमै रहँदा पहिले हामी सङ्गठित भएको कम्युनिस्ट समूहबाट अलग भई स्वतन्त्र रहने निर्णय गऱ्यौं र केही वर्षपछि फेरि अर्को समूह तत्कालीन नेकपा (माले) मा एकताबद्ध हुने घोषणा गऱ्यौं । जेलबाट छुटेपछि पनि सङ्घर्ष र सङ्गठनका कामहरूमा कहिले सँगसँगै त कहिले आ-आफ्ना ठाउँमा लागिरहयौं । यसरी लामो समयसम्म सँगै काम गर्दा र जेल जीवन बिताउँदा हेमनाथसँगका स्मरणीय घटनाहरू धेरै छन् । ती सबैलाई यस छोटो लेखमा समेट्न सकिँदैन । त्यसैले ज्यादै महत्त्वपूर्ण केही घटनाहरूलाई मात्रै उल्लेख गर्न चाहन्छु ।

०३१ सालको वैशाख-जेठमा जब हामीलाई अर्घाखाँचीको सदरमुकाम नरपानी थानामा चरम यातना दिँदै पार्टीको आन्तरिक जीवन र बर्रे सङ्घर्षसम्बन्धी यावत् जानकारीहरू बकाउन खोजिँदै थियो, त्यसबेला हेमनाथले ज्यादै दह्रो अडान लिनुभएको थियो । त्यसबेला पार्टीभित्रको घूसपैठिया शशिधर आचार्यलाई हामीसँगै राखिएको थियो र उसले 'हामी कम्युनिस्टहरू इमानदार हुन्छौं, कुनै कुरा ढाँट्दैनौं, त्यसैले आफूलाई थाहा भएका सबै कुरा बताउनुपर्छ' भन्दै पञ्चायती प्रशासकसामु पार्टीका सारा कुरा खोल्न प्रेरित गर्दै थियो । हेमनाथले 'कम्युनिस्टहरू इमानदार हुने भनेको जनताप्रति हो, जनताका शत्रुप्रति होइन, जनताको पार्टी र क्रान्तिका कुरा प्रतिक्रियावादी प्रशासनलाई बताउनु इमानदारी होइन, बेइमानी हो । हामीले त्यस्तो बेइमानी काम गर्नुहुँदैन' भनेर दह्रो अडान राख्नुभयो । शशिबाहेक सबै साथीहरूले हेमनाथको भनाइमा सहमति जनायौं र पार्टीका कुनै पनि कुरा प्रतिक्रियावादीहरूलाई नबताउने निर्णय गऱ्यौं । त्यसपछि गद्दार शशिलाई हामीसँग राख्नुको सायद कुनै प्रयोजन नभएर होला, उसलाई हामीबाट अलग गरियो । अनि, हामीले थाहा पायौं कि ऊ त बिक्री पो भइसकेको रहेछ ।

तम्घास जेलको जेलर मदन मोहन श्रेष्ठ ज्यादै बदमास थियो । उसले बन्दीहरूलाई अति नै दु:ख दिने र शोषण गर्ने गर्दथ्यो । ०३४ सालको भदौमा उसले हामीमाथि पनि हमला गऱ्यो । साँझ बन्द गरिसकेका ढोका खोलेर ऊ हामीमाथि हमला गर्न आएकाले हामीले पनि सबै जना (आठ जना, किनभने प्रभाकृष्ण त्यसबेला हामीसँग नबसी अरू बन्दीहरूसँग बस्दथे) मिलेर

उसलाई भक्कुमार कुट्यौं । जेलमा बन्दीहरूले जेलरलाई कुट्नु ठूलो कुरा हुन्छ । त्यस्ता घटनामा सजाय पनि कडा दिइन्छ । तर, अन्यायले सीमा नाघेपछि सजायदेखि कोही डराउँदैन । हामीलाई पनि त्यस्तै भयो । जेलरको दमनले सीमा नाघेपछि उसलाई समातेर भकुर्नुबाहेक हामीसँग कुनै विकल्प रहेन । त्यस कामको सजायस्वरूप हामीलाई नेल-हत्कडी लगाइयो । र, महिनौंसम्म कोठाबाट बाहिर निस्कन दिइएन । हाम्रा 'नेता' केशरमणि पोखरेल गले र जेलरसँग माफी माग्न पुगे । उनले हामीलाई पनि 'जेलरसँग माफी माग्नूस्' भन्न थाले । हामी कोही पनि जेलरसँग माफी माग्ने पक्षमा थिएनौं । हेमनाथलगायत सबैले भन्यौं, 'जेलमा बसेर पनि अन्याय सहने र एउटा अत्याचारी जेलरसँग माफी माग्ने काम हामीबाट हुन सक्दैन ।' यसै घटनाले केशरमणि र हामीबीचको अन्तरविरोधलाई सतहमा ल्याइदियो । व्यक्तिगत रूपमा केशरमणिको हेमनाथसँग हामी सबैसँग भन्दा राम्रो सम्बन्ध थियो । उनले हेमनाथलाई हामी सबैलाई भन्दा बढी विश्वास गर्थे । त्यस स्थितिले गर्दा हेमनाथले केशरमणिसँगको सम्बन्ध तोड्न सक्नुहोला कि नाई ? भन्ने आशंका हामीमा थियो । व्यवहारले हाम्रो आशङ्का मेटाइदियो । हेमनाथ केशरमणिका गलत क्रियाकलाका विरुद्ध दह्रो अडानका साथ अगाडि बढ्नुभयो ।

कमरेड पुष्पलालले बर्रे सङ्घर्षलाई गलत भन्नुभएको थियो तापनि उहाँप्रतिको हाम्रो आस्था र विश्वास डग्मगाएको थिएन । ०३५ साउन ७ गते उहाँको दुःखद निधनले हामीलाई ठूलो चोट पुर्‍यायो । त्यसपछिको नेतृत्वले हामीमा आस्था र विश्वास दिलाउन सकेको थिएन । त्यसैबीच ०३५/३६ को आन्दोलन चर्कियो र जनमतसङ्ग्रहको घोषणा भयो । मनमोहन-साहना समूहलाई मिलाएर नेकपा (मार्क्सवादी) बनाउँदा केशरमणिसमेत त्यसमा सामेल भए र हामीलाई पनि सामेल गराउने कोसिस भयो । हामीले जब पुरानो पार्टी रहेन भने अब कता जाने भन्ने निर्णयमा गम्भीर अध्ययन गरेर मात्रै पुग्नुपर्दछ भन्ने निष्कर्ष निकाल्यौं र तत्काल एक स्वतन्त्र समूह (बर्रे सङ्घर्ष समूह) को रूपमा रहने निर्णय गर्‍यौं । त्यसबेला हेमनाथ पाल्पा जेलमा हुनुहुन्थ्यो र हामी तम्घासमै थियौं । त्यसबेला उहाँलाई भेट्ने र मार्क्सवादी समूहमा सामेल हुन आग्रह गर्ने काम धेरै भयो । तर, उहाँले 'अरू साथीहरूलाई छाडेर म एक्लै कुनै पनि समूहमा सामेल हुने कुरा हुँदैन' भन्दै तम्घासमा रहेका साथीहरूको निर्णयमै अडिनुभयो ।

जनमतसङ्ग्रहको सन्दर्भमा भएको आममाफीमा झापा सङ्घर्ष र बर्रे सङ्घर्षका बन्दीहरू पनि पारिनुपर्दछ भन्ने माग सबै वामपन्थी पार्टीहरू र वाम बुद्धिजीवीलगायतका जनसमुदायबाट राखिएको थियो । प्रतिक्रियावादीहरूले जनताका मागलाई सुनेको नसुनै गरे । हामीलाई आममाफीमा पारिएन । त्यसपछि केशरमणि धेरै आत्तिए र ०३७ को साउनमा राजासँग माफी मागी जेलबाट छुटे । उनले हामीलाई पनि आफूले राजालाई 'चढाएको बिन्तीपत्र' मा सही गराउन खोजे । त्यसबेला हेमनाथ नख्खु जेलमा हुनुहुन्थ्यो, बुद्धिबहादुर रायमाझी, भेषराज ढुङ्गाना र रामचन्द्र पौडेल भद्रगोलमा हुनुहुन्थ्यो र नेत्रप्रसाद ढुङ्गाना, लीलामणि ढुङ्गाना र म बेदुराम भुसाल सेन्ट्रल जेलमा थियौं । केशरमणिले हामीलाई अलग-अलग भेटेर उपर्युक्त 'विन्तीपत्र' मा हस्ताक्षर गराउन खोजे । सेन्ट्रल र भद्रगोल जेलका साथीहरूले आपसमा छलफल गरी माफी मागेर नछुट्ने निर्णय गर्‍यौं । हेमनाथले 'सेन्ट्रल र भद्रगोलका साथीहरूको सहमति बेगर म केही गर्दिनँ' भनेर केशरमणिलाई जवाफ दिनुभयो । हामी माफीको कलङ्कबाट जोगियौं ।

हामीले स्वतन्त्र समूहमा रहेर अध्ययन गर्ने भन्ने निष्कर्षमा पुगेपछि साँच्चै नै मिहिनेतका साथ अध्ययन गरिरहेका थियौं । त्यसबेला नेपाली कम्युनिस्ट आन्दोलनभित्र तीनवटा समूह प्रभावशाली थिए । चौथो महाधिवेशन समूह सायद सबैभन्दा बढी प्रभावशाली थियो । झापा आन्दोलनबाट नयाँ धारको रूपमा देखापरेको र विभिन्न समूहहरूलाई समेट्दै अगाडि बढिरहेको नेकपा (माले) विकासवान थियो । नयाँ बनेको मार्क्सवादी समूहले पनि जनमतसङ्ग्रहताकाको खुला प्रचारमा राम्रै गतिविधि देखाएको थियो । हामीले उपर्युक्त तीन समूहमध्ये कुनचाहिँ बढी सही छ भन्नेमा नै आफ्नो अध्ययनलाई केन्द्रित गर्‍यौं । ०३७ सालको सम्मेलनबाट नेकपा (माले) ले राजनीतिक लाइन परिवर्तन गरेर आएपछि त्यसका कुराहरू नै अरूका भन्दा ठीक छन् भन्ने हामीलाई लाग्यो । त्यसपछि हामी 'किन नेकपा (माले) मा प्रवेश गर्ने' भन्ने प्रस्ताव तयार गर्नपट्टि लाग्यौं । सेन्ट्रल र भद्रगोलमा त ती दुवै जेलका बन्दीहरूले काम गर्ने साझा थलोको रूपमा रहेको कारखानामा जानेहरूमार्फत सजिलै गोप्य पत्रहरूको आदान-प्रदान गर्न सकिन्थ्यो । तर, नख्खुमा गोप्य पत्र पुर्‍याउनचाहिँ धेरै गाह्रो थियो । त्यसैले हेमनाथलाई साङ्केतिक ढङ्गले खबर गर्ने गरेका थियौं । उहाँले 'साथीहरूले गरेको निर्णयमा मेरो सहमति छ' भनेर हामीलाई हौसला दिनुभएको थियो । प्रस्ताव तयार पारेर मोदनाथ प्रश्रितमार्फत पार्टी केन्द्रलाई पठाएको केही महिनापछि हामी सेन्ट्रल जेलमा भएकाहरू पनि नख्खु जेलमा पुर्‍याइयौं । त्यसपछि मात्रै हेमनाथसँग विस्तृत कुराकानी भयो । त्यसबेला पनि हेमनाथले राम्रो अडान राख्नुभएको थियो ।

हेमनाथसँगसँगै काम गर्दाका यस्ता घटनाहरू धेरै छन् । हेमनाथले जीवनभर जनता र परिवर्तनको पक्षमा आफूलाई उभ्याउनुभयो । जनविरोधीहरूका सामु कहिल्यै झुक्नुभएन । स्वार्थका पछाडि लाग्नुभएन । सादा जीवन र उच्च विचारको आदर्शलाई पछ्याइरहनुभयो । उहाँको लगन र सङ्घर्षशीलताबाट नेपाली कम्युनिस्ट आन्दोलनमा थुप्रै इँटा थपिएका छन् । यस आन्दोलनलाई अझ अगाडि बढाउनका लागि हेमनाथजस्तै लगनशील धेरै नेता र कार्यकर्ताहरूको ठूलो खाँचो छ ।

# प्रजातान्त्रिक समाजवादको चर्चा

**डा. विजयकुमार पौडेल**

**भूमिका**

अहिले प्रजातान्त्रिक समाजवाद र वैज्ञानिक समाजवादका बीचमा पुनः चर्चा गर्नुपर्ने समय आएको छ । अन्तर्राष्ट्रिय रूपमा समाजवादी आन्दोलन रक्षात्मक अवस्थामा भएका कारणले पनि यसबारेमा व्यापक बहस हुनु जरुरी भएको छ भने हाम्रो देशमा उग्रवामपन्थी भड्काउबाट ग्रसित नेकपा (माओवादी) का अतिवादी क्रियाकलापहरूका कारणले कम्युनिस्ट आन्दोलन विचारधारात्मक तहमा पनि सङ्कटग्रस्त बन्दै गएका कारण वैचारिक बहसलाई धारिलो बनाउनुपर्ने भएको छ । उग्रवामपन्थको खण्डनको काम विचारधारात्मकस्तरमा कम हुँदै गएर ज्यादतीहरूको 'भर्त्सना' र माओवादीहरूले गर्ने हत्याका विरुद्ध 'दुःख व्यक्त' गर्ने कुरामा सीमित हुन पुगेको छ ।

अहिले हाम्रो देशको वामपन्थी आन्दोलनमा लागेका कतिपय नेता-कार्यकर्ताहरूले यस्तो भन्ने गरेको पाइएको छ- 'माओवादी ज्यादतीका कारण हँसिया-हथौडाअङ्कित झन्डा साह्रै बदनाम भयो । झन्डा पो फेर्नुपर्छ क्यारे !' आफूलाई मार्क्सवादका प्रकान्ड विद्वान् भनाउन रुचाउने एकजना नेताले यस्तो पनि भनेको सुनियो- 'जनताको बहुदलीय जनवाद भनेको सामाजिक जनवाद त हो नि ! बहुदलीय प्रतिस्पर्धासहितको समाजवाद भनेको त प्रजातान्त्रिक समाजवाद नै हो । नेकपा ( एमाले) साँचो अर्थमा प्रजातान्त्रिक समाजवादी पार्टी हो । यसैले नेकपा (एमाले) ले आफ्नो झन्डा फेर्दा केही फरक पर्दैन ।' यी भनाइहरू माओवादी उग्रवामपन्थसँग वैचारिक प्रतिस्पर्धा गर्ने क्रममा सिर्जना भएका दक्षिणपन्थी अभिव्यक्तिहरू हुन् । यसैले प्रजातान्त्रिक समाजवाद के हो भन्नेबारेमा गरिने चर्चा सान्दर्भिक देखिएको छ ।

**मार्क्सवाद र प्रजातान्त्रिक समाजवाद**

सन् १८४७ मा कम्युनिस्ट लिगले कम्युनिस्ट पार्टीको घोषणापत्र लेख्ने जिम्मा कार्ल मार्क्स र फ्रेड्रिक एङ्गेल्सलाई दिएको थियो । सोही जिम्मेवारीअनुसार नै उहाँहरूले लेखेको कम्युनिस्ट पार्टीको घोषणापत्र सन् १८४८ मा प्रकाशित भएको तथ्य सम्बन्धित सबैलाई थाहै छ । समाजवादी विचारधारा मार्क्स-एङ्गेल्सले कम्युनिस्ट घोषणापत्र लेख्नुभन्दा धेरै पहिले अस्तित्वमा आइसकेको थियो । मार्क्सभन्दा पहिलेका समाजवादीहरू (विशेषतः चार्ल्स फुरिए, सेन्ट साइमन र रबर्ट ओवेन) का विचारहरूमा रहेको अवैज्ञानिकता तथा आदर्श कल्पनाले प्रेरित दृष्टिकोणहरूको खण्डन गर्दै समाजवादी आर्थिक, राजनीतिक र सामाजिक विचारहरूलाई वैज्ञानिक धरातलमा उभ्याउने प्रयास गरेका कारणले नै कार्ल मार्क्सले आफूले अगाडि सारेको समाजवादी सिद्धान्तलाई वैज्ञानिक समाजवादको सिद्धान्त भन्नुभएको हो । पुँजीवादी व्यवस्थाभित्रै गरिने क्रमिक सुधारहरूबाट समाजवादको निर्माणको प्रयास गर्ने विचारधारा नै सारमा काल्पनिक समाजवाद थियो । सर्वहारा वर्गको छुट्टै स्वतन्त्र पार्टी निर्माण गर्ने, सर्वहारा वर्गलाई सत्तामा पुऱ्याउनका लागि क्रान्ति गर्नुपर्ने र सत्ता कब्जा गरेको सर्वहारा वर्गको नेतृत्वमा पुँजीवादी उत्पादन-सम्बन्धहरूमा आधारित पुँजीवादी समाजको आमूल परिवर्तन गरेर ठोस वैज्ञानिक सिद्धान्तमा आधारित समाजवादी समाजको निर्माण गर्ने विचार नै कार्ल मार्क्सको नेतृत्वमा अगाडि सारिएको वैज्ञानिक समाजवादको सिद्धान्त हो । त्यतिखेरका बुर्जुवा पार्टीहरूले पनि जनवाद (प्रजातन्त्र) को कुरा अगाडि सारेका थिए । यसैले कम्युनिस्टहरूले स्थापना गर्न खोजेको प्रजातन्त्रलाई नयाँ नाम दिनुपर्ने भयो । त्यो नाम थियो- सामाजिक प्रजातन्त्र अर्थात् सामाजिक जनवाद । वैज्ञानिक समाजवादलाई आफ्नो आदर्श मान्नेहरूले पार्टीको नाम सामाजिक जनवादी पार्टी भनेर राख्ने लहर नै चल्यो ।

प्रजातान्त्रिक समाजवादको जरो खोज्दै जाँदा एडवर्ड बर्नस्टिनसम्म पुगिन्छ । सन् १८९५ अघिसम्म बर्नस्टिन एङ्गेल्सका नजिकका मित्र तथा धुरन्धर मार्क्सवादीका रूपमा सुपरिचित थिए । यिनले एङ्गेल्सको मृत्युपछि संशोधनवादी अभियान सुरु गरे । बर्नस्टिनले आफ्ना संशोधनवादी विचारहरूलाई Die Neue Zeit भन्ने पत्रिकामा सन् १८९६ देखि १८९८ सम्म शृङ्खलाबद्ध लेखमालाका रूपमा प्रकाशित गरेका थिए । ती लेखहरू समाजवादका समस्याहरू भन्ने शीर्षकमा छापिएका थिए । यिनै लेखहरूको सङ्कलन गरेर सन् १९०९ मा बर्नस्टिनले 'विकासशील समाजवाद' भन्ने पुस्तक प्रकाशित गरे । द्वन्द्वात्मक र ऐतिहासिक भौतिकवादलाई अस्वीकार गर्दै यिनले इमानुएल कान्टका धारणालाई सही ठहऱ्याउने प्रयत्न गरेका थिए । मार्क्सका निष्कर्षहरूको ठीक विपरीत उभिँदै यिनले घोषणा गरे- 'मान्छेको चेतनाले नै उनको अस्तित्व निर्धारण गर्दछ' (बर्नस्टिनः १९०९, ३) । समाजवादी व्यवस्थाको स्थापना हुने काम मार्क्सको विचारमा इतिहासको वस्तुगत प्रक्रिया हो भने बर्नस्टिनको विचारमा मान्छेको आदर्शवादी इच्छा नै समाजवाद हो । पुँजीवादी व्यवस्थाभित्र क्रमिक सुधारहरू गरेर समाजवादी व्यवस्थाको स्थापना हुनसक्छ भन्ने मान्यता नै बर्नस्टिनको निष्कर्ष थियो । हेगेल र मार्क्सका विचारहरूलाई एउटै देख्ने बर्नस्टिनको घोषणा थियो- 'हेगेल र मार्क्सका विचारहरू थोत्रा भइसके ।' (उही, ४) ।

बर्नस्टिनका थप तर्कहरू यस्ता थिए- 'मार्क्स-एङ्गेल्सको मृत्युपछि विश्वको आर्थिक परिस्थितिमा आमूल परिवर्तन भएको छ । वर्गसङ्घर्षको अवस्था समाप्त भएको छ । श्रमिक वर्गले समाजवाद निर्माण गर्नका लागि सत्ताधारी वर्गलाई बढीभन्दा बढी दबाब दिए पुग्छ, पुँजीवादी सत्ता परिवर्तनको आवश्यकता छैन । श्रमिकवर्गले आफ्नो आन्दोलनको अन्तिम लक्ष्य निर्धारण गर्नुपर्दैन, सुधारको माग लिएर गरिने 'आन्दोलन नै सबैथोक हो, लक्ष्य केही पनि होइन' (उही, १५) । यसरी देखिन्छ कि मार्क्सवादको विकासको नाममा बर्नस्टिनले आफूलाई मार्क्सवादको ठीक विपरीत ध्रुवमा उभ्याएका थिए । 'बर्नस्टिनको मूल उद्देश्य भनेको समाजवादी आन्दोलनबाट मार्क्सवादलाई जरैदेखि उन्मूलन गर्नु रहेको देखिन्छ' (स्वीजीः १९७०, १९३) । छोटकरीमा भन्नुपर्दा बर्नस्टिनको विचारमा मार्क्सले अगाडि सारेको आर्थिक सिद्धान्त ठीक थियो तर मार्क्सले अगाडि सारेको वर्गसङ्घर्षको सिद्धान्त गलत थियो ।

बर्नस्टिन एङ्गेल्सको नेतृत्वमा गठित दोस्रो अन्तर्राष्ट्रिय सङ्गठनकै सदस्य थिए । उनी र लेनिनका बीचमा तीखो वैचारिक सङ्घर्ष भएको थियो तर समाजवादी आन्दोलनमा विभाजन आइसकेको थिएन । कम्युनिस्ट अन्तर्राष्ट्रियको आचारसंहिताअनुसार

आपसमा जतिसुकै विवाद भए पनि आफूलाई समाजवादी मान्ने हरेक पार्टीले विश्वको जुनसुकै कुनामा भएको सर्वहारा वर्गको सङ्घर्षलाई समर्थन गर्नुपर्दथ्यो । सबै समाजवादी पार्टीहरू अनिवार्य रूपमा दोस्रो इन्टरनेसनलको सदस्य हुन्थे । सन् १९१२ सम्म आइपुग्दा विश्वयुद्धका लक्षणहरू देखापर्न थालिसकेका थिए । जर्मनी, फ्रान्स, बेलायत, इटलीजस्ता त्यतिखेरका सैनिक र आर्थिक दृष्टिले शक्तिशाली राष्ट्रहरू उपनिवेश विस्तारका लागि आपसमा होडबाजी गर्दै थिए । विश्वयुद्ध सुरु भैहाल्यो भने समाजवादी पार्टीहरूले कस्तो नीति लिने भन्ने निर्णय लिनका लागि सन् १९१२ मा स्वीजरल्यान्डको बैसेल भन्ने ठाउँमा दोस्रो अन्तर्राष्ट्रियको आकस्मिक सम्मेलनको आयोजना भयो । सम्मेलनले साम्राज्यवादी युद्धको समर्थन नगर्ने नीति पारित गऱ्यो । गरिब राष्ट्रहरूमा सैनिक आक्रमण गरेर उपनिवेश कायम गर्ने घृणित कामलाई ढाकछोप गर्न साम्राज्यवादीहरूले 'पितृभूमिको रक्षा र विस्तार गर्ने' कुटिल नारा अगाडि सारेका थिए । यसै सन्दर्भमा बैसेल सम्मेलनले घोषणा गरेको थियो- 'पितृभूमिको रक्षाको नाममा साम्राज्यवादी युद्धको समर्थन गर्नु समाजवादप्रति गद्दारी हुनेछ ।' यस नीतिले संसारभरिका समाजवादीहरूलाई साम्राज्यवादको विरुद्धमा एकजुट बनाउने प्रयास गरेको थियो ।

सन् १९१४ को अगस्त १ तारिखदेखि पहिलो विश्वयुद्ध सुरु भयो । दोस्रो कम्युनिस्ट अन्तर्राष्ट्रियको बैसेलमा सम्पन्न सम्मेलनले जे-जस्ता आचार संहिताहरू पारित गरेको भए तापनि युद्धको सुरुआतसँगै दोस्रो अन्तर्राष्ट्रिय सङ्गठन छिन्नभिन्न हुनपुग्यो (अगाथा राम् : १९८४, १०) । युरोपका प्रमुख सामाजिक जनवादी पार्टीहरूले बैसेल घोषणापत्रमा आफूहरूले गरेको सहीछापलाई बिर्सिएर आ-आफ्नो देशका प्रतिक्रियावादी सरकारको पक्षमा लाग्ने काम गरे (नेहरू: १९६८, ६) । सामाजिक जनवादीहरूले समाजवादलाई बिर्सिएर अन्धराष्ट्रवादी बाटो समात्न पुगे । यसै घटनाबाट एकीकृत समाजवादी आन्दोलनमा फूट सुरु भयो । युरोपमा रहेका अरू सामाजिक जनवादी पार्टीहरूले रुसमा सम्पन्न महान् अक्टुबर समाजवादी क्रान्तिको भर्त्सना गरे तथा रुसलाई क्रान्तिपूर्वको स्थितिमा फर्काउनुपर्ने माग गरे । यसबाट कम्युनिस्ट पार्टी र सामाजिक जनवादी पार्टीहरूका बीचमा उत्पन्न भएको फाटो अरू बढ्नु स्वाभाविकै थियो । अक्टुबर समाजवादी क्रान्तिका विरोधीहरूले सामाजिक जनवादी पार्टीहरूको नेतृत्व कब्जा गरेका हुनाले अरू युरोपेली देशहरूमा पनि अक्टुबर क्रान्तिका समर्थकहरूले कम्युनिस्ट पार्टी गठन गर्नुपर्ने वा पार्टीको नाम परिवर्तन गरी कम्युनिस्ट पार्टी राख्नुपर्ने आवश्यकता महसुस गरे । त्यहीँबाट समाजवादी आन्दोलनमा स्पष्टतः दुई खेमाहरू देखापरे । संसदीय बाटोबाट क्रमिक सुधार गर्दै समाजवादमा पुग्न सकिने कुरामा विश्वास गर्नेहरूले आफ्नो विचारलाई प्रजातान्त्रिक समाजवाद र आफूलाई प्रजातान्त्रिक समाजवादी (वा सामाजिक जनवादी) भन्न थाले भने सुधार होइन, क्रान्ति चाहिन्छ भन्नेहरूको विचारलाई वैज्ञानिक समाजवाद भन्न थालियो । एकप्रकारले काल्पनिक समाजवाद र वैज्ञानिक समाजवादको विवाद नयाँ रूपमा प्रस्तुत भयो ।

यसरी देखिन्छ कि सन् १९१४ अघिसम्म कम्युनिस्टहरूको पार्टीलाई सामाजिक जनवादी पार्टी भनिन्थ्यो अथवा सामाजिक जनवादी पार्टीमा सङ्गठित हुनेहरूले आफूलाई कम्युनिस्ट भन्थे । रुसी क्रान्तिको केही पछिसम्म समेत अक्टुबर क्रान्तिको विरोध गर्ने सामाजिक जनवादीहरूले आफूलाई कम्युनिस्ट भनेर चिनाउने गरेका थिए तर पछि पार्टीकै नामअनुसार आफूलाई सामाजिक समाजवादी वा प्रजातान्त्रिक समाजवादी भनेर चिनाउन थाले ।

सन् १९१९ को फरवरीमा बोनमा सम्पन्न सामाजिक जनवादीहरूको सम्मेलनले लेनिनवादीहरूलाई समाजवादी अन्तर्राष्ट्रियबाट निष्कासन गरेको घोषणा गऱ्यो । एकता प्रयासको प्रतीक्षा समाप्त भएपछि लेनिनको अगुवाइमा ४ मार्च १९१९ मा मस्कोमा तेस्रो इन्टरनेसनलको अधिवेशन बोलाइयो, जसले तेस्रो कम्युनिस्ट अन्तर्राष्ट्रिय सङ्गठन गठन गऱ्यो । सामाजिक जनवादीहरूको बोनमा सम्पन्न सम्मेलनले घोषित रूपमा दक्षिणपन्थी बाटो समातेको भए तापनि कम्युनिस्ट वा लेनिनवादी, समाजवादी विचारसँग के कति मामिलामा वैचारिक भिन्नता रहने भन्ने कुराको स्पष्ट रेखाङ्कन भइसकेको थिएन । प्रथम विश्वयुद्धदेखि सन् १९७० को दशकसम्म वैज्ञानिक समाजवादी विचार नै अग्रस्थानमा रहेको थियो । त्यस अवधिमा पुँजीवादी पार्टीहरू पनि रातारात प्रजातान्त्रिक समाजवादी पार्टीमा रूपान्तरण भएका वा देखाउनकै लागि भए पनि आफ्नो कार्यक्रममा समाजवाद शब्द झुन्ड्याउन बाध्य भएका देखिन्छन् । दोस्रो विश्वयुद्धपछि समाजवादी सोभियत सङ्घको प्रतिष्ठा झन् माथि उठ्यो । प्रजातान्त्रिक समाजवादी भनिनेहरूले आफ्नो सिद्धान्तलाई स्पष्ट रूपमा पृथक देखाउनुपर्ने आवश्यकता महसुस गरे । दोस्रो विश्वयुद्धपछि सन् १९७० को बीचको अवधि त्यस्तो समय थियो, जतिखेर पुँजीवादको वकालत गर्नेहरू कोही थिएनन् । पुँजीवादले मिश्रित अर्थतन्त्रको सहारा लिनुपरेको थियो । त्यो समय गफकै लागि भए पनि 'आर्थिक समानता' सबै अर्थशास्त्रीहरू र नेताहरूको मुखमा झुन्डिएको हुन्थ्यो । भित्री मनले मार्क्सको समाजवादी चिन्तनलाई नमान्ने तर आफूलाई समाजवादी नै देखाउन चाहनेहरूले तेस्रो बाटोको वकालत गर्न थाले । मार्क्सवादी-लेनिनवादी र पुँजीवादी बाटो छाडेर संसदीय अभ्यासमार्फत क्रमिक सुधार गर्दै समाजवादी बाटो छाडेर संसदीय अभ्यासमार्फत क्रमिक सुधार गर्दै समाजवादमा पुग्न सकिने उही पुरानो कुरालाई तेस्रो बाटो भनियो । सन् १९५१ मा प्रजातान्त्रिक समाजवादीहरूको अन्तर्राष्ट्रिय अधिवेशन फ्रेङ्कफर्टमा सम्पन्न भयो । यस अधिवेशनलाई फ्रेङ्कफर्ट अधिवेशन भनिन्छ । यस अधिवेशनले अगाडि सारेका मान्यताहरूको निष्कर्ष भनेको क्रान्ति नगरिकन समाजवादको निर्माण, सर्वहारावर्गको नेतृत्वबिना श्रमिक वर्गको सशक्तीकरण, सम्पत्तिवाला वर्गमाथि कुनै हानि नपुऱ्याईकन आर्थिक समानताको स्थापना तथा अर्थव्यवस्थामा निजी क्षेत्रको बाहुल्यतासहितको समाजवादको निर्माण गर्न सम्भव छ भन्नु नै हो । फ्रेङ्कफर्ट अधिवेशनले जारी गरेको घोषणापत्रलाई सैद्धान्तिक घोषणाहरू भन्ने नाम दिइएको थियो । यस घोषणापत्रमा लेखिएको छ : 'सारा संसारका जनताले प्रजातान्त्रिक अभ्यासको माध्यमबाट राजनीतिक र सामाजिक क्षेत्रका सबै पक्षहरूमा आफ्नो नियन्त्रण कायम गर्ने छन् । ... कम्युनिस्टहरू वामपन्थी उग्रवादी हुन् भने परम्परावादीहरू दक्षिणपन्थी

अतिवादीहरू हुन् । दुवै अतिवादका बीचको तेस्रो धार नै प्रजातान्त्रिक समाजवादी धार हो' (फ्रेङ्कफर्ट घोषणा : १९५१, १) । वित्तीय पुँजीको अन्तर्राष्ट्रिय विस्तारलाई कम्युनिस्टहरूले साम्राज्यवाद भन्छन् भने प्रजातान्त्रिक समाजवादीहरूले त्यस कुरालाई सकारात्मक रूपमा लिन्छन् । प्रजातान्त्रिक समाजवादी विचारधाराले दोस्रो विश्वयुद्धपछि पुँजीवादको चरित्रमा आधारभूत परिवर्तन भएको देख्दछ । यस विचारधाराका अनुसार सामाजिक जीवनका हरेक क्षेत्रहरूलाई विकसित प्रविधिले प्रभावित गरेको छ र यसले गर्दा श्रमिकवर्गको जीवनस्तरमा स्वतः सकारात्मक परिवर्तन भइसकेको हुँदा वर्गसमन्वयको अवस्था सिर्जित भएको छ । जे-जति असमानताको पक्ष बाँकी छ, त्यसलाई पनि प्रजातान्त्रिक अभ्यासद्वारा हटाउन सकिन्छ भन्ने विश्वास फेङ्कफर्ट घोषणापत्रले लिएको छ । प्रजातान्त्रिक समाजवादीहरूका अन्तर्राष्ट्रिय सम्मेलनहरू बेलाबेलामा हुने गरेका छन् । ती सम्मेलनहरूले थप नयाँ कुरा ल्याएका छैनन् ।

**क्रमशः**

# सङ्कटको विचारधारात्मक पाटो

**घनश्याम भुसाल**

### सङ्कटका पात्रहरू

● करिब तीन वर्षको तयारीपछि राजा ज्ञानेन्द्र नेपालको निरङ्कुश राजतन्त्रले सङ्ग्रह गरेका सम्पूर्ण दर्ज्यानीहरू भिरेर राजनीतिक रङ्गमञ्चमा देखापरे । अथवा नेपालको इतिहासमा राजतन्त्रको निरङ्कुशताका विभिन्न आयामहरूको एकीकृत र असली अभिव्यक्ति दिएका छन् राजा ज्ञानेन्द्रले । अहिले ज्ञानेन्द्रको सत्तापलटलाई अलग राखेर नेपाली राजनीतिको चर्चा गर्नु सम्भव छैन ।

● नेपालको शासक वर्ग- राजसंस्थाले नेतृत्व गरेको प्रतिक्रियावादी वर्गको स्वार्थअनुरूप निर्मित सामाजिक चरित्रले गर्भाधान गरेको विद्रोहलाई अभिव्यक्ति दिँदै नेकपा (माओवादी) ले विगत १० वर्षभित्रै विश्व इतिहासमा विरलै भेटिने शक्तिशाली विद्रोहको किल्ला निर्माण गऱ्यो । देशभित्र र बाहिर पनि माओवादी 'जनयुद्ध' वर्तमान नेपालको एउटा अपरिहार्य सन्दर्भ बन्यो- यसलाई पनि किनारामा राखेर वर्तमान नेपालका बारेमा चर्चा गर्नु सम्भव छैन ।

● नेपाली जनताले अधिकारका लागि गरेको पछिल्लो ठूलो प्रयत्न (०४६ सालको जनआन्दोलन) बाट प्राप्त भएको प्रजातान्त्रिक व्यवस्था र प्रक्रिया अवरुद्ध भयो, दुनियाँका आँखाअगाडि घट्दै गएका प्रतिगमनका एकपछि अर्का घटनालाई जनतामा निहित सार्वभौमसत्ताका वास्तविक वाहक शक्ति भनिएका मुलुकका राजनीतिक पार्टीहरू र तिनका नेताहरूले बचाउन सकेनन् । त्यति मात्र होइन, जनताको सार्वभौमसत्ताका वाहक संस्था र नेताहरू कतिपय अवस्थामा निरङ्कुशतन्त्रका योजनामा सहयोगीसमेत बन्न पुगे । तर फेरि पनि यो कित्ता नेपाली समसामयिक राजनीतिक रङ्गमञ्चको अभिन्न अङ्ग हो ।

उपरोक्त घटनाक्रमहरूले निर्माण गरेको नेपाली राजनीतिको परिदृश्य नै अहिलेको सङ्कट हो । एकातिर यी तीनवटा घटना प्रवृत्तिको एकीकृत अभिव्यक्ति नै वर्तमान सङ्कट हो भने अर्कोतिर अहिले यी तीनवटै प्रवृत्तिहरू आफैँमा सङ्कटग्रस्त छन् ।

### पात्रहरूका आ-आफ्ना सङ्कट

● ०४७ सालको संवैधानिक व्यवस्थाले राजतन्त्रको अभिजातवर्गीय हितहरूलाई साँघुऱ्याएको थियो । ०४७ सालमा पुरानो सामन्ती समाजका आधारहरू भत्किइसकेको र नयाँ निर्माणकै क्रममा रहेको पराश्रयी पुँजीवादी हितहरूको नेताका रूपमा आफूलाई उभ्याउन नसकेको राजतन्त्रले आफ्ना स्वेच्छाचारी-सर्वसत्तावादी महत्वाकाङ्क्षालाई संवैधानिक दायरामा ल्याउन राजी हुनुपरेको थियो । एकातिर राजतन्त्रका हितहरूलाई सीमित पारिएको ०४७ सालको संविधान र संविधान पक्षधर राजीतिक पार्टीहरूसँग राजाको अन्तरविरोध, अर्कोतर्फ हुर्किँदै गएको 'जनयुद्ध' ले पराश्रयी पुँजीवाद तथा नवधनाढ्यवर्गमाथि खडा गरेको सङ्कटले गर्दा राजा, पुरानो अभिजातवर्ग र नयाँ धनाढ्यवर्ग एकै ठाउँमा उभिने परिस्थिति बन्यो । खासगरी आफ्नो वर्गका हितहरूमाथि 'जनयुद्ध' ले सङ्कट खडा गरेको र राजनीतिक पार्टीहरूले त्यो सङ्कटलाई समाधान गर्न नसकेको हुँदा त्यो नवोदित वर्गले शाही-सेनासहितको दरबारको पर्खालभित्र मात्रै आफूलाई सुरक्षित ठान्यो । अन्तर्राष्ट्रिय पुँजीवादी केन्द्रहरूले पनि यसलाई समर्थन गरे । १८ असोज, २०५९ पछि राजाका चालबाजीलाई समर्थन गर्ने विश्व बैंकलगायतका संस्था र अमेरिका, बेलायत आदिको समर्थन यही स्वाभाविक सन्दर्भका अभिव्यक्ति हुन् ।

०६१ माघ १९ गतेको घटना पुरानो अभिजात वर्गीय शाह-राणा गठबन्धन र नवोदित दलाल पुँजीपति वर्गमाथि आइपरेका सङ्कट मोचन गर्ने सबैभन्दा स्पष्ट, खुला र अन्तिम कदम थियो । 'माघ १९' पछि नेपालका ठूला घराना र उच्च-मध्यम वर्गमा देखिएको 'राजाले शान्ति कायम गर्छन् भने समय दिनुपर्छ' भन्ने रुझानले त्यसैलाई प्रकट गर्छ । तर, अन्तर्राष्ट्रिय पुँजीवादी केन्द्रहरू राजाको नाङ्गो निरङ्कुशताले अन्त्यतः नवोदित पुँजीपति तथा मध्यम वर्गलाई सुरक्षा दिन र उनीहरूको साथ लिन सक्दैन भन्ने ठानेर राजा र दलहरूको एकतामा जोड दिँदै राजाले त्यसो नगरेको हदसम्म विरोध गरे । अहिले आएर राजाले नवोदित पुँजीपति वर्ग र मध्यम वर्गको सुरक्षा गर्न नसकेको र मध्यम वर्गको शान्तिप्रतिको मोहमा पानी खन्याउन थालेपछि राजा झन् सङ्कटमा पर्दै गएका छन्, एक्लिँदै गएका छन् । अन्तर्राष्ट्रिय पुँजीवादी समुदायले राजा र राजनीतिक पार्टीहरूलाई 'प्रजातन्त्र'को प्लेटफर्ममा सँगसँगै उभ्याउने प्रयत्न गरिरहने छन् । यो प्रक्रियामा राजा तयार भएनन् र 'जनयुद्ध' झन् बढ्दै

गयो भने राजनीतिक पार्टीहरूमार्फत कुनै अन्तर्राष्ट्रिय समाधानको प्याकेजमा जान राजालाई बाध्य पार्ने सम्भावना देखिँदैछन्। यो मुद्दामा राजा सहमत नहुँदा राजनीतिक पार्टीहरू र माओवादीसमेत समयक्रममा एक ठाँउ उभिने छन्। यसरी मुलुकको परिस्थिति निरङ्कुश राजतन्त्रको पुनरुत्थानले मात्रै सङ्कटपूर्ण बनेको होइन, स्वयम् राजतन्त्रसमेत सङ्कटपूर्ण भएकाले उसले '१८ असोज' हुँदै '१९ माघ' को बाटो रोजेको हो।

राजतन्त्रको बौद्धिक आधार दैवी सिद्धान्त हो। आधुनिक राजनीतिशास्त्रमा दैवी सिद्धान्त भनेको केवल धार्मिक अन्धविश्वास हो। अर्थात् राजसंस्था मानिसको अन्धविश्वास र अज्ञानतामा राज गर्ने संस्था हो। विचारधारात्मक रूपमा राजतन्त्र सामन्त-जमिनदार वर्गको हितसाधनको सैन्यसङ्गठन हो। नेपालमा राजतन्त्रको सामन्ती आधार तीन-चार दशक पहिले नै भत्किइसकेको हो। त्यसपछिको राजतन्त्र क्रमशः दलाल पुँजीवादमा रूपान्तरण हुँदै त्यसको नेपाली एकाधिकारी संस्थामा परिणत भयो। त्यही कारणले अन्तर्राष्ट्रिय साथ सहयोग पनि पायो। तर, दलाल पुँजीवादको एकाधिकारी राजनीतिक प्रतिनिधि बन्ने राजतन्त्रको हैसियत पनि अहिले कमजोर हुँदै गएको छ। यसरी नेपालको राजतन्त्रले आफ्नो दलाल पुँजीवादी आधार पनि गुमाउँदै गएको छ। आफ्नो भौतिक आधार भत्किँदै गएको राजतन्त्रको सांस्कृतिक आधार पनि राजा वीरेन्द्रको वंशनासपछि नराम्ररी भत्केको छ। यसरी राजतन्त्र चरम वैचारिक सङ्कटमा फसेको छ। यो सङ्कट चर्किँदै जाँदा ऊ अझै आक्रामक बन्नसक्छ। तर, निरङ्कुश राजतन्त्रका अन्तिम दिनहरू कुनै पनि राजतन्त्रका सन्दर्भमा सहज र स्वाभाविक भएका छैनन्। संक्षेपमा, राजतन्त्र भयङ्कर सङ्कटबाट गुज्रिँदैछ।

- राजा-राणाहरूको पारिवारिक हितमा टिकेको नेपाली राज्य व्यवस्थाले उत्पन्न गरेका अनेकौं सामाजिक-आर्थिक अन्तरविरोधको जगमा विद्रोहका आधार थिए र छन्। इतिहासको प्रकट र अप्रकट विद्रोहको सिलसिलाको पछिल्लो कडी माओवादी विद्रोह हो। यसरी नेकपा (माओवादी) का 'जनयुद्ध' सङ्कटपूर्ण सामाजिक चरित्रको अभिव्यक्ति हो, जसका लागि मूलतः निरङ्कुश राजतन्त्रात्मक शासन-व्यवस्था जिम्मेवार छ। तर, नेकपा (माओवादी) ले समाज, राज्य, राजनीति, वर्ग, सामाजिक परिवर्तनमा जनताको भूमिकाजस्ता मुख्य सैद्धान्तिक विषयहरूमा अवलम्बन गरेका मनोगतवादी र पुराना दृष्टिकोणहरूले गर्दा समस्यालाई मात्र बुझ्ने तर वर्तमान नबुझ्ने, इतिहास मात्र बुझ्ने तर वर्तमान र भविष्य नबुझ्ने, समाजको शोषण र दमन मात्रै बुझ्ने तर मुक्ति र स्वतन्त्रता नबुझ्ने ठाउँमा उभिन पुगेको छ।

मानवता तथा मानवीयताका सन्दर्भमा कार्ल मार्क्सको 'अलगाव' (Alienation) सिद्धान्तले कसरी पुँजीवादी उत्पादन प्रक्रियाले श्रमजीवी वर्गलाई मानवीय हैसियतबाट अमानवीय हैसियतमा धकेल्छ र स्वयम्लाई पनि कसरी अमानवीय बनाउँदै जान्छ भन्ने कुरामा प्रकाश पार्छ। मानिसलाई 'मनुष्यत्व' बाट अलग पार्ने पुँजीवादी उत्पादन प्रक्रियाका विरुद्ध गरिने सर्वहारा क्रान्तिले सबैलाई 'मनुष्यत्व' सहितको मानिस बन्ने परिस्थितिको ग्यारण्टी गर्छ,, यसैले सर्वहारा क्रान्ति सम्पूर्ण मानवताको प्राथमिक सर्त हो भनेर मार्क्सले क्रान्ति र मानवतालाई जोडेका थिए। तर, नेकपा (माओवादी) को 'क्रान्ति' सम्बन्धी मान्यताहरूको निष्कर्षले जनतालाई क्रान्तिबाट अलग्याउँछ अथवा मार्क्सले परिकल्पना गरेको मनुष्यत्वका साथ 'क्रान्ति' मा सहभागी बन्न दिँदैन। त्यसले 'मनुष्यत्व' र 'क्रान्ति' मध्ये एउटा कित्ता रोज्न लगाउँछ। मानिसलाई क्रान्ति गर्न नेतृत्व गर्ने होइन, मानिसमाथि 'क्रान्ति' थोपर्छ। मार्क्सले 'मनुष्यत्व' का लागि 'क्रान्ति' को अपरिहार्यता देखे तर नेकपा (माओवादी) को प्रचण्डपथले क्रान्तिबाट 'मनुष्यत्व' लाई अलग्याउँछ र क्रान्तिलाई मानवताविरुद्ध उभ्याउँछ। आलोचकहरूले माओवादी 'जनयुद्ध' को व्यक्ति हत्या, असहिष्णुता, सैन्यवादिता आदिको भर्त्सना गरिरहेको भए पनि नेकपा (माओवादी) को यो अन्तरनिहित दार्शनिक सङ्कटबाट निर्धारित वैचारिक सङ्कटलाई बुझ्न सकेका छैनन्। त्यसैले नेकपा ( माओवादी) को वैचारिक आलोचना भएको छैन तर यो नै यस्तो दृष्टिविन्दु हो, जसले नेकपा (माओवादी) 'क्रान्ति' लाई क्रान्तिकारी बन्न दिँदैन। यसरी नेकपा (माओवादी) को 'जनयुद्ध' सङ्कटमा छ र जति अगाडि बढ्नेछ, त्यति नै त्यो अझ सङ्कटग्रस्त बन्दै जानेछ।

- ०४७ सालको संविधानको दायराभित्रका राजनीतिक पार्टीहरू अहिले 'निरङ्कुशतन्त्रको विरुद्ध, पूर्ण प्रजातन्त्र प्राप्ति' को आन्दोलनमा छन्। यो कुरा दोहोऱ्याइरहनु पर्दैन कि यी राजनीतिक पार्टीहरू नेपाली समाजका आधारभूत सङ्कटलाई सम्बोधन गर्न नसक्दा स्वयम् सङ्कटग्रस्त हुँदै गएर अहिले राजा र माओवादीको चेपुवामा परेका छन्।

विश्व इतिहासमा फ्रान्सेली राज्यक्रान्तिले उठाएको 'प्रजातन्त्र' को झन्डा दुई सय वर्षपछि १९९० को वरिपरि लगभग संसारभरि पुग्यो तर अपवादबाहेक सबै प्रजातन्त्रहरू सङ्कटमा पर्दै गए। भोट हाल्ने र आर्थिक कारोबार गर्ने स्वतन्त्रताले सबै समस्याहरू समाधान गर्छ भन्ने उदारवादी-नवउदारवादी वैचारिक इतिहासलाई यी नयाँ प्रजातन्त्रहरूका असफलताले गलत र असान्दर्भिक सावित गरिदियो। र, मानिसको प्राथमिक सर्त उत्पादन प्रक्रियामा आवद्ध हुनु हो र त्यो प्रक्रियामा हुने अलगावले समाजमा तमाम समस्याहरू सिर्जना गर्छ र सामाजिक व्यवस्थालाई सङ्कटमा पार्छ भन्ने मार्क्सवादी निष्कर्षलाई नै पुनःपुष्टि गरिदियो। नेपालको वर्तमान सङ्कटलाई विश्व सन्दर्भको यही विशिष्ट अभिव्यक्तिका रूपमा हेरिनुपर्छ। नेपालमा ०४७ सालको प्रजातन्त्रको असफलता त्यो प्रजातन्त्रका वाहक राजनीतिक पार्टीहरूको विचारधारात्मक असफलता हो।

### हाम्रो पार्टीका चुनौती र सम्भावना

यसरी अहिलेको राष्ट्रिय राजनीतिका मुख्य पात्रहरूको विचारधारात्मक सङ्कटको एकीकृत अभिव्यक्ति राष्ट्रिय सङ्कटका रूपमा देखापरेको छ। त्यसैले नयाँ र प्रगतिशील वैचारिक पुनर्गठनका साथै सार्थक वैचारिक हस्तक्षेप नै अहिलेको आवश्यकता हो। त्यस्तो विचारधारात्मक शक्तिले मात्र यो सङ्कटबाट मुलुकलाई पार लाउनसक्छ। निरकुङ्शतन्त्रको विरुद्ध नारा, जुलुस र

घेराबन्दी अहिले नै गरिहाल्नुपर्ने कामहरू हुन् तर वैचारिक आधार र दिशाबिनाको नारा, जुलुस र घेराबन्दी राजनीतिक गोलचक्कर मात्रै हुनेछ ।

नेपाली काङ्ग्रेसबाट त्यस्तो वैचारिक आन्दोलनको अपेक्षा गर्न सकिन्न । उसको इतिहास, परम्परा र त्यसले कायम गरेको वर्गपक्षधरताले नै उसलाई यो वैचारिक मामिलामा प्रवेश गर्न दिँदैन । मुलुकको इतिहासको ऐतिहासिक मोडहरूमा उसको वैचारिक नालायकी पटकपटक प्रमाणित भइसकेको छ । आफ्नो इतिहास, आमराजनीतिक दिशा, कार्यकर्ताहरूको अभिमुखीकरण र समर्थक पङ्क्तिको चरित्रका आधारमा के भन्न सकिन्छ भने नेकपा (एमाले) मा अहिलेको सङ्कट समाधान गर्ने सामर्थ्यका प्रशस्त आधारहरू छन् । तर, त्यसको प्राथमिक सर्त के हो भने यो पार्टीले यान्त्रिक, तदर्थवादी कूटनीतिक चलखेल नै राजनीति हो भन्ने भ्रमबाट मुक्त पार्नुपर्छ र वैचारिक-राजनीतिक पार्टीकै रूपमा आफूलाई स्थापित गर्नुपर्छ ।

वैचारिक-राजनीतिक पार्टी निर्माणको पूर्वसर्त विचार तथा राजनीतिमा सम्पूर्ण कार्यकर्ताहरूको प्रत्यक्ष सहभागिता हो । त्यस्तो सहभागितामा आधारित निरन्तर अध्ययन र बहस-छलफलले नै पार्टीपङ्क्तिलाई विचारधारात्मक रूपमा सचेत, सुदृढ र क्रियाशील बनाउँछ र पार्टीलाई जीवन्त बनाइरहन्छ, नयाँनयाँ चुनौतीहरूलाई सामना गर्नसक्ने शक्ति प्रदान गर्दछ । जहाँनेर त्यो प्रक्रिया अवरुद्ध हुन्छ, त्यहीँनेरबाट पार्टी विचारहीन र अराजनीतिक हुन थाल्छ । विचारहीन तथा राजनीतिहीन पार्टीले अरू धेरै कुरा त गर्न सक्ला तर राजनीतिक लडाइँ जित्न किमार्थ सक्दैन ।

कम्युनिस्ट आन्दोलनको विगत एक सय वर्षको अनुभवले के देखाउँछ भने क्रान्ति र पार्टीसम्बन्धी सम्पूर्ण मुद्दाहरूका निर्णयमा नेतृत्वको अति सानो समूहबाहेक कार्यकर्तापङ्क्ति प्रत्यक्ष सहभागी हुन पाउँदैन । सहभागिताका संरचना नै त्रुटिपूर्ण 'अधिनस्थ' सिद्धान्तमा आधारित छन् । यसले गर्दा पार्टीहरू 'स्वत्व' सहितको कार्यकर्ताभन्दा सैन्य अनुशासनका अनुयायीहरूको पार्टी बन्न पुगेका छन् । यस्ता संरचनाभित्र वैचारिक विकासको सम्भावना न्यून हुन्छ ।

विचार, सिद्धान्त, मार्गदर्शनजस्ता प्रश्नहरूमा नेतृत्व मात्रै संलग्न रहने वा ऊ मात्रै निर्णायक रहने कुराले 'अलगाव' लाई नै बढाउँछ । समाजको 'अलगाव' लाई सम्बोधन गर्न स्थापित पार्टी निर्माण र सञ्चालनको आधार नै अलगावपूर्ण भएपछि जतिसुकै असल उद्देश्य भए पनि सहभागिता र समावेश कायम हुँदैन । किनभने, मार्क्सले उल्लेख गरेझैँ नर्कको बाटो पनि गलत उद्देश्यले बनाइएको होइन । यसरी अहिलेको सङ्कटको समाधानको प्रमुख सर्त नेकपा (एमाले) लाई वैचारिक पार्टीका रूपमा व्यवस्थित र सुदृढ गर्नु हो भने त्यस्तो पार्टीका लागि प्राथमिक सर्त पार्टीमा कार्यकर्ताको सार्वभौमसत्ता स्थापित गर्नु हो । कार्यकर्ता सार्वभौमसत्ता सम्पन्न नभएका राजनीतिक पार्टीहरू मुलुकको सार्वभौमसत्ताका वाहक बन्न सक्दैनन् भन्ने कुराको उदाहरण विगत १५ वर्षको नेपाली राजनीति नै यथेष्ट छ ।

# नेपाली काङ्ग्रेसको अग्निपरीक्षा

**सूर्य थापा**

**भ**खँरै भूतपूर्व विद्यार्थी काउन्सिल, अनेरास्ववियुको प्रथम राष्ट्रिय भेलाले 'नेपाली काङ्ग्रेसको सम्बन्धमा' एउटा बेग्लै प्रस्ताव पारित गरी आह्वान गरेको छ- 'यो राष्ट्रिय भेला नेपाली काङ्ग्रेसको आसन्न महाधिवेशनले आफ्नो सिङ्गो इतिहासको गम्भीर समीक्षा गरेर आफूलाई भविष्यमा वास्तविक जनपक्षीय प्रजातान्त्रिक शक्तिका रूपमा प्रस्तुत गरोस् भन्ने अपिल गर्दछ ।'

यही भदौ १४ देखि १७ गतेसम्म काठमाडौँमा हुने नेपाली काङ्ग्रेसको एघारौँ महाधिवेशनको पूर्वसन्ध्यामा वामपन्थी विद्यार्थीको कित्ताबाट गरिएको यो अपेक्षा अर्थपूर्ण छ । सामन्तवर्गसँगको गठबन्धन र पराश्रयी पुँजीवादका सामु उसले गरेको आत्मसमर्पणले गर्दा इतिहासका महत्त्वपूर्ण मोडहरूमा नेपाली काङ्ग्रेस जनविरोधी कित्तामा उभिने गरेको काउन्सिल भेलाको ठम्याइ छ । निश्चय पनि करिब छ दशक लामो नेपाली काङ्ग्रेसको इतिहासमा प्रत्येक मोड र घुम्तीहरूको वस्तुनिष्ठ समीक्षा गरी विगतका कमी-कमजोरीबाट पाठ सिकेर अघि बढ्नका निम्ति आसन्न महाधिवेशन एउटा महत्त्वपूर्ण अवसर हो । तर, नेपाली काङ्ग्रेसले यसको कति सदुपयोग गर्छ र पार्टीलाई कसरी अघि बढाउँछ ? भन्ने कुरा यतिबेला ज्वलन्त रूपमा उठेको छ । यी प्रश्नहरू किन महत्त्वपूर्ण छन् भने मुलुकमा यतिबेला गिरिजाप्रसाद कोइरालाकै शब्दमा 'सामन्तवाद र आधुनिकताबीच कठोर सङ्घर्ष' चलिरहेको छ । यही सङ्घर्षका क्रममा युवाहरूलाई सामन्तवादको पूर्ण उन्मूलनको जागरणले उद्वेलित गरिरहेको छ । पार्टीको केन्द्रीय नेतृत्वमा समेत 'आधा शताब्दीका अनुभवलाई सन्दर्भ बनाई जहिले पनि राजालाई केन्द्रमा राखेर सोच्ने दृष्टिकोणको सट्टा लोकतन्त्रलाई केन्द्रमा राखेर सोच्ने दृष्टिकोण बनाउनुपर्ने अवस्था रहेको' विचार प्रमुखताका साथ उठेको देखिन्छ ।

**निरन्तर सम्झौतामा जोड र पाठ** : २००७ सालअघि राजा 'सम्मानित शाही कैदी' का रूपमा रहेको, राणा प्रधानमन्त्रीका विश्वासिला मान्छेहरू उनका अङ्गरक्षक र पहरेदार राखिने तथा आफ्नो व्यक्तिगत स्वतन्त्रतासमेत उपभोग गर्न नपाउने स्थितिमा राजा बस्नुपर्दथ्यो । राजाले कसैलाई भेट्दा, कतै जाँदा वा कसैलाई केही दिन चाहँदा प्रधानमन्त्रीको पूर्वस्वीकृति लिनुपर्दथ्यो । *नेपाली काङ्ग्रेसको इतिहास* का लेखक डा. सूर्यमणि अधिकारीले त्यस स्थितिलाई निष्क्रिय राजतन्त्रको संज्ञा दिनुभएको छ । आन्दोलनका दौरान डरले राजगद्दी त्यागेर भागी छिमेकी राष्ट्रको शरणमा पुगेका राजा त्रिभुवनलाई फर्काएर पुनः गद्दीमा आसीन गराउने नेपाली काङ्ग्रेसको निर्णय सम्भवतः निष्क्रिय राजतन्त्रलाई आफ्नो पक्षमा उपयोग गर्ने चाहनाले अभिप्रेरित थियो । तर, दिल्ली सम्झौता धोका थियो र राजा त्रिभुवनलाई पुनः राजगद्दीमा आसीन गराउनु ऐतिहासिक भूल थियो भन्ने कुरा साढे पाँच दशकपछिको यस अवधिसम्म आइपुग्दा राजतन्त्र र त्यसले खेलेको नकारात्मक भूमिकाले प्रस्ट गरिसकेको छ ।

नेपालमा जनआन्दोलनको समीक्षा गर्दै पुष्पलालले औँल्याउनुभएको छ- 'जनताको त्यस अपार क्रान्तिलाई सही नेतृत्व प्रदान गरी अगाडि बढाएको खण्डमा नेपालमा सामन्तवाद नष्ट हुने कुरा निश्चित थियो । यस क्रान्तिको नेतृत्व नेपाली काङ्ग्रेसका नेता र राजाको हातमा भएको हुनाले र उनीहरूको घनिष्ट सम्बन्ध भारतीय एकाधिकार पुँजीवादसँग भएको हुँदा यो काम हुनसकेन । उनीहरू नेपालमा बढ्दो क्रान्तिकारी लहरदेखि भयभीत भए । अन्ततः उनीहरूले क्रान्तिकारी शक्तिलाई बढ्नबाट रोक्नका निम्ति राणाशाहीविरोधी सङ्घर्षका दौरानमा नै कम्युनिस्ट तथा आफ्नै पार्टीका क्रान्तिकारीहरूलाई धरपकड गर्न थाले । ...यसरी उनीहरूले संयुक्त रूपले राणाशाही र सामन्ती व्यवस्थालाई क्रान्तिको मारबाट बचाए ।' कतिसम्म भने त्यस दौरानमा मनमोहन अधिकारीले विराटनगरमा मजदुरहरूलाई सङ्गठित गरेर आन्दोलनमा उतार्दै हुनुहुन्थ्यो । क्रान्तिकारीहरूले विराटनगरमा हमला गरेको भोलिपल्ट ००७ साल कात्तिक २७ गते नै उहाँलाई गिरफ्तार गरी उनीहरूले रघुपति जुटमिलको कोठामा थुनेका थिए । यस सम्बन्धमा मनमोहन अधिकारीले बीपी कोइरालाको भनाइ सम्झँदै आन्दोलनमा संयुक्त रूपमा जाऔँ भन्ने आग्रह गर्दा बीपीले आफूलाई भनेको एक प्रसङ्ग सम्झँदै भन्नुभएको छ- 'हेर मनमोहन ! तिमीहरूलाई लिएर म क्रान्तिमा सँगसँगै अघि बढ्न सक्तिनँ । किनभने, मलाई अलिकति अन्तर्राष्ट्रिय समर्थन पनि चाहिन्छ । तिमीलाई थाहै छ, भर्खर क्रान्ति सुरु गरिएको छ । भारतले समर्थन गरेको छ । मैले कम्युनिस्टहरूलाई पनि साथमा लिएर अघि बढ्दा त समस्या पर्छ । बरु यस दौरानमा मैले तिमीहरूलाई थुन्नुपर्ने हुन्छ ।' आखिर गरियो पनि त्यस्तै ।

बीपी कोइरालाको यस्तो मान्यताले उहाँ बाँचुञ्जेल संयुक्त जनआन्दोलनको औचित्य उपहासको विषय मात्र बनेन, नेपाली काङ्ग्रेस र राणाहरूको संयुक्त मन्त्रिमण्डल बन्नासाथ दुई पक्षबीच चर्केको द्वन्द्वको फाइदा उठाएर राजाले सक्रिय राजतन्त्रको जग बलियो बनाउन सके । ००८ सालमा खुकुरी दलले मच्चाएको आतङ्कमा भरतशमशेर गिरफ्तार भएपछि मोहनशमशेर र बीपीबीच चर्केको सङ्घर्षका कारण प्रधानमन्त्रीको मातहत सिंहदरबारमा रहेको सेनाको बिजुली गारत राजदरबारमा लगियो । बीपी राजदरबारकै पाहुना बनेर बसिरहेको त्यसबखत भोलिपल्ट बिहानै गजबको दृश्य देखियो- 'आफू बसेको कोठाको झ्यालबाट हेर्छु त राजाले सलामी लिइरहेका छन् । त्यस दिनदेखि राजाको हात माथि पर्‍यो । प्रजातन्त्रको हात तल पर्‍यो । मोहनशमशेरकहाँ पल्टन रहिरहेको भए हाम्रो एउटा महत्त्वपूर्ण भूमिका रहिरहने थियो । त्यो पल्टन यिनको (त्रिभुवनको) हातमा आयो । आउनेबित्तिकै देखि राजाको प्रवृत्ति अर्कै भयो । त्यसै दिनदेखि राजा बलियो भए' (*आत्मवृत्तान्त,* पृष्ठ १६०) । मातृकाप्रसाद कोइरालाको नेतृत्वमा सरकार बनेपछि त्यसले ००८ माघ ११ गते नेपाल कम्युनिस्ट पार्टीमाथि प्रतिबन्ध नै लगायो । जसले 'के खोज्छस् काना-आँखा' भनेजस्तै भयो राजालाई । किनभने, यसले नेपालको कम्युनिस्ट आन्दोलनलाई अघि बढ्न नदिन राजा र नेपाली काङ्ग्रेसबीच गठबन्धन भएको तथ्य उजागर गर्‍यो । जबकि, बीपीले ००४ सालको मजदुर आन्दोलनकै स्मरण गर्दा भनेको पाइन्छ- 'मनमोहन अधिकारीले म कम्युनिस्ट पार्टीको तर्फबाट बोल्छु भनेका थिए । कम्युनिस्ट पार्टी त्यसबखतदेखि देखापरेको छ । मैले यो किन भन्न खोजेको भने कम्युनिस्ट पार्टी पछि जन्मेको होइन, नेपाली काङ्ग्रेसकै हाराहारी उसको प्रादुर्भाव भएको छ' (*आत्मवृत्तान्त,* पृष्ठ ४३) ।

यसप्रकार नेपाली काङ्ग्रेस र नेपाल कम्युनिस्ट पार्टीलाई एकअर्काविरुद्ध लडाएर राजा त्रिभुवनले क्रमशः ००७ सालअघिको राणा शासन र मोहनशमशेरको ठाउँ लिन पुगे । राजतन्त्र र पार्टीबीचको सम्बन्धमा देखापरेको यो स्थिति नेपाली राजनीतिको एउटा विडम्बना नै हो । यो क्रम राजा महेन्द्रले ०१७ सालको 'कू' गर्नुअघि बीपीको नेतृत्वमा नेपाली काङ्ग्रेसले एकमना सरकार चलाउँदा पनि यथावत् देखियो । बीपीका निम्ति राणाहरूको राष्ट्रिय गोरखा परिषद् प्रमुख विपक्षी भईकन पनि सहयोगी हुनसक्यो तर नेपाल कम्युनिस्ट पार्टीसँग जनताको म्यान्डेट पाएर संसद्मा आउँदासमेत उहाँले न्यूनतम् सहमति र संसदीय सहकार्य आवश्यक ठान्नुभएन । पछि लन्डनमा बीपीले भन्नुभएको थियो- 'मलाई समस्या रेडिकलहरूबाट छैन, राजाबाट छ ।' तर, उहाँले पुस १ गतेको घटनाअघि संसदीय पार्टीहरूबीच सहमति कायम गरेर राजाको मुकाबिला गर्ने कुनै प्रयास गरेको देखिएन । दुई तिहाई बहुमतको उन्मादमा उहाँले परिस्थितिको त्यस मोडमा पनि 'कम्युनिस्ट खतरा' का विरुद्ध राजासँग सहकार्यमा जोड दिइरहेको देखियो । 'मेरो सम्पूर्ण प्रयास थियो, म राजालाई साथ राखूँ भन्ने' (*आत्मवृत्तान्त,* पृष्ठ २७१) यो कथनले बीपीको तत्कालीन मनोदशा प्रकट गर्दछ । निरङ्कुश पञ्चायतीकालको उत्कर्षमा समेत उहाँले त्यसका विरुद्ध संयुक्त जनआन्दोलनको औचित्यलाई स्वीकार गर्नुभएन । बरु, ०३३ सालमा मेलमिलापको नीति बोकेर स्वदेश फर्केपछि भन्न थाल्नुभयो- 'पञ्चहरू हो ! काङ्ग्रेससँग नझस्क । काङ्ग्रेसहरू हो ! पञ्चसँग नतर्स !, राजा र मेरो गर्धन जोडिएको छ ।'

बीपीले ०३७ सालको जनमतसङ्ग्रहमा बहुदलको पक्षमा संयुक्त रूपमा प्रचार गर्ने केही कम्युनिस्ट घटकको प्रस्तावसमेत अस्वीकार गर्नुभयो । यदि पञ्चायतका विरुद्ध तत्कालीन पार्टीहरूले त्यसरी संयुक्त प्रहार केन्द्रित गरेको भए बहुदल प्राप्त गर्न सायद ०४६ सालको जनआन्दोलनसम्म पर्खनुपर्ने नहुनसक्थ्यो ।

**प्रजातन्त्रका बाह्र वर्षको शिक्षा** : नेपाली काङ्ग्रेसको समग्र इतिहास हेर्दा राजतन्त्रसँगको सम्बन्ध र व्यवहारमा सबभन्दा बढी प्रस्ट नेता गणेशमान सिंहलाई देख्न सकिन्छ भन्दा अत्युक्ति नहोला । ०४६ सालको जनआन्दोलनमा उहाँले लिनुभएको अडान अपेक्षाकृत रूपमा सही थियो । तर, घुमिफिरी रुम्जाटार भनेझैँ ०४६ चैत २६ गते राजदरबारमा आन्दोलनकारी नेता र राजाबीच वार्ता भएर फर्किंदा संयुक्त वाममोर्चा र नेपाली काङ्ग्रेसका नेताहरूबीच अभिव्यक्तिमा मतैक्यता देखिएन । राजासँगको वार्ताबाट फर्केर गिरिजाप्रसाद कोइरालाले टेलिभिजन अन्तर्वार्तामा भन्नुभयो- 'जो यो आन्दोलनलाई जारी राख्न चाहन्छन्, तिनीहरू अराजकतावादी हुन्, अराष्ट्रिय हुन्, तिनीहरू असामाजिक तत्त्व हुन्, तिनीहरूलाई राजनीतिक पार्टीहरू र जनता मिलेर किनारामा फालिदिनुपर्छ ।' त्यसको भोलिपल्ट उहाँले टुँडिखेलबाट घोषणा गर्नुभयो- 'अब यो आन्दोलन टुङ्गियो । यसमा राजाले पनि जिते, जनताले पनि जिते, हामीले पनि जित्यौँ, पञ्चले पनि जिते । कोही हारेको छैन ।' घटनाक्रमले के देखाउँछ भने चैत २६ गते राती पञ्चायती व्यवस्थाको 'दलविहीन' शब्द मात्रै हटाउन राजा सहमत भएको अवस्था थियो, बहुदलीय व्यवस्थाको बहाली, अन्तरिम सरकारको गठन र नयाँ संविधान निर्माणका निम्ति राजा सहमत भइसकेका थिएनन् । आन्दोलनकारीहरूले पञ्चायतका अन्तिम प्रधानमन्त्री लोकेन्द्रबहादुर चन्दलाई वैशाख २ गते प्रज्ञा-प्रतिष्ठानमा गरेको घेराउपश्चात् मात्र उल्लिखित उपलब्धि हासिल भएका थिए ।

नेपाल अधिराज्यको संविधान- ०४७ को निर्माण गर्न गठित संविधान सुझाव आयोगले मस्यौदा गरेको संविधान नेपाली काङ्ग्रेसका नेता कृष्णप्रसाद भट्टराईको नेतृत्वमा रहेको अन्तरिम सरकारले जस्ताको तस्तै अनुमोदन नगर्नुको परिणाम दरबारले षड्यन्त्रका गोटी चाल्ने मौका पायो । फलतः संविधान जारी गर्दा राजा वीरेन्द्रले आफ्नो कोटको खल्तीबाट 'प्रस्तावना' निकालेर वाचन गरे । ०४८ को आमचुनावपछि अन्तरिम प्रधानमन्त्री कृष्णप्रसाद भट्टराईले ०४८ फागुन १ गते झापाको कलबलगुडीमा काङ्ग्रेसको आठौँ महाधिवेशनलाई सम्बोधन गर्दै भन्नुभयो- 'आमनिर्वाचनमा हामीलाई कसैले जित्न सकेन । सरकार बनाउनका लागि चाहिने बहुमत हामीले पायौँ । उग्र दक्षिणपन्थी समूल नष्ट भए । तर, उग्रवामपन्थीचाहिँ चाहिनेभन्दा बढी सङ्ख्यामा प्रतिनिधिसभामा आउन सफल भए ।" यसरी जनआन्दोलनका प्रमुख सहकर्मीप्रति उहाँले गरेको उत्ताउलो टिप्पणीले नेपाली काङ्ग्रेस निरङ्कुशताका पक्षधरहरूप्रति उदार बनेर जनताको म्यान्डेटप्राप्त गरेका प्रमुख र अन्य विपक्षी वामपन्थीहरूप्रति शत्रुवत् व्यवहारमा ओर्लिएको देखाउँछ । यसको परिणाम के भयो भने परशुनारायण चौधरी, केशवकुमार बुढाथोकी, केशरबहादुर विष्ट, शरदसिंह भण्डारी, बेनुपराज प्रसाईं, विपीन कोइराला, मोती पहाडीलगायत पञ्चायती व्यवस्थाका पछिल्ला पहरेदारहरूका निम्ति पनि काङ्ग्रेस प्रवेशको द्वार खुला भयो र उनीहरूलगायतका बदनाम पञ्चहरूले त्यहाँ रातो तुल ओच्छ्याएर स्वागत पाए । जनआन्दोलन दबाउन सक्रिय व्यक्तिहरूमाथि छानबिन गर्न अन्तरिम सरकार स्वयम्ले गठन गरेको बहुचर्चित मल्लिक आयोगको प्रतिवेदन 'आमचुनाव गराउने पुनीत उद्देश्यका खातिर' कार्यान्वयन त परै जाओस्, सार्वजनिकसम्म गरिएन । पछि एमालेको नौ महिने सरकारले उक्त प्रतिवेदन सार्वजनिकसम्म गर्‍यो र कार्यान्वयन नगरी थन्काउने गल्तीलाई अन्तिम रूपमा अनुमोदन गर्‍यो ।

नेपाली काङ्ग्रेसको बहुमतप्राप्त सरकारले मल्लिक आयोगको प्रतिवेदन कार्यान्वयन गरेको भए, नेपाल अधिराज्यको संविधान- ०४७ लाई जननिर्वाचित संसद्बाट अनुमोदन गराएको भए र निरङ्कुशतावादीहरूसँग साँठगाँठ गरी संसद्का विपक्षीहरूमाथि दमन अभियान नचलाएको भए दरबारियाहरू चिहानबाट उठेर आजको रूपमा सायदै बौरिनसक्थे । कर्मचारीका न्यायोचित माग पूरा गर्न अनुरोध गर्ने पहिलो प्रतिनिधिसभाका विपक्षी नेता मनमोहन अधिकारीलाई शिक्षण अस्पतालबाट पक्राउ गरी थुनेर 'रक्सी खाएर आएको' भन्दै बदनाम गर्ने तत्कालीन सरकारको असहिष्णुता र काङ्ग्रेसको सत्ता उन्माद कस्तो थियो ? सहजै अनुमान गर्न सकिन्छ । फेरि सत्तामा पुग्नासाथ लुछाचुँडी गर्नु, आपसी विवाद र हानाथाप गरेर जनताको आकाङ्क्षालाई तिलाञ्जली दिनु काङ्ग्रेसको परम्परागत र स्थायी चरित्र हो । तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले पार्टीभित्र मच्चिएको छत्तीसे र चौहत्तरे गुटको हानाथापका कारण पहिलो प्रतिनिधिसभाको विघटन गरी ०५१ सालमा मुलुकलाई मध्यावधि चुनावमा धकेल्नुभयो । तर, करिब एक दशकपछि उहाँले ०६२ जेठमा पोखरामा पुगेर त्यस कदमको स्पष्टीकरण दिँदै भन्नुभएको छ- 'मध्यावधिमा जान दरबारले दबाब दिएको थियो ।' मध्यावधि चुनावपछि गठन भएको एमालेको अल्पमतको सरकारलाई पहिले समर्थन गरेको काङ्ग्रेसले नौ महिनापछि पूर्वपञ्चहरूको राप्रपासँग साँठगाँठ गरी ढालेर सत्ता समीकरणको खेल प्रारम्भ गर्‍यो । त्यसपछि एमालेले लोकेन्द्रबहादुर चन्द र काङ्ग्रेसले सूर्यबहादुर थापालाई प्रधानमन्त्री स्वीकारी जनमतको उपहास मात्रै गरेनन्, दरबारिया निरङ्कुशतावादीहरूलाई आन्दोलनकारी दल, तिनका नेता र आमजनसमुदायको नाडी छाम्ने मौकासमेत दिए । सत्ता समीकरणको घिनलाग्दो खेलले संसद्मा उपस्थित दलहरूप्रतिको जनविश्वास कमजोर बनायो ।

मुलुकमा प्रजातान्त्रिक संस्कारको विकास, प्रजातान्त्रिक संरचनाको निर्माण र प्रजातान्त्रिक पद्दतिको सुदृढीकरण गर्नुपर्ने बखतमा ०४६ को जनआन्दोलनका प्रमुख सञ्चालकहरू एमाले र काङ्ग्रेस चन्द र थापाको नेतृत्व स्वीकार गर्न तयार हुनु स्वयम्मा लाजमर्दा घटना थिए । त्यही निहुँमा दरबारियाहरूले संसदीय प्रणाली, प्रजातान्त्रिक नेता र राजनीतिक दलहरूको हुर्मत लिने गरी दुष्प्रचार अभियान सञ्चालन गरे । तर, प्रमुख दलहरूले एकअर्कालाई देखाएर न्यानो महसुस गरिरहे । कतिसम्म भने प्रमुख दुई दलका बीचको चरम प्रतिद्वन्द्विताले ०५६ को आमचुनावपछिको तेस्रो संसद्मा संविधान संशोधन गर्ने, भूमिसुधार गरी भूमिको हदबन्दी छ बिघा कायम गर्ने दुई पार्टीबीचको सहमति लागू गरिएन । बरु हदबन्दीमा सहमति भएको भन्दा दोब्बर १२ बिघा कायम गरी घोषणा भयो । संविधान संशोधनको कुरा उठ्दा कृष्णप्रसाद भट्टराईले त ३० वर्षसम्म कमा र फूलस्टप पनि यताउता गर्न नहुने हास्यास्पद कुरा गर्नुभयो । यस्तो अविश्वास र अन्तहीन प्रतिस्पर्धाकै बीचमा एकातिर माओवादी र अर्कातिर दरबारिया अतिवादीहरूले शक्ति आर्जन गरेर ०४६ का उपलब्धिहरूलाई चेपुवामा पार्दै लगे । बहुमतप्राप्त काङ्ग्रेसले एक-एक वर्षमा प्रधानमन्त्री बदलेर अस्थिरता चाहनेहरूलाई नै सहयोग पुर्‍यायो । अन्ततः दलहरूलाई नै धारा १२७ को प्रयोग गर्ने सिफारिस गर्न लगाई प्रधानमन्त्रीमार्फत आफूमा जाहेर गर्न लगाएर राजा ०५९ असोज १८ को सत्तापलट गर्न सफल भए ।

यी सारा घटनाक्रमहरूमा नेपाली काङ्ग्रेसले आफूलाई कहाँ उभ्याउँछ ? वामपन्थीहरूका विरुद्ध पञ्चहरूसँगको गठबन्धनलाई कसरी हेर्छ ? दरबार हत्याकाण्डपछि देखिएको संसद्को निरीह अवस्थालाई कसरी लिन्छ ? माओवादीविरुद्ध सेना परिचालन गर्दा होलेरीमा दरबारले अवरोध खडा गरेको कुरालाई जनतासमक्ष राख्न नसकी राजीनामा दिने प्रधानमन्त्री कोइरालाको भूमिकालाई कसरी लिन्छ ? दरबारको पारदर्शिता प्रजातान्त्रीकरण हुनुपर्ने पार्टीको निर्णय सार्वजनिक गरेबापत प्रवक्ता पदबाट हट्नुपरेका नरहरि आचार्य तथा सडकमा गणतन्त्रको नारा उरालेबापत नेविसङ्घको अध्यक्ष र महामन्त्रीबाट हटाइएका गुरु घिमिरे र गगन थापामाथिको कारबाहीलाई कसरी हेर्छ ? राजाको शासनमा अनन्तकालसम्म सभामुख रहिरहन चाहने सभामुख तारानाथ रानाभाटको पथभ्रष्ट भूमिकालाई कसरी लिन्छ ? मुलुकबाटै राजतन्त्र हटाउने कुरामा अघि बढ्न सके राम्रो, अन्यथा आफ्नै पार्टी विधान र दस्तावेजबाट राजतन्त्र हटाई त्यस मामिलामा कम्तिमा मौन रहन सक्छ कि सक्दैन ? यी केही प्रश्नको मात्रै जवाफ खोजेर अघि बढ्न सकेको खण्डमा नेपाली काङ्ग्रेस यो अग्निपरीक्षामा सफल हुनेछ र राजतन्त्रनिरपेक्ष लोकतान्त्रिक पार्टी बन्न अभिमुख हुनेछ । अन्यथा ग्रायन्ड डिजाइनको हावादारी कुरा गर्ने तर राजतन्त्रसँग अन्तिम सङ्घर्ष गर्न तयार नहुने ५० वर्ष लामो नियतिले काङ्ग्रेसलाई मध्यमार्गी अवसरवादको दलदलबाट माथि उठाउन सक्नेछैन ।

# जसलाई परिवारभन्दा सिद्धान्त प्यारो छ

**कमला पराजुली**

**रा**जनीतिक परिवारमा जन्मेर राजनीतिमै हुर्कनुभएका कमरेड कमल कोइराला आफूले थाहा पाउने उमेरको छँदादेखि नै राजनीतिप्रति मोह बढेको बताउनुहुन्छ । २००३ सालमा बिराटनगरमा नेपालकै पहिलो सङ्गठित मजदुर आन्दोलन हुँदा उहाँ आठ वर्षको हुनुहुन्थ्यो । आफूले पहिलोपटक त्यस्तो आन्दोलन र धरपकड देखेको स्मरण गर्दै उहाँ भन्नुहुन्छ- 'मभित्र राजनीतिको पहिलो बीजारोपण त्यही मजदुर आन्दोलनले गरेको थियो । त्यस आन्दोलनमा आफ्नै परिवारसमेत प्रत्यक्ष रूपमा सहभागी भएका थिए । मेरो बुबा, काकाहरू सबै आन्दोलनमा हुनुहुन्थ्यो । मेरी हजुरआमा दिव्या कोइराला र फुपू इन्दिरा आचार्य त आन्दोलनमा गिरफ्तारसमेत हुनुभएको थियो । मैले थाहा पाउँदा मेरा धेरै चिनेजानेका र आफन्तहरू आन्दोलनलाई समर्थन गरेर प्रजातन्त्रको पक्षमा लागेका थिए । यस वातावरणले ममा राजनीति नै गर्छु भन्ने अठोट सानैदेखि पलायो । म सानैदेखि नाम कमाउने काम गर्छु भन्थेँ । त्यसो भन्दा मेरी आमाले भन्नुहुन्थ्यो- 'तँलाई पैसाचाहिँ कसले कमाइदिन्छ नि !'

कृष्णप्रसाद कोइरालाका नाति, मातृकाप्रसाद कोइराला र मञ्जु कोइरालाका माहिला छोराका रूपमा कमल कोइरालाको जन्म वि.सं. १९९५ वैशाख १० गते विराटनगरमा भएको थियो । उहाँका एक दाजु, तीन भाइ र दुई बहिनी हुनुहुन्थ्यो । तर, त्यस्तो राजनीतिक पृष्ठभूमि भएको परिवार भएर पनि परिवारमा उहाँबाहेक कुनै दाजु-भाइ, बहिनी राजनीतिमा लाग्नुभएन । कोइरालाका हजुरबुबा कृष्णप्रसाद कोइरालालाई राणा सरकारले २००१ सालमा गिरफ्तार गर्‍यो । केही समयपछि जेलमै उहाँको देहावसान भयो । उहाँका बुबा मातृका पनि राजनीतिमै लागेका कारण ००३ देखि ००७ सालसम्म प्रवासमै रहनुभयो । ००६ सालमा राजनीतिक कारणले नै कोइराला परिवारको सम्पूर्ण सम्पत्ति राणा सरकारबाट रोक्का भयो । ००७ सालमा प्रजातन्त्र आएपछि फिर्ता गरियो । ००६ सालमा नेपाली राष्ट्रिय काङ्ग्रेस नेपाली काङ्ग्रेसमा बिलय भयो । त्यतिखेर उहाँका पिता मातृका त्यसको सभापति हुनुभयो । उहाँका पिता ००८ र ०१० सालमा दुईपटक प्रधानमन्त्री हुनुभयो । ०१७ सालपश्चात् काङ्ग्रेस छाडेर निर्दलीय पञ्चायतमा प्रवेश गरेर उहाँ अमेरिकाको राजदूत पनि हुनुभयो । त्यसपछि उहाँ एकचोटि निर्वाचित र अर्कोचोटि मनोनीत राष्ट्रिय पञ्चायतको सदस्य हुनुभयो । एकातर्फ कोइरालाका बुबा मातृकाले त्यसरी निर्दलीय पञ्चायती व्यवस्थालाई टेवा पुर्‍याइरहनुभयो भने अर्कातर्फ उहाँकै काका विश्वेश्वरप्रसाद कोइराला भारतको स्वतन्त्रता आन्दोलनदेखि नेपालको राणा शासनविरुद्ध आन्दोलित हुँदै जीवनभर बहुदलीय प्रजातन्त्रको पक्षमा लड्दै नेपाली काङ्ग्रेसका नेता बनेर रहनुभयो ।

तर, त्यस्तो परिवारमा हुर्कनु भएका कमल कोइराला भने कोइराला परिवारको एक मात्र कम्युनिस्ट नेता बनेर सङ्घर्षमा लाग्नुभयो र आजसम्म टिकिरहनुभएको छ । ००७ सालदेखि नै बनारसमा अध्ययन गरेका कोइराला आफ्नो परिवारका सबै सदस्य काङ्ग्रेस हुँदाहुँदै कसरी कम्युनिस्ट पार्टीप्रति आकर्षित हुनुभयो भन्ने प्रश्नमा भन्नुहुन्छ- '००७ सालपछि विस्तारै विद्यार्थीहरूमा नेपाली काङ्ग्रेसप्रति अविश्वास सुरु भएको थियो । खासगरी दिल्ली सम्झौताले नराम्रो प्रभाव पारेको थियो । सबैतिर नेपाली काङ्ग्रेसविरोधी भावना फैलिएको थियो । कम्युनिस्ट पार्टी देशभक्त पार्टी हो भन्ने छाप परेको थियो । यसले म पनि प्रभावित भएँ । बनारसमा पढ्दापढ्दै ०११ सालमा म त्रि-चन्द्र कलेजमा आईए पढ्न आएँ । त्यतिखेर विद्यार्थी आन्दोलन निकै चर्किरहेको थियो र म पनि आन्दोलनमा सहभागी हुन थालेँ । त्यो आन्दोलनमा गिरफ्तार भएर म १३ दिन हिराशतमा रहेको थिएँ । त्यसपछि नरबहादुर कर्माचार्यले मलाई नेपाल कम्युनिस्ट पार्टीको सदस्यताका लागि फर्म भराउनुभयो । ०१२ सालमा विधिवत् रूपमा म कम्युनिस्ट पार्टीको सदस्य भएँ ।'

कम्युनिस्ट पार्टीको सदस्य बन्नु मात्र ठूलो कुरा नभएर पार्टीमा निरन्तर खटिरहनु र टिकिरहनु मूल कुरा हो । आफ्नो परिवारमा वैचारिक रूपमा आफूलाई साथ दिने कोही नहुँदाको अवस्थामा पनि कोइराला कम्युनिस्ट पार्टीको जुझारु सिपाही बनेर टिकिरहनुभयो । उहाँ यहाँसम्म आइपुग्दाको आफ्नो राजनीतिक अनुभवलाई यसरी बताउनुहुन्छ- 'नेपालमा कम्युनिस्ट पार्टीको सदस्य भएको केही समयपछि म पुनः बनारस नै गएँ र त्यहींको कम्युनिस्ट पार्टीसँग आबद्ध रहेर पार्टी काम गर्दै आफ्नो अध्ययनलाई अगाडि बढाएँ । ०१७ सालमा म इलाहावाद विश्वविद्यालयमा एमए पढ्दै थिएँ । म त्यतिखेर अखिल भारत नेपाली विद्यार्थी फेडरेसनको निर्वाचित महासचिव पनि थिएँ । नेपालको ०१७ सालको घटनाले त्यहाँ पनि हलचल गराएको थियो । नेपालमा राजा महेन्द्रले निर्दलीय पञ्चायती व्यवस्था लागू गरेपछि भारतमा भएका नेपाली विद्यार्थीहरूको पहलमा दरभङ्गा प्लेनम भयो, त्यो झन्डै एक महिनासम्म चलेको थियो । त्यो प्लेनममा नेपालमा राजाले बहुदलमाथि प्रतिबन्ध लगाएको घोषणा गरेपछि मुख्यतः तीनवटा नारा अगाडि आएका थिए । जसअनुसार, संसद्को पुनःस्थापना, संविधानसभाको चुनाव वा संसदीय व्यवस्थाको पुनःस्थापना भन्ने थियो । त्यतिखेर कार्यकर्ताको बहुमत संविधानसभाको चुनावको नारालाई अगाडि लैजानुपर्छ भन्ने थियो । त्यसमा लामो छलफल भयो । अन्ततः तत्कालीन केन्द्रीय नेतृत्वको बहुमतले संसदीय प्रजातन्त्रको पुनःस्थापनाको कुरालाई पार्टीको मूल नारा बनाउने निर्णय गर्‍यो ।'

उहाँ थप्नुहुन्छ- 'दरभङ्गा प्लेनम सकिएको लगत्तै तत्कालीन पार्टीको केन्द्रीय नेतृत्वमा रहेका केशरजङ्ग रायमाझी, डीपी अधिकारी, सैयद कमर शाह, पीवी मल्ललगायतका बहुमत सदस्य राजावादी भए र दरबार पसे । त्यस घटनाले पार्टीभित्र ठूलो विद्रोह भयो । ०१९ सालमा बनारसमा पार्टीको तेस्रो महाधिवेशन भयो । त्यतिखेर पुरानो केन्द्रीय कमिटीका मोहनविक्रम सिंह र निर्मल लामा पक्राउ पर्नुभएको थियो । पुष्पलाल, तुलसीलाल र हिक्मतसिंह महाधिवेशनमा पुग्नुभएको थियो । त्यही महाधिवेशनबाट म नेपाल कम्युनिस्ट पार्टीको केन्द्रीय कमिटीको पूर्ण सदस्यमा चुनिएको थिएँ । त्यसपछि म पूर्णतः भूमिगत

रूपमा पार्टी काममै जुट्न थालें। त्यो समयमा सपना-विपना, दिन-रातमा कसरी पार्टीलाई मजबुत बनाउने र आन्दोलन अगाडि बढाउने भन्ने मात्र सोचिन्थ्यो। पार्टी कामको सन्दर्भमा कहिले नेपालका विभिन्न जिल्ला त कहिले भारतका विभिन्न भागमा पुगिरहनुपर्थ्यो। त्यो परिस्थितिमा न घरको खाँचो, न परिवारको चासो ! त्यही क्रममा ०२५ सालमा म मोरङ जिल्लाको मङ्गलबारेमा गिरफ्तार भएर दुई वर्ष जेल परें।'

उहाँ भन्नुहुन्छ- 'मेरो राजनीतिक जीवनको व्यस्तताले विवाह, घर, परिवार र पारिवारिक जिम्मेवारीतर्फ सोच्ने मौकै पाइनँ। ०२७ सालमा जेलबाट छुटेपछि मैले महसुस गरें- मेरो उमेर निकै धेरै भइसकेछ। त्यसपछि त्यही साल काठमाडौं धोवीचौरकी धन शर्मा (भट्टराई) सँग मेरो विवाह भयो र मेरो वैवाहिक जीवनको आरम्भ भयो। तर, मेरो राजनीतिक जीवनको निरन्तरतालाई विवाहले कुनै अवरोध गरेन। ०२७ सालमा म पूर्व कोसी प्रान्तीय कमिटीको सचिवालय सदस्य थिएँ। ०२८ सालमा केन्द्रीय न्युक्लियसको सदस्य भएर पार्टी काममा जुटिरहें।'

अनेकौं आरोह-अवरोह पार गरेर यहाँसम्म आइपुग्नुको सबल पक्ष उहाँ आफ्नी पत्नीलाई ठान्नुहुन्छ। उहाँ भन्नुहुन्छ- 'मेरी पत्नी विवाह हुँदा एमए पढ्दै थिइन्। विवाहपश्चात् उनी विराटनगर (घर) गइन्। केही समयपश्चात् उनी त्यहीँको बालिका माविमा अध्यापन गराउन थालिन्। उनको जागिर नै मेरो आम्दानीको मुख्य आधार बन्यो। उनी ज्यादै समझदार थिइन्। सबै पारिवारिक जिम्मेवारी र कमाउने जिम्मेवारीसमेत उनले नै सम्मालिदिइन्। बस्न आफ्नो घर, खान खेतीपाती छँदै थियो। अन्य कुनै पनि सानामसिना कुरामा मैले ध्यान दिनुपरेन। म निश्चिन्त भएर सधैं एउटै उद्देश्यमा लागिरहन पाएँ। बालबच्चा भएपछि पनि उनीहरूको पढाइलेखाइ, भविष्य कुनै कुराको चिन्तामा मैले अल्झनुपरेन। आफ्नो अनुकूलता मिलाएर ०३३ देखि ०४३ सालसम्म मैले वकालत पेसा पनि गरें। मेरो जीवनको पूर्णता र सफलताको श्रेय मैले मेरी पत्नीलाई नै दिनुपर्छ।'

तर, कहिलेकाहीँ जीवनमा मानिसले नचिताएको पीडा पनि बेहोर्नुपर्छ। त्यस्तै वियोगको पीडा खप्नुपर्‍यो क. कोइरालाले पनि। ०२७ सालमा विवाह भएर जीवन सहयात्री बन्दै आउनुभएकी उहाँकी पत्नीको ०५० सालमा पेटको क्यान्सरबाट देहावसान भयो। अहिलेसम्मको आफ्नो जीवनको सबैभन्दा पीडादायी र दुःखदायी त्यो क्षण सम्झदा उहाँ अहिले पनि स्तब्ध हुनुहुन्छ। उहाँ भन्नुहुन्छ- 'जब पहिलोपटक मलाई डाक्टरले मेरी पत्नीलाई क्यान्सर भएको, त्यो पनि अन्तिम चरणमा पुगेको र अब उपचार गर्ने कुनै सम्भावना नरहेको बताए, त्यो क्षण मेरा लागि असाध्यै पीडादायी थियो। मैले चाहेर पनि उनका लागि केही गर्ने ठाँउ थिएन। मैले कुनै मौकै पाइनँ। उनलाई धेरै समयसम्म आफ्नो रोगबारे थाहा भएन। तर, उनलाई डाक्टरले भनेको कुरा थाहा नदिईकन, उनको त्यो अवस्थालाई स्वीकार्नु, उनले मृत्युसँग लडिरहेको हेर्नु मेरा लागि अति नै कष्टकर र पीडादायी क्षण थियो। डाक्टरले उनलाई नौ महिनाको अवधि दिएको थियो। त्यो समयभरि म उनीबाट भागेर लुकीलुकी रोइरहन्थें र उनका सामु आउँदा आँसु पुछेर हँसिलो अनुहार देखाउँथे। त्यो अवधिमा म कति रोएँ, रोएँ, कुनै सीमा रहेन। तर, मेरो रुवाइले मृत्युलाई जित्न सकेन। उनी डाक्टरले दिएको अवधिभन्दा छ महिना ज्यादा बाँचिन् र ०५० साल साउनमा एक छोरा, एक छोरी र मलाई छाडेर सदाका लागि बिदा भइन्।'

वियोगान्त परिस्थितिले धेरै मानिसको जीवनमा गहिरो प्रभाव पार्छ, अझ धेरै त लोग्नेमानिसलाई। त्यसैले हाम्रो समाजमा प्रायः महिला एकल भएर जीउनुलाई स्वाभाविक मानिन्छ तर पुरुष एकल भएर जीउनुलाई अनौठो मानिन्छ। तर कोइरालाले आफ्नो एकल जीवनमा आफ्नी पत्नीको वियोगको पीडालाई शक्तिमा रूपान्तरण गर्नुभयो। वियोगमा छट्पटाएर उहाँ अल्मलिनुभएन अनि सहाराका लागि अर्को विवाह गर्ने चाहना पनि गर्नुभएन। ०५६ सालमा ८७ वर्षको उमेरमा उहाँका बुबाको पनि देहावसान भयो। दुर्भाग्य, यो कुराकानी गर्दा छेउमै बसिरहनुभएकी उहाँकी ८६ वर्षकी आमाको पनि ०६२ साउन २५ गते निधन भयो। कोइराला भन्नुहुन्छ- 'मेरो लेखन र राजनीतिले जीवन जीउने प्रेरणा दियो। मैले आफूमा परेको पीडालाई सम्झेर दुःखी हुने समय नै पाइनँ। यो उमेरमा पनि आमाको अभिभावकत्व पाइरहेको छु। आमाका अगाडि पुग्दा मलाई आफू सानै भएको लाग्छ। म कतै गएँ भने आमाले कहाँ जान्छस् ? कतिखेर आउँछस् भनेर सोध्नुहुन्छ। हरेक समय म लेख्ने, पढ्ने र केही न केही गरेर नै बिताउँछु। यही क्रियाशीलताले मलाई वियोगको पीडा भुल्न सहयोग गरेको छ। जीवनलाई ऊर्जा प्रदान गरेको छ। उत्साही भएर बाँच्न सिकाएको छ। मेरो छोराको विवाह भइसकेको छ। छोरा-बुहारी अमेरिकामा बस्छन्। साथमा एमएमा अध्ययनरत छोरी छन्। मेरा छोरा-बुहारी, छोरी कसैले पनि मेरो गतिमा अवरोध पुर्‍याउँदैनन्। आफ्नो यही क्रियाशीलतालाई जीउने आधार ठानेको छु।'

उहाँ भन्नुहुन्छ- 'म अलिक रोमान्टिक स्वभावको पनि छु। प्रायः म खुसी नै हुन्छु र हमेसा खुसी नै रहन चाहन्छु। साथै, बहिर्मुखी स्वभावको पनि छु। त्यसैले मनमै कुरा खेलाएर अल्मलिन्न, एक्लै कुण्ठित हुन्न। मभित्रको खुसी, दुःख र पीडालाई म आफ्नो लेखनीबाट पनि अभिव्यक्त गर्नसक्छु। माया, दया, प्रेम, खुसी, उत्साह, उमङ्ग र रमाइलो सबैसँग बाँड्न चाहन्छु।' राजनीतिसँगसँगै लेखनी र पत्रकारिता पेसालाई अँगाल्नुभएका कोइरालाले एक हजारभन्दा बढी राजनीतिक टिप्पणी र लेख लेखिसक्नुभएको छ। विगतमा *दृष्टि, जनआस्था*जस्ता पत्रिकाको जिम्मेवारी लिनुभएका कोइराला अहिले *रोडम्याप* साप्ताहिकको प्रधान सम्पादक पनि हुनुहुन्छ। जीवनको प्रत्येक क्षण मूल्यवान् हुन्छ, ती क्षणहरूलाई सामान्य रूपमा खेर फाल्न हुन्न भन्ने उहाँको मान्यता छ।

# स्याङ्जामा कम्युनिस्ट आन्दोलन

## प्रेमनारायण पौडेल

स्याङ्जा जिल्लामा हालसम्म प्राप्त जानकारी अनुसार ०१२ सालतिर नेकपाको मध्य गण्डक प्रान्तीय कमिटीको नेतृत्वमा कम्युनिस्ट आन्दोलनको प्रचारात्मक काम सुरु भएको भेटिन्छ । ०१६ फागुनमा कमरेड पुष्पलालको उपस्थितिमा शेखर प्रधान सचिव तथा सदस्यहरूमा गणेशदत्त त्रिपाठी, हुविर आले, पुष्पमान श्रेष्ठ, ईश्वरीप्रसाद अर्याल र नयनदत्त सिग्देल रहेको कम्युनिस्ट आन्दोलनको पहिलो सङ्गठन हो । ०१७ सालमा अर्मादीमा आयोजना भएको जिल्ला सम्मेलनले सोमप्रसाद गौचन सचिव एवम् शेखर प्रधान, गणेशदत्त त्रिपाठी, हुविर आले, पुष्पमान श्रेष्ठ, ईश्वरीप्रसाद अर्याल, नयनदत्त सिग्देल, नगेन्द्रराज भट्टराई, नरेन्द्र श्रेष्ठ र खगेन्द्र कोइराला सदस्य रहेको जिल्ला कमिटी निर्माण भयो । ०१७ चैतमा सोमप्रसाद गौतम गिरफ्तार भएपछि साङ्गठनिक हिसाबले पार्टीको काम ०२२ सालमा उमेशचन्द्र थापा सचिव तथा सदस्यहरूमा भेषराज शर्मा, उमाकान्त लामिछाने, पीताम्बर शर्मा 'नेपाली', मोहनबहादुर केसी, कर्मबन्धु लम्साल र एमएस थापा सहितको जिल्ला संगठन कमिटी बन्यो ।

पार्टी केन्द्रमा देखिएको विखण्डनले जिल्लालाई पनि प्रभावित गऱ्यो र केही समय साङ्गठनिक काम हुनसकेन । पुष्पलालको नेतृत्वमा ०२५ सालमा गोरखपुरमा सम्पन्न दोस्रो सम्मेलनको लाइनलाई मान्दै ०२६ सालमा भरत पोखरीको ब्युरीदोभानमा आयोजित जिल्लास्तरीय भेलाले लेखनाथ पोखरेल सचिव रहेको भेषराज शर्मा, मोहन सिग्देल, चुडामणि पौडेल, टङ्कप्रसाद चापागाईं, मोहनबहादुर केसी र कर्मबन्धु लम्साल रहेको सात सदस्यीय जिल्ला कमिटी गठन गऱ्यो ।

०२८ सालमा जिल्ला कमिटी पुनर्गठन भई कल्याणकुमार पोखरेल सचिव रहेको शैलराज लम्साल, मुक्ति पोखरेल, विनोदकुमार घर्ती, भोजराज आचार्य, डीलबहादुर घर्ती, धनबहादुर विक (गल्याङ), रुद्रबहादुर गोदार र चुडामणि पौडेलको नौ सदस्यीय जिल्ला कमिटी गठन भयो । ०३० सालमा चिन्नेबासमा आयोजित भेलाले कमिटी पुनर्गठन गरी चन्द्रकुमार उपाध्याय सचिव र कल्याणकुमार पोखरेल, दुर्गाप्रसाद अर्याल, कर्मबन्धु शर्मा, शैलराज लम्साल, डीलबहादुर गुरुङ, रुद्रबहादुर गोदार, केशर गिरी (सानो), बहादुरसिं भुजेल र अम्विका थैव सदस्य रहेको १० सदस्यीय जिल्ला कमिटी गठन गऱ्यो । ०३३ सालमा चन्द्रकुमार उपाध्याय गिरफ्तार भएपछि केही समय कमिटी सञ्चालन हुनसकेन । ०३४ को अन्त्यतिर खड्गबहादुर रानाको नेतृत्वमा कुलमानसिं थापा, मुक्तिप्रसाद वगाले, यादवचन्द्र वाग्ले र उमाकान्ता शर्माबीच जिल्ला तदर्थ समिति गठन भई पार्टी काम अगाडि बढ्यो र ०३६ सालमा चिन्नेबासमा जिल्लास्तरीय भेलाको आयोजना गरी उक्त भेलाले दुर्गा अर्याल सचिव र ध्रुव लम्साल, भेषराज आचार्य, प्रेमराज श्रेष्ठ, स्थानेश्वर अर्याल, डम्बरदेव अर्याल, खड्कबहादुर राना, प्रेमबहादुर केसी, महेन्द्रमान व्यथित, यामबहादुर चौतारे, टङ्कप्रसाद पोखरेल, कुलमानसिं थापा, डीलबहादुर नेपाली, मानध्वज गुरुङ, नरनाथ लम्साल, बलराम अर्याल, यज्ञराज खनाल सदस्य रहेको १७ सदस्यीय जिल्ला कमिटी गठन गऱ्यो । ०३९ मा दुर्गा अर्यालले सचिव पदबाट राजीनामा दिएपछि खाली भएको ठाउँमा कार्यवाहक सचिव बनेर ध्रुव लम्सालले काम गर्नुभयो । केन्द्रीयस्तरमा पुष्पलाल समूह र मनमोहन समूहबीच पार्टी एकता भएपछि ०४३ मा चिन्नेबासमा आयोजित भेलाले ध्रुव लम्साल सचिव र टङ्कप्रसाद पोखरेल, खड्कबहादुर राना, नरनाथ लम्साल, हरि पंज्ञानी, प्रेमराज श्रेष्ठ, दुर्गाप्रसाद अर्याल, मानध्वज गुरुङ, दलबहादुर राना, यामबहादुर चौतारे, दिलबहादुर राना, मोहन रेग्मी, महेन्द्रमान व्यथित, स्थानेश्वर अर्याल, धनप्रसाद विक, चुडामणि पौडेल र झकबहादुर थापा सदस्य रहेको १७ सदस्यीय जिल्ला कमिटी निर्माण गऱ्यो । यो कमिटी ०४७ माघ १६ मा सम्पन्न माले-मार्क्सवादी एकीकरणको समयसम्म कायम रह्यो ।

०३२ मा को-अर्डिनेसन केन्द्रको गठनपछि ०३४ सालदेखि स्याङ्जा जिल्लामा पनि भूमिगत रूपमा यस केन्द्रका नीतिबारे प्रचारात्मक काम सुरु भएको भेटिन्छ । तत्कालीन नेकपा (माले) को गठनपछि ०३६ साउनमा वामदेव गौतम (विमल) को नेतृत्वमा त्रिलोचन ढकाल र धनिराम लामिछाने रहेको तीन सदस्यीय इलाका पार्टी सक्रिय दल, स्याङ्जा गठन भएको थियो । जनमतसङ्ग्रहको अपेक्षाकृत अनुकूल कालमा पार्टीको प्रचारात्मक काम अलिक व्यापक बन्यो । ०३७ जेठ १२ गते धनिराम लामिछानेको नेतृत्वमा त्रिलोचन ढकाल, प्रेमनारायण पौडेल र बासु शाक्य रहेको जिल्ला सम्पर्क कमिटी स्याङ्जा गठन भएको थियो । ०३७ भाद्रमा उक्त कमिटी जिल्ला सङ्गठन कमिटीमा रूपान्तरित भएको थियो । यस कमिटीका दुई जना कमरेडहरू त्रिलोचन ढकाल र धनिराम लामिछानेलाई पश्चिम उत्तर क्षेत्रीय कमिटीले अन्यत्र सरुवा गरेपछि ०३७ जेठमा उक्त कमिटी पुनर्गठन भई प्रेमनारायण पौडेल सचिव र वासु शाक्य, कमलनारायण श्रेष्ठ, रामबहादुर थापा र हुमनाथ शर्मा सदस्य रहेको जिल्ला सङ्गठन कमिटी निर्माण भएको थियो । पश्चिम उत्तर क्षेत्रीय कमिटीको निर्णयले ०३८ मङ्सिरमा प्रेमनारायण पौडेललाई बागलुङ, बासु शाक्यलाई पर्वत र हुमनाथ शर्मालाई तनहुँ सरुवा गर्ने काम गरेपछि त्रिलोचन ढकाल सचिव र रामबहादुर थापा, चक्रबहादुर पराजुली र नवीन गुरुङ सदस्य रहेको कमिटी पुनर्गठन भयो । ०३९ वैशाखमा धर्मदत्त देवकोटा र इमानविक्रम केसीलाई, ०३९ चैतमा अमरनाथ शर्मालाई जिल्ला सङ्गठन कमिटीमा थप गर्ने काम भयो । यसैबीच पश्चिम उत्तर क्षेत्रीय कमिटीले इमानविक्रम केसीलाई कास्की र नवीन गुरुङलाई बागलुङ सरुवा गर्ने काम गऱ्यो । ०४० मङ्सिरमा त्रिलोचन ढकाल सचिवबाट मुक्त भई इन्चार्ज मात्र रहनुभयो भने चक्रबहादुर पराजुली सचिव र धर्मदत्त देवकोटा उपसचिव बन्नुभयो । यसै क्रममा नवीन गुरुङ जिल्ला फर्केर जिल्ला कमिटीमा समावेश हुनुभयो । ०४१ असारमा कमला परियार जिल्ला कमिटीमा समावेश हुनुभयो । यसै कालमा पश्चिम उत्तर क्षेत्रीय कमिटीको निर्णयअनुसार चक्रबहादुर पराजुली बागलुङ सरुवा हुनुभयो, त्रिलोचन ढकाल इन्चार्जबाट मुक्त हुनुभयो र धर्मदत्त पोखरेल जिल्ला कमिटीमा समावेश हुनुभयो । पश्चिम उत्तर क्षेत्रीय कमिटीको निर्णयअनुसार ०४२ असारमा धर्मदत्त पोखरेल कमिटीबाट मुक्त हुनुभयो र केशवलाल श्रेष्ठ जिकमा समावेश भई सचिव बन्नुभयो । यसै समयमा पश्चिम उत्तर क्षेत्रीय कमिटीको निर्णयअनुसार धर्मदत्त देवकोटा कास्की सरुवा हुनुभयो भने शिव कोइराला कास्कीबाट स्याङ्जा सरुवा भई कमिटीमा समावेश हुनुभयो । ०४४ साउनमा केशव पौडेल जिल्ला कमिटीमा समावेश हुनुभयो र ०४४ चैतमा केशवलाल श्रेष्ठको गिरफ्तारीपछि निमित्त सचिव भई उहाँले काम गर्नुभयो । पश्चिम उत्तर क्षेत्रीय कमिटीको निर्णयानुसार ०४५ जेठदेखि किरण गुरुङ स्याङ्जाको इन्चार्जको रूपमा खटिनुभयो भने ०४५ साउनमा जिल्ला कमिटीमा समावेश भई सचिव बन्नुभयो । ०४७ वैशाखमा लक्ष्मीपति पौडेल जिल्ला कमिटीमा समावेश हुनुभयो । २०४७ जेठ २६ गते बसेको पश्चिम उत्तर क्षेत्रीय कमिटीको बैठकले किरण गुरुङलाई तनहुँ, केशव पौडेललाई म्याग्दी र

चक्रबहादुर पराजुलीलाई पर्वतबाट स्याङ्जा सरुवा गर्ने निर्णय गऱ्यो । ०४७ जेठ २६ गते जिल्ला कमिटीले अन्यत्र सरुवा भएका कमरेडहरूलाई बिदाइ गऱ्यो र चक्रबहादुर पराजुलीलाई कमिटीमा समावेश गरी सचिव चयन गऱ्यो । यसै बैठकले छलीकुमारी कुँवर र पुरुषोत्तम पौडेललाई जिल्ला कमिटीमा समावेश गर्ने निर्णय गऱ्यो । ०४७ आश्विनमा लक्ष्मी कार्कीलाई जिल्ला कमिटीमा थप गरियो । ०४७ माघ १६ मा उमेशचन्द्र थापा, ध्रुवराज अधिकारी, गुमानसिं थापा र शिशराम पाठकलाई जिल्ला कमिटीमा थप्ने काम भयो ।

०४७ माघसम्म आइपुग्दा यस जिल्लामा कम्युनिस्ट पार्टीका दुई समूह सङ्गठित रूपमा क्रियाशील रहेको देखिन्छ । ०४७ पुसमा केन्द्रीयस्तरमा माले-मार्क्सवादी एकीकरणपछि ०४७ माघमा यस जिल्लाका कमिटीबीच पनि एकीकरणको काम सम्पन्न भयो । एकीकृत जिल्ला कमिटीको सचिवमा चक्रबहादुर पराजुली रहनुभयो भने सदस्यहरूमा ध्रुवराज लम्साल, अमरनाथ शर्मा, रामबहादुर थापा, लक्ष्मीपति पौडेल, महेन्द्रमान व्यथित, मानध्वज गुरुङ, उमेशचन्द्र थापा, खड्कबहादुर राना, गुमानसिंह थापा, झकबहादुर थापा, टङ्कप्रसाद पोखरेल, दुर्गाप्रसाद अर्याल, धनप्रसाद विक, नरनाथ लम्साल, पद्मा अर्याल, पुरुषोत्तम पौडेल, लक्ष्मी कार्की, हरि पंज्ञानी, शिशराम पाठक, हितकाजी गुरुङ, ध्रुवराज अधिकारी र महेन्द्र थापा रहनुभयो ।

०४८ को आमनिर्वाचनमा बागी बनेकाले ०४८ चैत २८ गते बसेको जिल्ला कमिटीको बैठकले मेहन्द्रमान व्यथितलाई पार्टीको सदस्यताबाट समेत निष्कासन गर्ने निर्णय गऱ्यो । पार्टीविरोधी गतिविधिमा संलग्न देखिएकाले मानध्वज गुरुङलाई ०४८ मङ्सिर ७ गते, नरनाथ लम्साल र दुर्गा अर्याललाई ०४८ मंसिर २९ गतेदेखि पार्टी सदस्यताबाट समेत निष्कासन गर्ने निर्णय भयो ।

नेकपा (एमाले) स्याङ्जाको प्रथम जिल्ला अधिवेशन ०४८ माघ १८-२० मा सदरमुकाम स्याङ्जाका आयोजना गरियो । उक्त अधिवेशनको उद्घाटन बलराम उपाध्यायबाट भएको थियो भने समापन तत्कालीन महासचिव जननेता कमरेड मदन भण्डारीको प्रमुख आतिथ्यमा सम्पन्न भएको थियो । उक्त अधिवेशनले तीन सिट खाली राखी चक्रबहादुर पराजुलीलाई सचिवमा चयन गऱ्यो भने अमरनाथ शर्मा, पुरुषोत्तम पौडेल, महेन्द्र थापा, रामबहादुर थापा, लक्ष्मीपति पौडेल, लक्ष्मी कार्की, शिशराम पाठक र शशिकुमार उपाध्याय, ओम शर्मा, खड्गबहादुर नेपाली, दुर्गाकुमारी रेग्मी, ध्रुव लम्साल, हरि पंज्ञानी, खड्गबहादुर राना, गुमानसिंह थापालाई सदस्यमा निर्वाचित गऱ्यो । यसै कालमा पार्टी एकताका क्रममा नेकपा (संयुक्त) बाट आउनुभएका भक्तिप्रसाद वाग्लेलाई जिल्ला कमिटीमा समावेश गर्ने काम भयो । विविध कारण देखाई खड्कबहादुर नेपाली, लक्ष्मी कार्की, दुर्गा रेग्मी र भक्तिप्रसाद वाग्लेले कमिटीबाट राजीनामा दिनुभयो- ०५० साउन २५ मा । ०५० असोजमा पुरुषोत्तम न्यौपाने र मङ्सिरमा नवीनप्रकाश गुरुङलाई जिल्ला कमिटीमा समावेश गर्ने काम भएको थियो । दोस्रो जिल्ला अधिवेशनको पूर्वसन्ध्यामा आइपुग्दा ०५१ वैशाख २ गते भारतको बहराइचमा गुण्डाहरूद्वारा जिल्ला कमिटी सदस्य पुरुषोत्तम पौडेलको हत्या गरियो ।

०५१ जेठ ३-५ गते नेकपा (एमाले) स्याङ्जाको दोस्रो जिल्ला अधिवेशन सदरमुकाम स्याङ्जामा सम्पन्न भयो । दोस्रो जिल्ला अधिवेशनले चक्रबहादुर पराजुली सचिव, अमरनाथ शर्मा, ध्रुव लम्साल, महेन्द्र थापा, यज्ञप्रसाद पौडेल, इन्द्र लुईंटेल, नवीनप्रकाश गुरुङ, भक्तबहादुर गुरुङ, उमेशचन्द्र थापा, कृष्णबहादुर गुरुङ, रामबहादुर थापा, पद्मा अर्याल, ऋषिराम काफ्ले, डिल्ली सापकोटा र ढाकाराम अर्याल सदस्य रहेको १५ सदस्यीय जिल्ला कमिटी निर्माण गऱ्यो । ०५१ साउनमा लक्ष्मीपति पौडेल र हरि पंज्ञानीलाई जिल्ला कमिटीमा थप गर्ने निर्णय भयो । प्रेमनारायण पौडेललाई केन्द्रीय कमिटीले १५ वर्षपछि जिल्लामै रहेर काम गर्ने निर्णयसहित जिल्ला फर्कायो । जिल्ला सुकुमवासी आयोगको अध्यक्षमा नियुक्त भएकाले चक्रबहादुर पराजुलीलाई दोहोरो जिम्मेवारी नरहने केन्द्रीय निर्देशनअनुसार ०५२ असार १८ गतेको बैठकले सचिवबाट मुक्त गऱ्यो । प्रेमनारायण पौडेल जिल्ला कमिटीमा समावेश हुनुभयो र कमिटीले उहाँलाई सचिव चयन गऱ्यो । ०५३ वैशाखमा नरकुमारी गुरुङलाई जिल्ला कमिटीमा थप गर्ने काम भयो । ०५३ वैशाखमा गण्डकी अञ्चल समन्वय कमिटीको निर्देशनअनुसार मोहन रेग्मी र महेन्द्रमान व्यथितलाई जिल्ला कमिटीमा समावेश गर्ने काम भयो । विद्यमान जिल्ला कमिटीको म्याद सकिएकाले अधिवेशन आयोजक कमिटी बनाउने उद्देश्यले आयोजित ३५ औं बैठकले सचिव परिवर्तन गरी चक्रबहादुर पराजुली सचिवलाई बनायो । २०५४ फागुन २१ गते संसदीय दल विभाजन भई देखापरेको पार्टी विखण्डनको असर यस जिल्लामा पनि पऱ्यो । ०५४ चैत १ गते सचिव चक्रबहादुर पराजुलीको नेतृत्वमा करिब आधाजसो कमिटीका सदस्यहरू पार्टीबाट अलग हुने काम भयो र कमिटीका बाँकी कमरेडहरू गण्डकी इन्चार्ज काशीनाथ अधिकारीको अध्यक्षतामा बैठक बसी विधानअनुसार चक्रबहादुर पराजुलीलाई सचिवबाट हटाई प्रेमनारायण पौडेललाई सचिव बनाउने काम भयो । साथै, बैठकले उदय श्रेष्ठ र चिरञ्जीवी पाण्डेलाई जिल्ला कमिटीमा समावेश गरी छैटौं महाधिवेशनले पारित गरेको नीतिअनुरूप अगाडि बढ्ने निर्णय गऱ्यो । २०५४ चैत ३० मा गुणखर सापकोटा, वेदप्रकाश भट्टराई र सीमा क्षेत्रीलाई जिल्ला कमिटीमा थप गर्ने काम भयो ।

०५५ असोज २९-३१ मा नेकपा (एमाले) स्याङ्जाको तेस्रो जिल्ला अधिवेशन सदरमुकाम स्याङ्जामा आयोजना गरियो । श्रद्धेय अध्यक्ष मनमोहन अधिकारीद्वारा उद्घाटित उक्त अधिवेशनले प्रेमनारायण पौडेल सचिव र महेन्द्रमानथ व्यथित, गुमानसिं थापा, ध्रुवराज अधिकारी, मोहन रेग्मी, ढाकाराम अर्याल, रामबहादुर थापा, अमरनाथ शर्मा, उदय श्रेष्ठ, कृष्ण खाँण, कृष्णबहादुर गुरुङ, चिरञ्जीवी पाण्डे, ध्रुवराज लम्साल, नीलकण्ठ शर्मा, प्रेमबहादुर गुरुङ, पुण्यप्रसाद भुसाल, विश्वचक्र त्रिपाठी, विष्णुबहादुर थापा, सीमा क्षेत्री र हेम आले सदस्य रहेको २१ सदस्यीय जिल्ला कमिटी निर्माण गऱ्यो । पार्टीविरोधी गतिविधिमा लागेकाले अमरनाथ शर्मालाई बैठकले कमिटी सदस्य तथा साधारण सदस्यताबाट समेत हटाउने निर्णय गऱ्यो । गण्डकी अञ्चल समन्वय कमिटीको निर्देशनअनुसार हितकाजी गुरुङलाई जिल्ला कमिटीमा थप्ने काम भयो । स्वास्थ्यको कारण देखाई कृष्णबहादुर गुरुङले दिनुभएको राजीनामा स्वीकृत भयो । मूलघर फर्कनुभएका अमरनाथ शर्मालाई २०५८ साउन १८ गते जिल्ला कमिटीमा राख्ने निर्णय भयो । दोहोरो जिम्मेवारीमा नरहने केन्द्रीय सङ्गठन विभागको निर्देशन र गण्डकी अञ्चल समन्वय कमिटीको निर्णयअनुसार मोहन रेग्मीलाई ०५८ भदौमा जिल्ला कमिटीबाट बिदाइ गर्ने काम भयो ।

०५८ असोज २९-३० मा नेकपा (एमाले) स्याङ्जाको चौथो जिल्ला अधिवेशन सदरमुकाम स्याङ्जामा सम्पन्न भयो । अधिवेशनले महेन्द्रमान व्यथित सचिव र प्रेमनारायण पौडेल, रामबहादुर थापा, ध्रुवराज अधिकारी, ध्रुवराज लम्साल, ढाकाराम अर्याल, उदय श्रेष्ठ, अमरनाथ शर्मा, कृष्ण खाँण, गुणाखर सापकोटा, चुनप्रसाद पोखरेल, जीवनकुमार पौडेल, टीकाराम न्यौपाने, सुश्री टेकु

नेपाली, नारायण मरासिनी, पुण्यप्रसाद भुसाल, प्रेमबहादुर गुरुङ, विष्णुबहादुर थापा, बद्री शर्मा, मीनप्रसाद गुरुङ, युधिष्ठिर रायमाझी, शिक्षा क्षेत्री र हेम आले सदस्य रहेको २३ सदस्यीय जिल्ला कमिटी निर्माण गर्‍यो । ०५८ मङ्सिरमा शिशराम पाठकलाई जिल्ला कमिटीमा थप्ने काम भयो । ०५८ माघमा चिरञ्जीवी पाण्डे र देवी थापा मगरलाई जिल्ला कमिटीमा थप्ने काम भयो ।

पार्टी केन्द्रीय तहमा नेकपा (एमाले) र मालेबीच भएको पार्टी एकीकरणपछि ०५८ फागुन २९ गते बसेको जिल्ला कमिटीको सातौँ बैठकले जिल्लामा पार्टी एकीकरणको काम सम्पन्न गर्‍यो । एकीकृत कमिटीमा सचिव महेन्द्रमान व्यथित, उपसचिव रामबहादुर थापा र सदस्यहरूमा प्रेमनारायण पौडेल, ध्रुवराज अधिकारी, ध्रुव लम्साल, ढाकाराम अर्याल, उदय श्रेष्ठ, महेन्द्र थापा, लोकराज शर्मा, मुक्तिप्रसाद पाठक, पद्मा अर्याल, अमरनाथ शर्मा, कृष्ण खाँण, गुडाखर सापकोटा, चुनप्रसाद शर्म, जीवनकुमार पौडेल, टीकाराम न्यौपाने, टेकु नेपाली, नारायण मरासिनी, पुण्यप्रसाद भुसाल, प्रेमबहादुर गुरुङ, विष्णुबहादुर थापा, बद्री शर्मा, मीनप्रसाद गुरुङ, युधिष्ठिर रायमाझी, चिरञ्जीवी पाण्डे, सीमा क्षेत्री, शिशराम पाठक, हेम आले, देवी थापा मगर, यज्ञराज खनाल, ख्यामनारायण देवकोटा, दानबहादुर गुरुङ, विष्णुप्रसाद उपाध्याय, हरि पङ्जानी रहनुभयो ।

०५९ असार ६ गते भक्ति पराजुली र लक्ष्मीपति पौडेललाई जिल्ला कमिटीमा समावेश गर्‍यो । महेन्द्रमान व्यथितका बारेमा नैतिक चरित्रहीनता, भ्रष्ट आचरण, अनुशासनहीनता र गोपनीयता भङ्गजस्ता विषयमा गण्डकी अञ्चल समन्वय कमिटीमा गम्भीर ढङ्गले कुरा उठेपछि निज व्यथितले गल्ती स्वीकार गरी कमिटीसमक्ष आफूमाथि उपरोक्त विषयमा कारबाही नगरियोस्, बरु जिल्ला कमिटी सचिवबाट राजीनामा दिन्छु भनी राजीनामा पेस गरेकाले कमिटीले ०५९ भदौमा उक्त राजीनामा स्वीकृत गरेको थियो । गण्डकी अञ्चल समन्वय कमिटीले चक्रबहादुर पराजुलीलाई स्याङ्जा जिल्ला कमिटीमा रही काम गर्ने गरी पठाएकाले कमिटीले जिल्ला कमिटीमा समावेश गरी सचिव बनाउने काम गर्‍यो । एक वर्षभन्दा लामो समय जिल्ला कमिटी बैठकमा अनुपस्थिति रहेकाले जिल्ला कमिटीको ३१औँ बैठकले महेन्द्रमान व्यथितलाई जिल्ला कमिटीबाट हटाउने निर्णय गर्‍यो । प्रतिगमनको गोटी बन्दै राजा ज्ञानेन्द्रको पक्षमा वकालत गरेको र पार्टी निर्देशनको उल्लङ्घन गरी राजाको अभिनन्दन कार्यक्रमको सचिव बनेर काम गरेकाले निज महेन्द्रमान व्यथितलाई जिल्ला कमिटीले पार्टीको साधारण सदस्यबाट समेत हटाउने काम गर्‍यो । यसै बैठकले निष्क्रियताका कारण विधानअनुसार यज्ञप्रसाद खनाललाई पनि जिल्ला कमिटीबाट हटाउने निर्णय गर्‍यो । गण्डकी अञ्चल समन्वय कमिटीको निर्णय र निर्देशनअनुसार मोहन रेग्मीलाई जिल्ला कमिटीमा थप गर्ने काम भयो । ०६१ असारमा गुणाखर सापकोटाको राजीनामा स्वीकृत भयो भने गण्डकी अञ्चल समन्वय कमिटीको निर्देशनअनुसार पद्मा अर्याललाई जिल्ला कमिटीबाट बिदाइ गर्ने काम भयो ।

०६१ पुस ९, १० र ११ गते नेकपा (एमाले) स्याङ्जाको पाँचौं जिल्ला अधिवेशन नेकपा (एमाले) का महासचिव माधवकुमार नेपालद्वारा उद्घाटन भएर सम्पन्न भयो । पाँचौं अधिवेशनले चक्रबहादुर पराजुली सचिव रहेको २६ सदस्यीय जिल्ला कमिटी निर्माण गर्‍यो । रामबहादुर थापा (उपसचिव), ढाकाराम अर्याल, ध्रुवराज अधिकारी, ध्रुवराज लम्साल, पुण्य भुसाल, महेन्द्र थापा, मोहन रेग्मी, मुक्ति पाठक, लोकराज शर्मा, सीमा क्षेत्री, अमरनाथ शर्मा, उमाकान्त पौडेल, कृष्ण खाँण, खड्गबहादुर रानाभाट, खेमनारायण देवकोटा, चुनप्रसाद शर्मा, टेकु नेपाली, देवी थापा मगर, नारायण मरासिनी, प्रेमबहादुर गुरुङ, बद्री शर्मा, मीनप्रसाद गुरुङ, युधिष्ठिर रायमाझी, सीता सुन्दास र हेम आले गरी २६ सदस्यीय जिल्ला कमिटी बन्यो । ०६१ फागुन ५ गते बसेको जिल्ला कमिटीको तेस्रो बैठकले आठ जना इस्लाम मियाँ, उदय श्रेष्ठ, कृष्णबहादुर लामिछाने मगर, खड्गबहादुर नेपाली, दानबहादुर गुरुङ, विष्णुप्रसाद उपाध्याय, शिशराम पाठक र हरिप्रसाद पङ्जानीलाई थप गर्ने निर्णय गरी हाल ३४ सदस्यीय जिल्ला कमिटी क्रियाशील छ ।

उपरोक्त विवरण जिल्ला तहको साङ्गठनिक कामको झाँकी मात्र हो । जिल्लाभन्दा तल पनि भूमिगतकालमा विद्यार्थी, आवधिक तथा अघोषित पेसेवरको रूपमा रहेर काम गर्ने कार्यकर्ताहरू गणेश राना, डीलबहादुर थापा, इन्द्र लुईंटेल, गिरबहादुर नेपाली, भीम कार्की, हुमबहादुर केसी, डोलराज अर्याल, कुलबहादुर गुरुङ, भीम शर्मा, शेरसिंह पाण्डे, दुर्गानारायण ढकाल, दीर्घनारायण अर्याल, सूर्य खनाल, नारायण शर्मा, भीमासिं आदि हुनुहुन्थ्यो । पञ्चायती कालरात्रिकालमा तत्कालीन माले पार्टीको कार्यकर्ता उत्पादनको ऊर्वर भूमि रहेको स्याङ्जा जिल्लाबाट गण्डकी-धवलागिरिका सबै जिल्लामा गएर पार्टी निर्माणको काममा कार्यकर्ता खटेर योगदान गरेको पाइन्छ । यति मात्र होइन, पार्टी तथा जनसङ्गठनका विभिन्न जिम्मेवारीमा रहेर काम गर्ने, जेल, नेलको यातना भोगेर जनतामा उत्साह भर्ने तथा सेल्टर उपलब्ध गराई सुरक्षा दिएर पार्टी निर्माणमा योगदान पुर्‍याउने थुप्रै कार्यकर्ता र जनताको पङ्क्ति नभएको भए आज हाम्रो पार्टी जनताको अभिभावक र लोकप्रिय पार्टी बन्नसक्ने थिएन ।

# जो, जतिसुकै डाँको छोडून्

***ब्रिटेनको दक्षिणपन्थी दैनिक 'डेली मेल' ले दुई पेजमा वारपार बडेमाको शीर्षक छाप्यो- राक्षस मार्क्स । आखिर यतिबिघ्न किन बौलायो त्यो पत्रिका ? ऊ बौलाउनुको एक मात्र कारण थियो- एक सय २२ वर्षअघि मरिसकेका मार्क्सलाई ब्रिटेनका जनताले भर्खरै आफ्नो सबभन्दा मनपर्ने चिन्तकको रूपमा चयन गर्नु ।***

***जबकि, १५ वर्षअघि बर्लिन पर्खाल ढालिँदा नै मार्क्सविरोधीहरूले घोषणा गरेका थिए सायद, बर्लिन पर्खालको कुडा-कर्कटमुनि सधैँका लागि मार्क्स पुरिइसके । अब उनका बारेमा कसैले सोच्न र लेख्न फेरि कहिल्यै पर्ने छैन । तर, डेढ दशक बितिसक्दा पनि फेरि मार्क्स नै लोकप्रिय चिन्तक ? फेरि मार्क्सकै धुमधाम चर्चा ? तब, किन नबौलाओस् 'डेली मेल' !***

***ब्रिटेनकै जनताले मार्क्सलाई सबभन्दा आदरणीय दार्शनिक माने । बीबीसी को रेडियो चारका हजारौँ श्रोताहरूमा गरिएको मत सर्वेक्षणको परिणाम हो यो । जसरी मार्क्स कुनै विकल्प हुनुपर्नेमा विश्वास राख्थे, यो परिणामले हजारौँ ब्रिटिसहरू पनि साँचो परिवर्तन सम्भव छ भन्नेमा विश्वास राख्छन् भन्ने देखाएको छ ।***

*मत सर्वेक्षणको परिणामअनुसार कार्ल मार्क्स (२७.९३), डेभिड ह्युम (१२.६७), लुड्विग वित्जेन्सतेन (६.८०), फ्रेडरिक नित्से (६.४९), इमानुएल कान्ट (५.६१), सेन्ट थमस अकुइनास (४.८३), सोक्रेटस् (४.८२), एरिस्टोटल (४.५२) र कार्ल पोपर (४.२०) प्रतिशत मतका साथ १० शीर्षस्थ दार्शनिकको रूपमा रहेका छन् ।*

*मार्क्स नै शीर्ष स्थानमा किन रहे ? ब्रिटिस मार्क्सवादी इतिहासकार एरिक हब्सवाम भन्छन्- 'कम्युनिष्ट घोषणापत्रमा भूमण्डलीकरणको प्रकृति र प्रभावको चकित पार्ने भविष्यवाणी रहेको छ ।' स्मरणीय छ, सात वर्षअघि फाइनान्सियल टाइम्स पत्रिकाले लेखेको थियो- 'हामी एक दशकमा नै विश्व पुँजीवादको विजयबाट सङ्कटतर्फ गएका त छैनौँ ।' र, त्यस लेखको शीर्षक थियो- फेरि 'पुँजी' मा पुग्दा ।*

*पुँजीवादी व्यवस्थाबाट अधिकतम् लाभ उठाएकाहरूसमेतले यसप्रति प्रश्न उठाउन थालेका छन् । जस्तो कि, अर्बपति जर्ज सोरोसले आफूजस्ता पुँजीवालाहरूको प्रवृत्तिमा उनीहरूले अरूहरूलाई कुल्चिनुअघि नै नियन्त्रण गर्नुपर्ने बताएका छन् । उनी भन्छन्- 'एक सय ५० वर्षअघि नै मार्क्स र एङ्गेल्सले पुँजीवादी व्यवस्थाको ज्यादै राम्रो विश्लेषण गरेका छन् । ...दुर्भाग्यवस, हामी फेरि इतिहासको पाठबाट गलत निष्कर्ष निकाल्ने खतरा मोल्दैछौँ । यसपटक, साम्यवादबाट नभएर अनियन्त्रित बजारीकरणबाट खतरा आउँदैछ ।'*

*आठ वर्षअघि 'द न्यूयोर्कर' पत्रिकाका संवाददाता जोन कासिडीले आफ्नो रिपोर्टमा एक जना व्याङ्करसँगको कुराकानी उल्लेख गरेका थिए । ती व्याङ्करले भनेका थिए- 'जति समय म न्युयोर्कको वालस्ट्रिट (सेयर बजार) मा बिताउँदैछु, त्यति नै बढी मार्क्स सही थिए भन्नेमा म विश्वस्त हुँदैछु । पुँजीवादलाई हेर्ने मार्क्सको दृष्टिकोण नै उत्तम हो भन्नेमा म पूर्णतः विश्वस्त छु ।'*

*ती व्याङ्करको यस्तो भनाइबाट संवाददाता कासिडीको उत्सुकता जाग्यो र उनले पहिलोपटक मार्क्सको रचना पढे । उनले तिनमा भूमण्डलीकरण, असमानता, राजनीतिक भ्रष्टाचार, एकाधिकारवाद, प्राविधिक प्रगति, उच्च संस्कृतिको क्षयजस्ता अर्थशास्त्रीहरूले अहिले सामना गर्नुपरिरहेका मुद्दाहरूका बारेमा उल्लेख भएको पाए- अहिलेका ती अर्थशास्त्री, जसलाई आफूहरू मार्क्सको पदचिन्हमा हिँडिरहेको सायदै बोध होला !*

*दक्षिणपन्थी प्रेस जतिसुकै विरह पोखोस्, जतिसुकै डाँको छोडोस्- मार्क्स एक्काइसौँ शताब्दीका पनि प्रभावशाली चिन्तक हुनसक्ने एक पश्चिमी विद्वान्ले नै बताएका छन् । ती मार्क्स, जसकी आमाले उनलाई भनेकी थिइन्- 'पुँजीका बारेमा लेखिरहनुभन्दा बरु केही पुँजी जम्मा गरेको भए बेस हुने थियो ।' मार्क्सले पुँजी नलेखी जम्मा मात्र गरेको भए मार्क्स नै कहाँ बन्थे ?*

# मुलुकको द्वन्द्व र राजनीतिक शक्तिको अवस्था

**महेश रेग्मी**

द्वन्द्वैद्वन्दमा जेलिएको देशको सङ्कटपूर्ण राजनीतिक अवस्थाले अहिलेसम्म निकास पाउन सकेको छैन । सर्वविदितै छ, मुलुकको राजनीतिमा शान्तिपूर्ण आन्दोलनका पक्षधर संसद्वादी शक्ति र सैन्यबलमा अडेको माओवादी र निरङ्कुशतावादी दरबारिया शक्ति गरी मूलतः तीन शक्ति हावी छन् । यिनीहरूबीच यो बेलासम्म द्वन्द्व पेचिलो बनिरहेको नै छ । जबसम्म यो त्रिपक्षीय द्वन्द्वलाई न्यूनीकरण गर्न सकिन्न, तबसम्म मुलुकमा शान्ति कायम गर्ने कुरो गँजडीको गफसरह मात्र हुनेछ । त्यसैले द्वन्द्व व्यवस्थापन गर्ने सन्दर्भमा जाने हो भने माथि उल्लिखित तीनै शक्तिको आमप्रवृत्ति, तिनले अङ्गीकर गरेको विचार, अवलम्बन गरेको बाटो र खेलेको भूमिकाबारे गम्भीर छलफल हुनु आवश्यक छ ।

**१. अतिवादी प्रवृत्ति**

राष्ट्रिय राजनीतिभित्र देखिएको यो प्रवृत्तिबारे चर्चा गरिरहँदा माओवादी र दरबारिया शक्ति सम्पूर्ण रूपले यही अतिवादमा आधारित छन् । आफ्ना बारेमा उनीहरूले सार्वजनिक रूपमा जे भाषण गरे पनि यथार्थमा दुवैको शक्तिको स्रोत सेना र हतियार हुन् । दुवैको चरित्र निरङ्कुश, दानवीय र आतङ्ककारी रहेको छ भने दुवैमा मानवीय संवेदना, विवेक र सहिष्णुता हराइसकेको छ । उनीहरूबीच भइरहेको बिनाउपलब्धिको अन्त्यहीन लडाइँले दसौँ हजारको ज्यान लिइसकेको छ । जसका कारण सिङ्गो राष्ट्र र सम्पूर्ण अन्तर्राष्ट्रिय जगत्समेत असन्तुष्ट र आक्रोसित बन्न पुगेको छ । तर, आफूलाई सच्याउने र मुलुकमा शान्ति कायम गर्ने कुरामा उनीहरूको कुनै अग्रसरता रहेको देखिन्न ।

**माओवादी शक्ति**

यो शक्ति आफूलाई जनताको शक्ति र सर्वहारा श्रमजीवी वर्गको प्रतिनिधि संस्था ठान्ने गर्छ । तर, उसको काम, व्यवहार, कार्यशैली साथै उसले अवलम्बन गरेको बाटो र साङ्गठनिक संरचना आदिलाई हेर्दा उसलाई जनताको शक्ति अर्थात् जनआधारित राजनीतिक पार्टी भन्न सकिन्न । बरु उल्टो राष्ट्रले कष्टताका साथ निर्माण गरेको भौतिक संरचनालाई ध्वस्त गर्ने, फरक विचार राख्नेलाई सिध्याउने, आफ्नो निहित स्वार्थका लागि विभिन्न वर्ग र पेसामा संलग्न व्यक्तिहरूलगायत सर्वसाधारण जनतालाई अपहरण गर्ने, लुट, हत्या, आतङ्क मच्चाउने, पत्रकार, मानवअधिकारकर्मीलाई समेत बाँकी नराख्ने आदिजस्ता

कार्यले उक्त पार्टी जनता र राष्ट्रविरोधी उग्रवामपन्थी चिन्तन र आतङ्ककारी क्रियाकलाप बोकेको सामाजिक फासीवादतर्फ उन्मुख अतिवादी शक्ति हो भनी ठोकुवा गर्न सकिन्छ ।

**दरबारिया शक्ति**

चरम दक्षिणपन्थी अतिवादी यो शक्ति सिद्धान्तमा मात्र होइन, काम र व्यवहारमा समेत सेना, बन्दुक, हतियारलाई शक्तिको स्रोत बनाई चलेको छ । यो शक्ति थोत्रो, पुरानो र औचित्य नै समाप्त भइसकेको सामन्तवादी चिन्तन विचारको नेता संस्था भएकाले यसले मुट्ठीभर शोषक, सामन्त, नोकरशाह एवम् सम्भ्रान्त वर्गको मात्र हित, रक्षा, प्रतिनिधित्व र पक्षपोषण गर्ने गर्छ । यो शक्ति सधैँ प्रगति, प्रजातन्त्र र अग्रगमनको विपक्षमा रहन्छ । यसले निरङ्कुशतालाई आदर्श मानी आफूलाई हर समय जनता, प्रजातन्त्र, मानवअधिकार, जनअधिकार र प्रेस स्वतन्त्रताको विरुद्धमा उभ्याउने गर्छ । वर्गीय पक्षधरता र सैद्धान्तिक अवधारणाकै कारण यो शक्ति सत्तामा पुग्नासाथ निरङ्कुश, तानाशाही एवम् हैकमवादी ढङ्गले चल्ने र सत्तामा पुग्न नसक्दा जनता र प्रजातन्त्रका विरुद्ध षड्यन्त्र गरिरहने गर्छ । त्यही भएर नै कुनै बेला दुनियाँमै सशक्त रूपमा रहेको यो शक्ति युगको मागअनुसार नचलेका कारणले गर्दा नै खिइँदै, खुम्चिँदै, सिद्धिँदै आयो र अहिले अस्तित्त्वरक्षाको लडाइँ लडिरहेको छ । हाम्रो सन्दर्भमा पनि जनविश्वास र राष्ट्रिय आधार गुमाइसकेको यो अतिवादी शक्ति अस्ताउने क्रममा छ । तर, विडम्बना, सैन्य उन्मादले गर्दा घाट निकटताको आफ्नो वास्तविक हैसियतलाई यसले आत्मसात् गर्न सकिरहेको छैन । त्यही भएर अहिलेकै दम्भपूर्ण अवस्थाको निरन्तरता रहिरहने हो भने यो शक्ति निकट भविष्यमै धूलोमा मिल्ने निश्चित छ ।

२. **वस्तुवादी प्रवृत्ति**

सिद्धान्त, विचार, सङ्गठन र कार्यशैली फरक-फरक भए पनि प्रजातन्त्रमाथि विश्वास राख्दै शान्तिपूर्ण र वैज्ञानिक बाटोलाई अङ्गीकार गरिरहेका राजनीतिक पार्टीहरू यस प्रवृत्तिभित्र पर्ने गर्दछन् । वर्तमान सन्दर्भमा उनीहरू नै संसद्वादी शक्तिका रूपमा परिचित छन् ।

**संसद्वादी शक्ति**

शक्तिको स्रोत नेपाली जनतालाई ठान्ने यस शक्तिले हतियारबन्द आन्दोलनलाई अस्वीकार गर्दै सही विचार र व्यवहारका साथै शान्तिपूर्ण अभियानद्वारा जनताको विश्वास जित्ने, बहुदलीय प्रजातन्त्र, मानवअधिकार, मौलिक अधिकारलाई आधारशीला बनाउने, स्वस्थ, प्रतिस्पर्धा एवम् पहलकदमीद्वारा आफूलाई श्रेष्ठ प्रमाणित गर्ने, मुलुकको उन्नति, विकास र अग्रगमनका लागि निरन्तर क्रान्तिकारी बाटो अवलम्बन गरिरहने जस्ता जनताले चाहेका र आत्मस्वीकार गरेका आदर्शयुक्त सोच, कार्यक्रम र कार्यदिशा बोक्ने गर्छ । यद्यपि, यो शक्तिभित्र पर्ने कतिपय पार्टीहरू विगत १२-१४ वर्षमा सरकारमा रहेका बेला सत्ता, कुर्सी, पद र स्वार्थका लागि अप्राकृतिक ढङ्गका काम, क्रियाकलाप र व्यवहारले गर्दा आलोचित बन्नुका साथै राष्ट्र र जनताको हितविपरीतका कतिपय निर्णयले बदनामसमेत भएका छन् । तर पनि बहुदलीय व्यवस्थालाई जनताले आस्थाको प्रतीक र आफ्नो जीवनपद्दतिको रूपमा स्वीकार गरिसकेका कारण उनीहरूका विगतका क्रियाकलापबाट दुःखित र चिन्तित बन्नुपरे पनि उनीहरू नै यस व्यवस्थाका सारथिहरू भएकाले अहिले पनि ९० प्रतिशत नेपाली जनता यिनै राजनीतिक पार्टीहरूको पक्षमा दृढताका साथ उभिएका छन् ।

त्यसैले संसद्वादी शक्तिले विगतबाट गहिरो शिक्षा लिई आफूलाई सम्पूर्ण रूपले सच्याएर विद्यमान द्वन्द्व व्यवस्थापन गर्दै मुलुकमा शान्ति र पूर्ण प्रजातन्त्र वहाली गर्ने ऐतिहासिक जिम्मेवारी पूरा गर्नुपर्छ । यसलाई नै अहिले उसले आफ्नो काँधमा आएको युगीन अभिभारा हो भन्ने ठान्नुपर्छ ।

# अखिलका पूर्वनेताहरूद्वारा पारित प्रस्ताव

देश र जनताको समृद्धि र प्रजातन्त्रका लागि जीवन अर्पण गर्ने सम्पूर्ण ज्ञात-अज्ञात सहिदहरूप्रति श्रद्धाञ्जली अर्पण गर्दै यो राष्ट्रिय भेला निम्न प्रस्तावहरू पारित गर्दछ :

१. **'माघ १९' गतेको शाही कदमका सम्बन्धमा**

क. मुलुकका मुट्ठीभर अभिजात वर्गको स्वार्थ र राजा ज्ञानेन्द्रको कुण्ठाग्रस्त महत्त्वाकाङ्क्षा पूरा गर्न लादिएको निरङ्कुश राजतन्त्रले मुलुकलाई असफल राष्ट्र बनाउने दिशामा धकेल्दै गएको हुँदा मुलुक र प्रजातन्त्रको भविष्य जोगाउन सम्पूर्ण नेपाली नागरिकहरू एकताबद्ध भई निरङ्कुशतन्त्रको अन्त्यका लागि आन्दोलनमा सरिक हुन यो राष्ट्रिय भेला आह्वान गर्दछ। साथै, राजतन्त्रले प्रजातन्त्रका विरुद्ध पटक-पटक षड्यन्त्र गर्दै आएको सन्दर्भमा त्यसको पुनरुत्थानका आधारहरूलाई अन्त्य गरेर मात्रै प्रजातन्त्रलाई दिगो र सुरक्षित बनाउन सकिन्छ भन्ने कुरामा जोड दिन्छ ।

ख. राजा वीरेन्द्रको वंशनासपछिका नयाँ राजा ज्ञानेन्द्रले गद्दीनसिन भएलगत्तै उनले दिन थालेका अभिव्यक्तिहरू, संसद्को विघटन, शाही सेनाका जर्नेलहरूका वक्तव्यहरू, संसदीय चुनाव नहुने परिस्थिति बनाउन गरिएका कसरतहरू, शेरबहादुर देउवाको वर्खास्ती, एकपछि अर्को सरकारको विघटन र गठन, स्थानीय निकायलाई निरन्तराता नदिन गरिएको षड्यन्त्र, राजाले आफ्नो अभिनन्दका लागि आयोजना गराएका भेलाहरू, भदौ १६ गतेको घटना र 'माघ १९' गतेको घोषणाले राजाको शान्ति र प्रजातन्त्रको नारा राजा र उनको परिवारको स्वार्थका लागि मुलुकलाई बर्बादीतिर धकेल्ने षड्यन्त्र हो भन्ने कुरामा नेपालको आन्तरिक जनमत प्रस्ट भइसकेको र अन्तर्राष्ट्रिय जनमतसमेत 'माघ १९' गतेपछि प्रस्ट हुँदै गएको सन्दर्भमा नेपालको प्रजातान्त्रिक आन्दोलनलाई

समर्थन गर्ने सम्पूर्ण अन्तर्राष्ट्रिय सङ्घसंस्था, सरकार र समुदायलाई धन्यवाद दिँदै यो राष्ट्रिय भेला अझै पनि कतिपय क्षेत्रबाट राजतन्त्र र प्रजातन्त्रलाई समान महत्त्व दिने कुराले नेपाली जनमत र इतिहासको उचित सम्मान नगर्ने हुँदा प्रजातन्त्रका पक्षमा स्पष्ट हुन सम्बन्धित अन्तर्राष्ट्रिय समुदायलाई अपिल गर्दछ ।

ग. निरङ्कुश राजतन्त्रको अन्त्यका लागि राजनीतिक दलहरू, विद्यार्थी सङ्गठनहरू, वकिल तथा पत्रकार सङ्गठनहरू, मानवअधिकारवादी सङ्घसंस्थाहरू तथा नागरिक समाजहरूले चलाउँदै आएको आन्दोलनमा यो राष्ट्रिय भेलाले ऐक्यबद्धता प्रकट गर्दै निरङ्कुशतन्त्रका विरुद्ध एकीकृत आन्दोलनको निर्माण गर्न आह्वान गर्दछ ।

घ. सार्वभौमसत्ता सम्पन्न जनतालाई स्वीकार गरेर राजसंस्था कायम रहने कुरा ०४७ सालको संविधानको मूलमर्म हो । नयाँ राजा ज्ञानेन्द्रले संविधानको मूल मर्मका विरुद्ध गई सार्वभौम सत्ताको अपहरण गरेर मुलुकमा ०४७ सालको संविधानले व्यवस्था गरेको संवैधानिक राजतन्त्रको आवश्यकता, सान्दर्भिकता र औचित्यलाई अन्त्य गरिदिएका छन् । प्रजातन्त्रले गणतन्त्रमा राजनीतिक पूर्णता पाउँछ भन्ने विश्व इतिहासको निष्कर्षलाई नेपालमा निरङ्कुशतन्त्रको पुनरुत्थानले पुनःपुष्टि गरेको छ । राजतन्त्रको औचित्यमथि खुला बहस आरम्भ भएको यस ऐतिहासिक मोडमा सार्वभौमसत्तामाथि जनताको अक्षुण्ण स्वामित्व रहने कुरामा कुनै सम्झौता नगरी तथा हुन नदिई भोलिको गणतान्त्रिक नेपालका राजनीतक-आर्थिक-सामाजिक विषयहरूको प्रस्टताका साथ संयुक्त, राष्ट्रिय जनआन्दोलनलाई अगाडि बढाउनुपर्छ भन्ने कुरामा यो राष्ट्रिय भेला जोड दिन्छ ।

ङ. विद्यार्थीहरूलाई व्यक्तिपूजक र अन्धविश्वासी बनाएर शैक्षिक व्यवस्थालाई निरङ्कुशतन्त्रको हतियार बनाउने षड्यन्त्रमुताबिक अगाडि बढाइएको तथाकथित 'राष्ट्रवादी शिक्षा' का विरुद्ध आन्दोलित हुँदा गिरफ्तार गरिएका विद्यार्थी नेताहरू अनेरास्ववियुका महासचिव ठाकुर गैरे, नेविसंघका उपाध्यक्ष प्रदीप पौडेल, नेविसङ्घका पूर्व महामन्त्री गगन थापा, त्रि-चन्द्र क्याम्पस स्ववियु सभापति सरोज थापालगायत सम्पूर्ण विद्यार्थीहरूको अविलम्बन रिहाइका लागि यो राष्ट्रिय सम्मेलन माग गर्दछ ।

**२. नेकपा (माओवादी) का सम्बन्धमा**

क. उत्पादन र क्रान्तिकारी संघर्षका दौरानमा श्रमजीवी जनताले क्रान्तिकारी सिद्धान्तहरूको निर्माण गर्दछन् र ती सिद्धान्तहरूले क्रान्तिकारी सङ्घर्षहरूलाई मार्गदर्शन गर्दछन् । मार्क्सवादी दर्शनले सबै वस्तु र घटनालाई गति र द्वन्द्वमा हेर्छ, विश्लेषण गर्छ र सिद्धान्तहरूको निर्माण गर्छ । यसर्थ कुनै पनि सिद्धान्तको खास परिस्थिति हुन्छ । सशस्त्र सङ्घर्षलाई सामाजिक परिवर्तनको एक मात्र सार्वकालिक बाटो देख्ने नेकपा (माओवादी) का सिद्धान्तहरू विश्व परिस्थितिको पुरानो विश्लेषणमा आधारित भएको र ती सिद्धान्तहरू स्वयम् असफल सावित भइसकेको वर्तमान सन्दर्भमा त्यस पार्टीको 'जनयुद्ध' समसामायिक विश्व तथा राष्ट्रिय सन्दर्भमा वस्तुगत यथार्थसँग असङ्गत र कालातीत भएको कुरामा जोड दिँदै यो राष्ट्रिय भेला आफ्ना सिद्धान्तहरूलाई वर्तमान समय र वस्तुगत परिस्थिति अनुकूल बनाउन नसक्ने हो भने अथवा सैद्धान्तिक रूपमै आफूलाई रूपान्तरित गर्न नसक्ने हो भने नेकपा (माओवादी) को 'जनयुद्ध' स्वयम् आफ्नै र मुलुकका लागि समेत ध्वंसको कारक बन्ने कुरामा सो पार्टीको नेतृत्वलाई सचेत पार्न चाहन्छ ।

ख. क्रान्ति, मार्क्सवाद-लेनिनवाद-माओवाद तथा प्रचण्डपथका नाममा नेकपा (माओवादी) ले जनतामाथि नै बल प्रयोग गर्ने, निहत्था जनताको हत्या गर्ने, लुट-खसोट-जबर्जस्ती र आगजनी गर्ने कुराले उक्त पार्टी अन्ततः सामाजिक फासीवादमा पतन हुने तथा क्रान्ति, मार्क्सवाद-लेनिनवाद र 'जनयुद्ध' लाई नै बदनाम गर्दै गएको तथ्यप्रति नेकपा (माओवादी) को नेतृत्वपङ्क्तिको ध्यानाकृष्ट गर्दै जनता भन्दा हतियारलाई बलियो र महत्त्वपूर्ण देख्ने मनोरोगबाट मुक्त भएर मात्रै सामाजिक परिवर्तनका सन्दर्भमा उक्त पार्टीले उठाएका संविधानसभालगायत कतिपय प्रगतिशील सामाजिक-आर्थिक एजेन्डाहरूले सार्थकता प्राप्त गर्ने छन् भन्ने कुरामा यो राष्ट्रिय भेला जोड दिन चाहन्छ ।

ग. मुलुकमा शन्ति, प्रजातन्त्र र प्रगतिका लागि वर्ता, सहमति र अग्रगमन अपरिहार्य प्रक्रिया हो भन्ने कुरामा जोड दिँदै यो राष्ट्रिय भेला नेकपा (माओवादी) ले आफूलाई जनपक्षकै शक्तिको रूपमा उभ्याउन आफ्ना अराजनीतिक, असहिष्णु, जनविरोधी सोच र गतिविधिलाई रोक्दै, सम्पूर्ण रूपमा प्रजातान्त्रिक प्रक्रियामा फर्कँदै र जनआन्दोलनलाई कूटनीतिक वा कार्यनीतिक नारा मात्रै होइन, त्यसप्रति संस्थागत राजीतिक प्रतिबद्धता जनाउँदै राजनीतिक दलहरूसँग सार्थक वार्ता र निकासका लागि वातावरण बनाउन आह्वान गर्दछ ।

**३. प्रजातान्त्रिक आन्दोलनका सम्बन्धमा**

क. 'निरङ्कुशतन्त्रको अन्त्य र पूर्ण प्रजातन्त्रको प्राप्ति' का लागि मुलुकका सातवटा राजनीतिक पार्टीहरू एकताबद्ध भई शाही षड्यन्त्रविरुद्ध खडा भएको कुराप्रति यो राष्ट्रिय भेला स्वागत तथा समर्थन गर्दछ ।

ख. सातवटा राजनीतिक दलहरूले निरङ्कुशतन्त्रका विरुद्ध आन्दोलनको कार्यक्रमका रूपमा अघि सारेको 'प्रतिबद्धतापत्र' 'माघ १९' गतेको शाही घोषणाका विरुद्ध एउटा महत्त्वपूर्ण उपलब्धि हो भन्ने कुरालाई मध्यनजर गर्दै उक्त प्रतिबद्धतापत्रमा प्रजातन्त्र कसरी प्राप्त हुन्छ र भोलिको प्रजातान्त्रिक व्यवस्थामा सामाजिक न्यायलाई कसरी ग्यारेन्टी गरिन्छ भन्ने कुरालाई प्रस्ट पार्न तथा 'प्रतिबद्धतापत्र' मा उल्लेख गरिएको प्रतिनिधिसभाको पुनःस्थापनादेखि संविधानसभासम्मका एजेन्डाहरूलाई अझ बढी स्पष्ट बनाउन यो राष्ट्रिय भेला माग गर्दछ ।

ग. वर्तमान निरङ्कुश राजतन्त्रलाई अन्त्य गर्न सम्पूर्ण प्रजातान्त्रिक राजनीतिक पार्टीहरूको एकताबद्ध सङ्कल्प प्राथमिक सर्त हो । साथै, ०४६ सालको जनआन्दोलनका उपलब्धिहरूलाई जोगाउन नसक्नुका पछाडि प्रमुख राजनीतिक दलहरूले आफूलाई स्पष्ट जनपक्षीय प्रजातान्त्रिक वैचारिक भूमिमा स्थापित गर्न र सोहीअनुरूप आफ्ना सम्पूर्ण क्रियाकलापलाई निर्देशित गर्न नसक्नु नै मुख्य रूपले जिम्मेवार कारण थियो भन्ने कुरामा जोड दिँदै यो राष्ट्रिय भेला राजनीतिक पार्टीहरूले आफूलाई विचारधारात्मक रूपले प्रस्ट पार्न त्यसअनुरूप राजनीतिक, साङ्गठनिक र व्यावहारिक हिसाबले पुनःव्यवस्थित गर्न आह्वान गर्दछ ।

घ. ०४७ सालमा स्थापित प्रजातन्त्रकालमा शिक्षा, सडक, पानी, स्वास्थ्यका क्षेत्रका पूर्वाधार निर्माणको काम द्रुत भएको, निजी लगानीका क्षेत्रहरूमा विस्तार भएको, सञ्चार तथा सूचनाका क्षेत्रमा व्यापक प्रगति भएको, नागरिक तथा मानवअधिकारका पक्षमा

जनमत विकसित भएको आदि जस्ता सकारात्मक प्रक्रिया अगाडि बढ्दै गएको भए पनि जनआकाङ्क्षाअनुरूप राज्यले सामजिक न्याय र सहभागितालाई ग्यारेन्टी गर्न नसकेको र प्रजातान्त्रिक अभ्यासका दौरानमा राजनीतिक पार्टीका नेतृत्वमा देखापरेका कमजोरीहरूलाई सुधार्न नसक्दा पार्टीहरूप्रति जनताको र नेतृत्वप्रति कार्यकर्ताको गुनासो बढ्दै गएर प्रजातान्त्रिक व्यवस्था नै बदनाम बन्ने परिस्थितिलाई दुरूपयोग गर्दै राजाले प्रजातन्त्रमाथि नै आक्रमण गरेका हुन्। यसबीचमा राजनीतिक पार्टीका नेतृत्वले आफ्ना कमजोरीबारे चर्चा गर्न थालेका भए पनि आमजनताको विश्वास पुनः प्राप्त गर्ने गरी आफ्ना कमजोरीप्रति खुलस्त हुन नसक्दा अड्कलेर गरिएको आत्मालोचनासमेत अर्थहीन बन्दै गएको हुँदा यो राष्ट्रिय भेला सबै राजनीतिक पार्टीहरूलाई आफ्ना उपलब्धि र कमजोरीहरूको समग्र मूल्याङ्कन जनतासमक्ष राख्दै फेरि जनताको विश्वास जित्न अपिल गर्दछ।

ङ. दुई अतिवादी शक्तिहरूले हतियारका बलमा प्रजातन्त्रलाई किनारा लगाएको वर्तमान अवस्थामा राजनीतिक पार्टीहरूको शक्तिको एउटै मात्र आधार जनता हुन्। जनतालाई राजनीतिक उद्देश्यमा सङ्गठित र परिचालित गर्ने माध्यम पार्टीका कार्यकर्ता नै हुन्। त्यसैले राजनीतिक पार्टीहरूले आफ्ना सम्पूर्ण कार्यकर्ता र त्यसमार्फत सम्पूर्ण जनतालाई एकताबद्ध पारेर मात्रै प्रजातन्त्रको लडाइँमा विजय हासिल गर्न सक्छन्। इतिहासको गम्भीर समीक्षा र त्यसका आधारमा भविष्यको मार्ग तयार गर्नुपर्ने यो ऐतिहासिक मोडमा उक्त कार्यमा सम्पूर्ण कार्यकर्तालाई अधिकतम् रूपमा प्रत्यक्ष सहभागी गराएर मात्रै राजनीतिक पार्टीहरूलाई बढी सङ्गठित र शक्तिशाली बनाउन सक्छन् भन्ने कुरामा जोड दिँदै यो राष्ट्रिय भेला आ-आफ्ना वैधानिक व्यवस्थाअनुरूप सबै राजनीतिक पार्टीहरूले अधिकतम् फराकिला राष्ट्रिय निकायहरूद्वारा सो कार्य गरून् भन्ने अपिल गर्दछ।

च. जसरी विगत प्रजातान्त्रिककालमा राज्यको प्रजातान्त्रीकरणका समस्या उजागर भए, त्यसैगरी राजनीतिक पार्टीका आन्तरिक प्रजातान्त्रीकरणका समस्याहरू पनि बाहिर आए। मुलुकको सार्वभौमसत्ता जनतामा लैजानका लागि राजनीति पार्टीहरू वाहक शक्ति हुन् र राजनीतिक पार्टीमा कार्यकर्ताहरू सार्वभौमसत्ता सम्पन्न हुन सकेनन् भने राजनीतिक पार्टीहरू जनताको सार्वभौमसत्ताका वाहक बन्न सक्दैनन् भन्ने तथ्यमा गम्भीर हुँदै यो राष्ट्रिय भेला सबै राजनीतिक पार्टीहरूमा कार्यकर्ताको सार्वभौमसत्ता स्थापित गर्न आवश्यक प्रजातान्त्रिक संरचना र प्रक्रिया निर्माण गर्न ध्यान दिऊन् भन्ने कुरामा जोड दिन चाहन्छ।

**४. नेपाली काङ्ग्रेसका सम्बन्धमा**

क. ००७ सालदेखि हालसम्मको नेपाली राजनीतिका उतारचढावमा एउटा प्रमुख सहभागी रहेको नेपाली काङ्ग्रेसको इतिहास प्रजातन्त्र प्राप्तिका लागि सङ्घर्षको इतिहास पनि हो। तर, सामन्तवर्गसँग उसको गठबन्धन र पराश्रयी पुँजीवादका सामु उसले गरेको आत्मसमर्पणले गर्दा इतिहासका महत्त्वपूर्ण मोडहरूमा नेपाली काङ्ग्रेस जनविरोधी कित्तामा उभिने गरेको छ। सत्तामा रहँदा उसले अवलम्बन गरेका नीतिहरू र गैरप्रजातान्त्रिक क्रियाकलापले गर्दा प्रजातान्त्रिक संरचना र प्रक्रियामै सङ्कट आउने गरेको छ। वर्तमान नेपालको राजनीतिक सङ्कटमा पनि नेपाली काङ्ग्रेसको सरकारका कमजोरीहरू प्रमुख रूपमा जिम्मेवार छन् भन्ने कुरामा नेपाली काङ्ग्रेसको ध्यान आकृष्ट गर्दै यो राष्ट्रिय भेला नेपाली काङ्ग्रेसको आसन्न महाधिवेशनले आफ्नो सिङ्गो इतिहासको गम्भीर समीक्षा गर्न र आफूलाई भविष्यमा वास्तविक जनपक्षीय प्रजातान्त्रिक शक्तिका रूपमा प्रस्तुत गरोस् भन्ने अपिल गर्दछ।

**५. नेकपा (एमाले) का सन्दर्भमा**

क. नेकपा (एमाले) समेतको संयुक्त सरकारलाई अपदस्थ गरी माघ १९ गते राजा ज्ञानेन्द्रले अघोषित सैनिक शासन लागू गरेपछि पार्टीपङ्क्तिमा उत्पन्न भएको असाधारण अन्योल, आक्रोश र अनिश्चयको वातावरणले पार्टी जीवनमाथि नै गम्भीर आशङ्का उत्पन्न भएको अवस्थामा पार्टीले विगत १४ वर्षमा अवलम्बन गरेका नीतिहरू, लिएका निर्णयहरू र गरेका कामहरूको वस्तुनिष्ट, निष्पक्ष र सामग्रिक मूल्याङ्कन गर्ने र पार्टीलाई नयाँ चुनौतीहरूका चौतर्फी सामना गर्न सक्ने गरी पुनर्गठित गर्ने निर्णय गरेर केन्द्रीय कमिटीको आठौँ बैठकले सम्पूर्ण कार्यकर्तापङ्क्तिलाई एकीकृत राख्न र पार्टी जीवनलाई सामान्य बनाउन महत्त्वपूर्ण निर्णय लियो। यो राष्ट्रिय भेला, पार्टी केन्द्रीय कमिटीको उक्त निर्णयलाई उच्च सम्मानका साथ स्वागत गर्दछ। साथै, अझै उच्चस्तरको एकता, दूरदर्शिता र जिम्मेवारीबोधका साथ उक्त निर्णयको कार्यान्वयनमा सहभागी भएर आ-आफ्नो स्थानबाट योगदान गर्नु र त्यो निर्णयको ऐतिहासिकतालाई स्थापित गर्नु नेकपा (एमाले) का नेता, कार्यकर्ता तथा शुभचिन्तकहरूको दायित्व हो भन्ने कुरामा यो राष्ट्रिय भेला जोड दिन चाहन्छ।

ख. पाँचौं राष्ट्रिय महाधिवेशनमा 'प्रजातान्त्रिक आन्दोलनमा श्रेष्ठता हासिल गर्दै निरङ्कुशतावादीहरूका पुनरुत्थानका सम्भावनाप्रति विशेष सतर्क हुँदै सामाजिक रूपान्तरणका लागि अगाडि बढ्ने' जनताको बहुदलीय जनवादको तत्कालिक राजनीतिक दिशा अवलम्बन गरेको र एकपटक मुलुकको लोकप्रिय क्रान्तिकारी विकल्पको रूपमा स्थापित भइसकेको नेकपा (एमाले) को भूमिका क्रमशः कमजोर हुँदै गएर आज पर्याप्त सङ्गठन, जनमत र कार्यकर्तापङ्क्ति हुँदाहुँदै पनि किन प्रजातान्त्रिक आन्दोलनको मुख्य शक्तिका रूपमा प्रस्तुत हुन सकिरहेको छैन भन्ने कुरा मुलुकको प्रगति तथा प्रजातन्त्रको रक्षा र सम्वर्द्धनप्रति सरोकार राख्ने जोसुकैका लागि चिन्ताको विषय हो। मुलुकको वर्तमान सङ्कट र अग्रगामी निकासका बारेमा सही दिशा र निर्णयहरू निश्चित गर्दै सम्पूर्ण पार्टीलाई प्रस्ट र एकताबद्ध पारेर अगाडि बढ्दा नेकपा (एमाले) ले ऐतिहासिक भूमिका खेल्न सक्छ, त्यसका लागि पार्टीसँग पर्याप्त सम्भावनाहरू छन्। आफ्ना विगतका सम्पूर्ण कमजोरीहरू किटान गर्ने, सम्पूर्ण उपलब्धिहरूलाई सूत्रबद्ध गर्ने, सम्पूर्ण सम्भावनाहरूको वस्तुगत आकलन गर्ने र यो काममा सम्पूर्ण पार्टीपङ्क्तिलाई प्रत्यक्ष संलग्न बनाएर अगाडि बढ्दै पार्टीलाई विचारधारात्मक, राजनीतिक तथा साङ्गठनिक हिसाबले स्पष्ट र एकताबद्ध पार्दै अगाडि बढ्ने हिम्मत गर्दा नेकपा (एमाले) वर्तमान सङ्कटको समाधानको मुख्य शक्ति मात्रै होइन, समुन्नत प्रजातान्त्रिक भविष्यको समेत वाहक बन्नसक्छ। यस्तो ऐतिहासिक र महत्त्वपूर्ण अभिभारालाई पूर्ण प्रजातन्त्र र अधिकतम् सहभागिताका साथ पार्टीको महाधिवेशनले मात्र पूरा गर्न सक्ने हुँदा नेकपा (एमाले) ले अविलम्ब महाधिवेशनको आयोजना गरेर पार्टीलाई अगाडि बढाउन तथा निरङ्कुशतन्त्रको अन्त्यका लागि व्यापक प्रजातान्त्रिक आन्दोलनलाई अगाडि बढाउन ढोका खोल्नु अत्यन्तै आवश्यक भइसकेको छ भन्ने कुरामा यो राष्ट्रिय भेला जोड दिन चाहन्छ।

ग. नेकपा (एमाले) ले विगत १४ वर्षका आफ्ना सम्पूर्ण नीति, विचार र निर्णय तथा आचरणहरूको समीक्षा गर्ने निर्णय गरिसकेको र त्यसको निरूपण गर्ने निकाय महाधिवेशन नै भएकाले विगतमा पार्टीका विभिन्न निर्णयहरूमा असहमत भएर पार्टीबाट बाहिरिएका, किनारा लगाइएका वा सक्रिय हुन नसकेका जोसुकैका लागि ती मतभेद वा निर्णयमा पुनर्विचारको ढोका खुलेको हुँदा पार्टीभित्र छलफल र बहसमा सामेल हुँदै निरङ्कुशतन्त्रविरोधी प्रजातान्त्रिक आन्दोलनमा बिनासर्त सक्रिय हुन यो राष्ट्रिय भेला सम्बन्धित सबैमा हार्दिक आह्वान गर्दछ ।

**६. अनेरास्ववियुका सन्दर्भमा**

क. अनेरास्ववियुले सामन्तवाद तथा साम्राज्यवादको अन्त्य गर्दै जनताको जनवादी राज्यसत्ता स्थापना गर्ने आन्दोलनमा योगदान गर्ने उद्देश्यका साथ कायम गरेको सङ्घर्षशील परम्परालाई कायम राख्दै आज पनि निरङ्कुशतन्त्रको विरुद्ध विद्यार्थी समुदायको नेतृत्वदायी सङ्गठनका रूपमा भूमिका निर्वाह गरिरहेको तथा गणतन्त्र नै प्रजातन्त्रको राजनीतिक अभीष्ट हुन्छ भन्ने मुद्दालाई खुला बहसको विषय बनाउँदै अघि बढेकोमा गौरव महसुस गर्दै यो राष्ट्रिय भेला अनेरास्ववियुले आफूलाई अझ सङ्गठित, प्रभावकारी र जिम्मेवार बनाउँदै अघि बढोस् भन्ने कामना गर्दछ ।

ख. जहाँसुकै रहे पनि अनेरास्ववियुको विस्तार र विकासमा सरोकार राख्न र यथासक्य योगदान गर्न विगतमा अनेरास्ववियुमा रही योगदान गरेका हामी सदैव तयार छौँ भन्ने कुरामा यो राष्ट्रिय भेला जोड दिन चाहन्छ ।

***(भूतपूर्व विद्यार्थी काउन्सिल अनेरास्ववियुको साउन २२-२३ मा सम्पन्न राष्ट्रिय भेलाबाट पारित)***

# सम्पर्क मञ्च, सम्मेलन र जिम्मेवारी

## डा. भीष्म अधिकारी

**के हो सम्पर्क मञ्च ?**

सम्पर्क मञ्च काठमाडौं उपत्यकाबाहेक अन्य ७२ जिल्लाबाट काठमाडौंमा आई विभिन्न पेसा र व्यवसायमा संलग्न नेकपा (एमाले) का शुभचिन्तक, समर्थक र पार्टी सदस्यहरूको प्यारो चौतारी हो । आ-आफ्नो जन्मस्थलको माया, सम्झना र विकासका लागि पिरोलिएका उपत्यकामा अस्थायी बसोबास गर्दै आएका नेकपा (एमाले) का पक्षधरहरूको सङ्ख्या एक लाखभन्दा केही बढी भएको अनुमान छ । तर हामीले अपेक्षित सफलता प्राप्त गर्न अर्झ मिहिनेत गर्नुपर्छ । किनभने हालसम्म यस सङ्गठनमा २० हजारभन्दा केही बढी मात्र आबद्ध भएको पाइन्छ ।

मञ्चहरू साङ्गठनिक हिसाबले तीन किसिमका रहेका छन्- निर्वाचन क्षेत्रीय सम्पर्क मञ्च, जिल्ला सम्पर्क मञ्च र अञ्चल सम्पर्क मञ्च । ती मञ्चहरूको समग्र पक्षको सञ्चालन, अनुगमन र मूल्याङ्कन एक तह उपल्लो मञ्चले गर्ने भएता पनि नीति-नियमको निर्माण, कार्यान्वयन र आवश्यकता हेरी अन्य विविध पक्षको सञ्चालनका लागि पार्टी केन्द्रमा केन्द्रीय सम्पर्क विभागको निर्माण गरिएको छ । विभागको प्रत्यक्ष सम्पर्कमा रही सम्पर्क मञ्च सञ्चालनसम्बन्धी निर्देशिकाको अधीनस्थ सबै मञ्चहरूले आ-आफ्नो कार्यक्रमलाई अगाडि बढाउनुपर्छ र बढाएका छन् ।

मञ्चहरू पार्टीका पूर्ण कमिटी होइनन् । त्यसैले यहाँ एमालेलाई माया गर्ने, समर्थक र शुभचिन्तकहरूको संख्या ठूलो छ । यसमा सम्बन्धित जिल्लाका डाक्टर, इन्जिनियर, शिक्षक, वकिल, विद्यार्थीसहित विभिन्न पेसाकर्मीहरूको ठूलो पङ्क्ति रहेको छ । नेकपा (एमाले) को ऊर्जावान् शक्ति यसमा रहेकाले पार्टीलाई राजकीय क्षेत्रमा आवश्यकता पर्दा होस् वा पार्टी सञ्चालनका लागि जनशक्तिको आवश्यकता पर्दा होस्, यसले धेरथोर मद्दत पुऱ्याउँदै आएको छ । सम्पर्क मञ्च सञ्चालनको खास अर्थ पनि पार्टीका समर्थक र शुभचिन्तकहरूलाई क्रमशः प्रशिक्षित गर्दै पार्टीको मूल पङ्क्तिमा रूपान्तरण गर्नु हो । त्यसैले पार्टी केन्द्रले सम्पर्क मञ्च सञ्चालनका लागि विशेष महत्त्व दिँदै आएको छ ।

निर्वाचन, महाधिवेशन र जिल्ला अधिवेशन तथा सरकार सञ्चालनका बेलामा पनि सम्पर्क मञ्चमा रहेको जनशक्तिलाई पार्टीले आवश्यकता र उपयुक्तताका आधारमा राम्रोसँग समेटेको र उचित अवसर प्रदान गरेको पाइन्छ । एक त आफ्नो जिल्लाको माया र सामिप्यता रहने, दोस्रो, जिल्लावासीहरूसँग नियमित भेटघाट गर्न पाइने र आफ्नो खास चिनारीसमेत राख्न पाइने भएकाले सम्पर्क मञ्चमा लाग्ने र सदस्यता माग्ने मानिसको पङ्क्ति ठूलो हुनु कुनै आश्चर्यको विषय होइन ।

सम्पर्क मञ्च गठन भएयता यसका कामहरू खास गरेर निम्न क्षेत्रमा विभाजित गरी सञ्चालन गरिएको छ :

**क. सङ्गठन निर्माण :** यसमा विभिन्न कार्यक्रमहरू आयोजना गरी मञ्चको सदस्यता बढाउने, उनीहरूलाई पार्टीका नीति र कार्यक्रमबारे प्रशिक्षित पार्ने र नेकपा (एमाले) को जुझारु, असल र योग्य कार्यकताको रूपमा रूपान्तरण गर्ने गरिएको छ ।

**ख. व्यवस्थापन :** यसमा कार्यालय व्यवस्थापन, आर्थिक व्यवस्थापन र कमिटी व्यवस्थापनको कामलाई विशेष ध्यान पुऱ्याउने गरिएको छ ।

**ग. रचनात्मक क्रियाकलाप :** यसमा मानवीय क्षेत्रका कार्य, सेवा क्षेत्र, प्रतिभा प्रस्फुटन, रोजगारी निर्माण, सूचनाप्रवाह, विकास निर्माण, विविध विषयका गोष्ठी, सेमिनार, देश दर्शन कार्यक्रम, सांस्कृतिक, शैक्षिक, मनोरञ्जनात्मक कार्यक्रमहरू सम्पन्न गर्ने गरिएका छन् ।

यति हुदाँहुँदै पनि सम्पर्क मञ्चले समेट्न नसकेका धेरै क्षेत्रहरू छन् । आगामी दिनहरूमा आवश्यकता र उपादेयताको आधारमा विविध क्षेत्रहरू समेटिनु पर्छ । तिनमा सहकारी क्षेत्र, सामाजिक क्षेत्रमा एम्बुलेन्स सञ्चालन, सामुदायिक क्लिनिक, आफ्नै घर निर्माण, वैदेशिक रोजगारी सूचना आदि पर्दछन् ।

**सम्मेलन**

मञ्च सञ्चालनसम्बन्धी निर्देशिकाले व्यवस्था गरेबमोजिम प्रत्येक तीन वर्षमा सम्पर्क मञ्चको कार्यकाल समाप्त हुन्छ । गत ०६१ चैत मसान्तसम्म सबै मञ्चहरूको समयावधि सकिएको छ । केन्द्रीय सम्पर्क विभागले यही असोज मसान्तसम्म सम्मेलन सम्पन्न गरी सक्न निर्देशन दिएको छ । तापनि ०६२ को दसैं असोजमा परेकाले सबैले भदौ महिनाभित्रै सम्मेलन सम्पन्न गरिसक्नुपर्ने हुन्छ । हाल केही जिल्ला

सम्पर्क मञ्चहरूले आफ्नो सम्मेलन सम्पन्न गरिसकेका छन् । यी सम्मेलनहरूले एमालेका वैरीहरूलाई बलियो झापड हानेका छन् । विरोधीहरूले 'एमाले सकियो, ओरालो लाग्यो, कार्यकर्ताहरू ज्यादै असन्तुष्ट छन्, पार्टी नेतृत्वलाई ठूलो चुनौती खडा भएको छ' भन्ने अफवाह फैलाउने गरेका छन् । तर, त्यसको ठीक विपरीत मञ्चको सदस्यता बढेको छ । कार्यकर्ताहरूले सन्तुलित रूपमा आफ्ना सुझाव र सल्लाहहरू नेतृत्वसामु राखेका छन् र एक थोपा सास रहेसम्म देश, जनता र पार्टीका लागि लड्न अझ कसिलो मुट्ठी उठाएका छन् ।

जुन जिल्ला सम्मेलन हुन बाँकी छन्, तिनले निम्न कुराहरूमा विशेष ध्यान दिनु जरुरी छ ।

**क. सदस्यता वितरण र नवीकरण** : यसमा विगतको सङ्ख्यामा घट्न दिनुहुन्न । हरेक समर्थकका घरदैलोमा पुग्नुपर्छ । दिइएका सुझाव र सल्लाहहरू हार्दिकतापूर्वक सुन्नुपर्छ र टिपोट बनाई केन्द्रीय सम्पर्क विभागमा प्रेषित गर्नुपर्दछ । पार्टी र देशलाई दुःख परेका बेला घरघर जाँदा समर्थक-शुभचिन्तकहरू धेरै खुसी हुने गर्नुभएको छ । यो यथार्थ हो । त्यसैले सदस्यता वितरण र नवीकरणका लागि क्षेत्र छुट्याएर घरदैलो कार्यक्रम सञ्चालन गर्नु ज्यादै उपयुक्त देखिएको छ ।

**ख. प्रतिवेदन तयार** : निर्देशिकामा व्यवस्था भएबमोजिम राजनीतिक र साङ्गठनिक प्रतिवेदन आयोजक कमिटीका तर्फबाट तयार पारी बैठकबाट पारित गराई सम्मेलनको तीन दिनपूर्व नै विभागमा दर्ता गरिसक्नुपर्ने हुन्छ । पार्टीलाई केही सुझाव भएमा छुट्टै तयार पारी पठाउनुपर्छ । यो प्रतिवेदन सम्मेलनमा प्रस्तुत गरी पारित गराउनुपर्छ । त्यस्तै विगतको आर्थिक हिसाबकिताब लेखापरीक्षण गराई आफ्नो कमिटीको बैठकबाट पारित गराई विभागमा पठाउनुपर्छ र सम्मेलनमा पेस गर्नुपर्छ । राजनीतिक र साङ्गठनिक प्रतिवेदन तयार पार्दा विगत तीन वर्षका साङ्गठनिक, व्यवस्थापकीय र रचनात्मक क्षेत्रका सबै कामलाई समेटेर प्रतिवेदन तयार पार्नुपर्छ । अनावश्यक लामो, आफ्नो कार्यक्षेत्रभन्दा बाहिरका कुराहरू समावेश जरुरी छैन ।

**ग. सम्मेलनको तयारी** : सम्मेलन सर्वोच्च निकाय हो । यसले विगतको मूल्याङ्कन, समीक्षा र आगामी नेतृत्व चयन गर्छ । सम्मेलन सम्पन्न गर्न भव्य तयारी गर्नुपर्छ । आफ्ना जिल्लावासीलाई निमन्त्रणा, कोठाको व्यवस्था, पानीको व्यवस्था, सम्भावना भए खाजा, भोटका लागि बाकस, माइक आदिको उचित प्रबन्ध मिलाउनुपर्छ । हामी प्रजातान्त्रिक विधिमा विश्वास र आस्था राख्ने भएकाले पारदर्शी प्रजातान्त्रिक प्रक्रिया अवलम्बन गरी आउँदो तीन वर्षका लागि नेतृत्व चयन गर्नुपर्छ । नेतृत्वमा महिला, उपेक्षित, उत्पीडित तथा दलित क्षेत्रका साथीहरूलाई ल्याउन विशेष ध्यान दिनु जरुरी देखिन्छ ।

**३. आगामी जिम्मेवारी** : इतिहासका निर्माता श्रमजीवी जनता हुन् । मुलुकका मालिक पनि यिनै हुन् । यिनको समर्थन र सहमतिबेगर गरिएका कुनै पनि काम मुलुक र प्रजातन्त्रको हितमा हुँदैन । त्यसैले वर्तमान अवस्थामा राजाले जनताका सम्पूर्ण अधिकार खोसेर राज्य सञ्चालन गरिरहेको अवस्थामा सम्पर्क मञ्चको प्रथम प्राथमिकता पूर्ण प्रजातन्त्रका लागि हाम्रो पार्टीसहित अन्य छ पार्टीले निर्दिष्ट गरेका कार्यक्रममा सहभागी हुने र आन्दोलनलाई अझ उचाइँमा पुऱ्याई त्यसलाई निर्णायक बनाउनेतर्फ ध्यान दिनुपर्छ । त्यस्तै, अर्कोतर्फ राज्य र माओवादी दुवैले हाम्रा कार्यकर्ता र पार्टीपङ्क्तिभित्रका साथीहरूलाई दुःख दिने, घर छोड्न बाध्य पार्नेजस्ता अमानवीय कार्य गरेका छन् । ती साथीहरूको जीवन रक्षार्थ आफ्नो ठाउँबाट विस्थापित भएका छन् । तिनलाई जोगाउनु, औषधोपचार गराउनु र जीवन धान्नका लागि कुनै उपाय देखाइदिनु पनि जिल्लावासीको नाताले नयाँ दायित्वभित्र आइपरेको छ । सकेसम्म उनीहरूका छोराछोरीलाई अध्ययनको व्यवस्था मिलाइदिनु उपयुक्त हुनेछ । यसले हाम्रो पार्टीपङ्क्तिमा तत्कालीन र दीर्घकालीन रूपमा महत्त्वपूर्ण असर पार्न सक्दछ । अहिलेलाई पार्टीपङ्क्तिको एकता र संरक्षण एक महत्त्वपूर्ण कार्य हो । यी कार्यहरूका अलावा नवनिर्वाचित नेतृत्वले अध्ययन र प्रशिक्षणको कामलाई गति दिनु जरुरी छ । अहिले हाम्रो पङ्क्तिमा केही मानिसहरूमा आधिकारिक दस्तावेजको अध्ययन नै नगरी टीकाटिप्पणी गर्ने बानी बसेको छ । यो गलत परिपाटी हो । माओ भन्नुहुन्छ- 'अध्ययन नगरी बोल्ने अधिकार कसैमा छैन ।' त्यसैले अध्ययन र प्रशिक्षणलाई ध्यान दिनु ज्यादै जरुरी छ । हाम्रो पार्टीले जनताको बहुदलीय जनवादलाई नेपाली क्रान्तिको मौलिक कार्यक्रमको रूपमा स्वीकारेको छ । यसकै कारणबाट हामी देशभित्र र अन्तर्राष्ट्रिय क्षेत्रमा समेत नेपालको सबैभन्दा ठूलो, सशक्त र व्यापक जनाधार भएको राजनीतिक शक्तिको रूपमा रहेका छौँ । हाम्रो राष्ट्रिय र अन्तर्राष्ट्रिय प्रजातान्त्रिक छवि पनि जबजकै कारण हो । समाजमा हाम्रो साख गिर्न नदिन र हाम्रो प्रजातान्त्रिक छवि कायम राख्न पार्टीको कार्यदिशाबमोजिम चल्नु सबै सम्पर्क मञ्चहरूको दायित्व हो । यसले आन्तरिक प्रजातान्त्रिक प्रतिस्पर्धा र मूल्याङ्कनका विषयलाई राम्रोसँग समेटिएकाले जबजलाई धराशायी बनाउन खोज्नु र अवमूल्यन गर्नु व्यर्थको घृष्टता मात्र हुने देखिन्छ ।

मञ्चहरूमा अहिले राजनीतिक काम कम भएको छ । हुन त यो परिस्थिति देशको राजनीतिक परिस्थितिको उपज हो । यसलाई व्यापक रूपमा मञ्चका सदस्यहरूबीच लैजान जरुरी छ । राजनीतिक र वैचारिक काम हुन नसके राजनीतिक सङ्गठनको भविष्य दिगो हुँदैन । यसमा मञ्चहरूले विशेष ध्यान दिनुपर्ने देखिन्छ ।

हाम्रा आफ्ना विशिष्ट परम्परा छन् । पार्टी सञ्चालनका पारदर्शी प्रजातान्त्रिक परिपाटीहरू छन् । यी पद्धतिहरूलाई अनुशरण गर्दै पार्टीमा आएका गलत विचारको खण्डन गर्ने परिपाटी हामीले बसाल्नुपर्छ । सम्पर्क मञ्चहरूलाई चुस्त र गतिशील बनाउनुपर्छ । अधिकांश सदस्यहरू बौद्धिक र व्यावसायिक भएकाले यसको व्यवस्थापकीय पक्षमा विशेष ध्यान दिनु जरुरी छ । यसमा पूर्णकालीन कार्यकर्ताहरू नहुने भएकाले बैठकमा लामा र अनावश्यक कुरामा धेरै छलफल गराउनुभन्दा छोटो समयमा कार्यक्रम सम्पादन गर्ने परम्पराको थालनी गर्नु जरुरी देखिन्छ ।

सम्पर्क मञ्चहरूमा पनि पार्टीका अन्य कमिटीहरूमा जस्तै सञ्चालनमा केही समस्याहरू छन् । पूर्णकालीन कार्यकर्ताको पङ्क्ति नहुनु, मुलुकमा निरङ्कुशतन्त्र हावी भएकाले यसको दबाबस्वरूप केही मानिसहरू पलायन हुनु, माओवादी र राज्य पक्ष आक्रामक हुनु र उदार प्रजातन्त्रवादी शक्तिमाथि आक्रमण र दबाब सिर्जना गर्नु, मञ्चमा आबद्ध हुने प्रक्रियामा त्यति उत्साह नदेखिनु, पार्टी केन्द्रमा बेलाबेला देखापर्ने आन्तरिक एकताका समस्या बाहिर पोखिनु र त्यसको प्रभाव मञ्चसम्म आइपुग्नु, पार्टी र आन्दोलनको भविष्यप्रति कार्यकर्तामा विश्वास नजाग्नु, सैद्धान्तिक वैचारिक काममा लागि नपर्नु, हरेक कामलाई योजनाबद्ध ढङ्गले सुचारु गर्न नसक्नु, नियमित बैठक, भेला, प्रशिक्षण हुन नसक्नु नै सम्पर्क मञ्चभित्र रहेका प्रमुख समस्याहरू हुन् । यिनलाई समाधान गर्दै लैजानु सम्पर्क मञ्चहरूको प्रमुख दायित्व हो ।

०४६ को ऐतिहासिक जनआन्दोलनपछि प्राप्त प्रजातान्त्रिक व्यवस्था अहिले खोसिएको छ । राज्यले हरेक क्षेत्रमा निरङ्कुश दबाब कायम राखेको छ । त्यसैले सम्पर्क मञ्चहरूले परिवर्तित स्थितिमा कार्यशैलीमा परिवर्तन गर्न जरुरी छ । बैठकहरू छोटा र निर्णायक राख्ने, साना भेलाहरू आयोजना गर्ने, आमजनता र कार्यकर्ताका सुझाव सुन्ने, सङ्कलन गर्ने, प्रेषित गर्ने, आवश्यकताअनुसार पर्चा वितरण गर्ने, छड्के जुलुस, कोण सभाको आयोजना अवस्था र निर्देशनबमोजिम गर्नुपर्छ । आवश्यक परेमा गिरफ्तारी दिन मिल्ने साथीहरूले गिरफ्तारीका लागि तयारसमेत रहनुपर्छ । यसका साथै निर्वाचित प्रतिनिधिहरूले आफ्नो कमिटीलाई फूर्तिलो बनाउने, वार्षिक कार्ययोजना निर्माण र कार्यान्वयन गर्ने/गराउने गर्नुपर्दछ । आर्थिक योजना पनि सम्पर्क मञ्च सञ्चालनको महत्त्वपूर्ण क्षेत्र भएकाले यसमा ख्याल

पुऱ्याउनु जरुरी छ। नयाँ राजनीतिक निकासका निम्ति आधार तयार पार्न व्यापक मोर्चा निर्माणमा ध्यान पुऱ्याउनु आवश्यक छ र क्रियाशीलता त्यत्तिकै जरुरी देखिन्छ। मञ्चभित्र भए-गरेका कामका बारेमा प्रचारकार्य तीव्र र व्यवस्थित पार्नु जरुरी छ। प्रचार संयन्त्र राम्रो नभएमा राम्रा कामका बारेमा आमजनता र कार्यकर्ताका बीच सूचना सम्प्रेषण गर्न नसकिने भएकाले यस कामलाई ध्यान दिनु जरुरी छ। प्रजातन्त्रका विरोधीहरूको राजनीतिक भण्डाफोर गर्न पनि प्रचार संयन्त्रको ठूलो महत्त्व रहेको हुन्छ।

पूर्ण प्रजातन्त्र प्राप्तिको महान् आन्दोलनमा लाग्न उच्च मनोबलका साथ बढीभन्दा बढी जनपरिचालन गरी अगाडि बढ्न सकेमा सम्पर्क मञ्चका साथै देश र जनताको भविष्य अत्यन्तै उज्ज्वल हुने कुरा स्पष्ट छ। त्यसैले सुनौलो इतिहासको निर्माण गर्न आजैदेखि कम्मर कसेर लागौँ।

# ज्यूँदा अभिव्यक्ति

*मानवअधिकार, अभिव्यक्ति स्वतन्त्रता र प्रेस स्वतन्त्रताका पक्षधरहरूका लागि कृष्ण पहाडी यति बेला एक उत्साहप्रदक प्रतीक बनेका छन्। तिनै स्वतन्त्रता-सिपाहीका विचारहरूको सँगालो 'भाँचिएको कलम' हालै बजारमा आएको छ। अमेरिकाबाट निस्किने इन्टरनेट पत्रिका 'नेपाली पोस्ट डटकम' ले सोही पत्रिकामा छापिएका रचनाहरूको सँगालो प्रकाशमा ल्याएपछि पहाडीका विचारहरू व्यवस्थित रूपमा बुझ्न पाठकहरूलाई सजिलो भएको छ।*

*'भाँचिएको कलम' मा लेखकले मानवअधिकारका अलावा समसामयिक नेपाली राजनीतिका बारेमा कलम चलाएका छन्। खास गरी पछिल्लो समयमा राजनीतिमा हावी र दादा भइरहेको राजसंस्था र त्यसका कारण नेपालीले भोग्नुपरेको जटिलताका बारेमा लेखकले निर्भीकतापूर्वक कलम चलाएका छन्। समसामयिक वस्तुस्थितिको विश्लेषण गरिरहँदा भावी दिनमा के होला भन्ने विश्लेषण गर्न पनि लेखक चुकेका छैनन्। फेब्रुअरी १ को निरङ्कुश कदमको आठ दिनपछि सरकारी पञ्जामा पर्नुभएका पहाडीले त्यसको एक दिनअघि निरङ्कुश शाही कदमबारे यस्तो विश्लेषण गरेका छन्:*

*'...यसपटकको 'कू' लाई वैधानिक सावित गर्न राजाले फेरि ३५ मिनेट भाषण गर्नुभयो। 'मुखमा रामराम, बगलीमा छुरा' भन्ने उखान चरितार्थ गर्न राजा ज्ञानेन्द्र सिपालु हुनुहुन्छ। संविधानकै धारा-उपधाराको दुहाइ दिएर उहाँले राजनीतिक दलहरूलाई गाली गर्नसम्म गर्नुभयो। घोषणामा प्रजातन्त्रका दुई-चार शब्द खर्च गरेर उहाँले प्रजातन्त्रकै गला रेट्नुभयो। नेपाल अधिराज्यको संविधान, २०४७ को दुहाइ दिएर संविधानकै हत्या गर्नुभयो, जसरी कसाहीले पशुको हत्या गर्नुपूर्व सुमसुम्याउँछ, त्यसरी नै राजा ज्ञानेन्द्रले आफू मन्त्रिपरिषद्को अध्यक्ष भएको घोषणा गर्नुपूर्व यो संविधानका धारा-उपधारा सुमसुम्याउनुभयो। सत्ताको भोक मेट्ने आकांक्षाले राजा ज्ञानेन्द्रले देशको भविष्यमाथि खेलवाड गर्नुभएको छ भने नेपाललाई १६औँ शताब्दीमा धकेल्न खोज्नुभएको छ।' तथ्यहरूका आधारमा विश्लेषण गर्दै पहाडीले नेपालमा राजतन्त्रको भविष्य नरहेको निष्कर्ष निकालेका छन्। उनी लेख्छन्- 'सनकको भरमा चल्ने स्वतन्त्रताविरोधी शासकहरूलाई इतिहासले सधैँ किनारा लगाएको छ। 'माघ १९' को शाही घोषणाले नेपालको राजतन्त्र पतनको अन्तिम चरणबाट गुज्रिरहेको प्रतीत हुन्छ। ... नेपाललाई बन्दीगृहमा परिणत गर्न खोजेर राजा ज्ञानेन्द्रले मानसिक दिवालीयापन प्रस्तुत गर्नुभएको छ।'*

*यी र यस्तै खरा अभिव्यक्तिका कारण नै पहाडीका विरुद्ध सत्ता ज्यान फालेर लागेको सहजै अनुमान गर्न सकिन्छ। सुविधायुक्त काम गरिरहेकाहरूले आफूलाई असुरक्षित महसुस गरिरहेका बेला पहाडीले सडकमा निस्किने आँट गरे, जसलाई रोक्न सरकारले अघिल्लो दिन नै उनलाई गिरफ्तार गऱ्यो। तर, रिट हालेर नछुट्ने घोषणा गरेर पहाडीले सरकारका सामु नैतिक प्रश्न उब्जाएका थिए। राष्ट्रिय/अन्तर्राष्ट्रिय दबाब तीव्र हुँदा अष्ठेरोमा पर्दै गएको शाही सरकार लाज पचाएर पहाडीका अगाडि निरीह बन्यो र अन्ततः उनलाई विनासर्त रिहा गर्न बाध्य भयो।*

*प्रस्तुत पुस्तकमा 'निरङ्कुशताको कारखाना बन्द गर्नुपर्ने' शीर्षकअन्तर्गत उनी वर्तमान राजाका बारेमा लेख्छन्- '...राजा ज्ञानेन्द्र नेपालको राजसंस्थाका त्यस्ता उत्तराधिकारी हुनुहुन्छ, जसलाई लोकतन्त्रको मुटुमा डस्नका लागि नै सिंहासनरूढ बनाइएको छ। भनिन्छ कि लोकतन्त्रको एउटा बाटोमा एउटा विषालु गोमन सर्प र अर्को बाटोमा राजा ज्ञानेन्द्र बसेका छन् भने विषालु गोमन सर्प बसेको बाटोबाट हिँड्नु उचित हुन्छ। कारण- विषालु गोमन सर्पले सधैँ नटोक्न सक्छ तर राजा ज्ञानेन्द्रले लोकतन्त्रलाई भेटेसम्म टोक्छन्, चिथोर्छन्, न्याक्छन् र मार्छन्।' पहाडीले १४ डिसेम्बर, २००४ मा लेखेको कुरा १ फेब्रुअरी २००५ मा आएर साँचो सावित भयो। यी र यस्तै खरा विचारका कारण पहाडीले बन्दी जीवन बिताउनुपरेको तथ्य उनका अभिव्यक्ति र रचनाबाट पुष्टि हुन्छ। तर राष्ट्रिय अन्तर्राष्ट्रिय दवावका कारण मुक्त भएपछि पनि पहाडीले सडकमा आफ्नो नागरिक कर्तव्यको झण्डा फहराइरहेका छन्।*

*माओवादीका आतङ्कारी क्रियाकलाप होऊन् कि राजाका प्रजातन्त्रविरोधी क्रियाकलाप होऊन्, पहाडीको प्रहारको बराबर निसाना बनेका छन्। प्रजातन्त्रसँग मानवअधिकार अभिन्न रूपले गाँसिएको छ भन्ने कुरा राम्ररी बुझेका पहाडीले कुनै पनि बिन्दुमा मानवअधिकारलाई प्रजातन्त्रभन्दा पृथक् राखेका छैनन्। त्यसैको परिणाम हो-प्रजातन्त्रको समाप्तिसँगै उनीजस्ता मानवअधिकारवादी पनि कैदखानामा थुनिनुपऱ्यो। प्रस्तुत पुस्तक उनी गिरफ्तारीमा परेपछि प्रकाशित भएकाले मात्रै महत्त्वपूर्ण छैन, नेपालका राजसंस्थाका जनविरोधी क्रियाकलापलाई उदाङ्गो पार्न जुनसुकै बेलामा पनि उपयोगी छ।*

# बाँदरमुढेको घाउ पुर्न सक्रिय छन् माडीवासी

*माडी (चितवन)। गाउँमा कोही एक जना मर्दा शोकाकूल हुने माडीवासीले कुनै दिन आफ्नै आँखाअगाडि लासको बिस्कुन देख्नुपर्ला भन्ने कहिल्यै सोचेका पनि थिएनन् होला। तर, गएको जेठ २३ गते माओवादीले थापेको विद्युतीय धरापमा परी ३८ जनाले ज्यान गुमाएको अप्रिय दृश्य उनीहरूले आफ्नै आँखाले देख्नुपऱ्यो। शोकविह्वल भएका स्थानीय बासिन्दाले मृतकको सम्झना चिरस्थायी बनाउन स्मृतिस्तम्भ र पार्क बनाउने योजना अघि सारेका छन्। अहिले उनीहरू सहयोग जुटाउन सक्रिय बनेका छन्।*

*शासनसत्ता हातमा लिएर बसेका मन्त्रिपरिषद्का अध्यक्ष श्री ५ ज्ञानेन्द्रलाई आफ्नै मुलुकमा ३८ जनाको ज्यान लिने घटनाले छोएन। तर, हरेक कुरालाई नाफाघाटाको तराजुमा राखेर तौलिन खप्पिस व्यापारी मानसिकताका उनले लन्डनमा भएको बमकाण्डका मृतकप्रति भने गोहीका आँसु झार्दै श्रद्धाञ्जली प्रकट गरे। तर, माडीका बासिन्दा, नागरिक समाज र राजनीतिक दललाई भने त्यस्तो कुनै भिक्षा माग्न आँसु चुहाउनुपरेको छैन। त्यसैले उनीहरूले घटना भएकै दिनबाट आफ्नो सक्रियता सुरु गरिसकेका छन्। यसका लागि उनीहरूले कल्याणपुर गाविसका निवर्तमान अध्यक्ष प्रेमराज तिमसिनाको अध्यक्षतामा २३ सदस्यीय माडी बाँदरमुढे घटना पीडित उपकार मूल समिति गठन गरेका छन्। अध्यक्ष तिमसिनाका अनुसार सो क्षेत्रका राजनीतिक दलका कार्यकर्ता र नागरिक समाजका प्रतिनिधिहरू सम्मिलित समितिले फेरि यस्तो कहिल्यै नदोहोरियोस् भन्ने सन्देश दिन स्तम्भ र पार्क निर्माणको योजना बनाएका हुन्। गएको असार १० गते गठित सो समितिले राजनीतिक दल, मानवअधिकारवादी संस्था, सरकारी निकाय र दातृ संस्थासँग समेत सहयोगका लागि अनुरोध गरेको छ। समितिले आफ्नो कार्यालयसमेत खोली कामलाई व्यवस्थित बनाइसकेको छ।*

*अयोध्यापुरीको गोविन्द बस्तीबाट भरतपुर आउँदै गरेको यात्रुवाहक बसलाई माओवादीले धरापमा पारेका थिए। डेढ सय यात्रुमध्ये ३८ जनाको ज्यान गयो भने ७५ जना घाइते भए। घाइतेहरूलाई सरकारले निःशुल्क उपचारको घोषणा गरेको छ। स्वीस विकास सहयोगले*

*सात ह्वील चेयर र पाँच बैसाखीका साथै ४९ घाइतेलाई पाँचदेखि १८ हजार रुपियाँसम्म आर्थिक सहयोग गरेको छ । कालिका एफएमले मृतकका परिवारलाई दुई हजार र घाइतेलाई चारदेखि आठ हजार रुपियाँ सहयोग गरेको छ। सरकारले मृतकका परिवारलाई डेढ लाखका दरले आर्थिक सहयोग उपलब्ध गराएको छ । तर, १० जना पीडितले भने अझै राहत पाउन सकेका छैनन् ।*

*घटनालगत्तै जनकल्याणपुर मावि, माडी मावि, रेडक्रस सर्कल, धौलागिरि क्लब र निवर्तमान जनप्रतिनिधिहरू उद्धारमा जुटेका थिए । माओवादीको अमानवीय वितण्डामा परी छ अबोध बालबालिकाले पनि ज्यान गुमाउनुपरेको थियो ।*

*समितिका अध्यक्ष तिमसिनाका अनुसार स्तम्भ र पार्क निर्माणका लागि स्थानीय बासिन्दा जुट्नुका मुख्य तीन कारण छन् । पहिलो, मृतकको सम्झना, दोस्रो, अमानवीय घटनाको विरोध र तेस्रो, माडीवासीको एकता । हृदयविदारक सो घटनाको विरोध गर्न माडीवासीले अपूर्व एकता देखाएका थिए । कल्याणपुर र अयोध्यापुरीका सबै बासिन्दाले घटनाको ४५ औं दिनमा एक छाक खाना छाडेर सामूहिक शोक मनाए । यसले उनीहरूको एकता, अमानवीय युद्धको विरोध र शान्तिको चाहनालाई प्रकट गर्दछ ।*

*माओवादीले आफ्नो खुनी अनुहार छोप्न स्थानीय कार्यकर्तामाथि कारबाही गरेको जनाएको छ । चितवनकै भण्डारामा दुई वर्षअघि सात वर्षीया काजोल खातुनलाई जिउँदै जलाउने माओवादीले त्यतिबेला पनि आत्मालोचनाको रुञ्चे स्वर ननिकालेका होइनन् । तर, आफ्ना जनविरोधी क्रियाकलाप माओवादीले जारी राखे । त्यसैको पराकाष्टा हो- बाँदरमुढेको जनसंहार । सर्वसाधारण चढ्ने यात्रुवाहक गाडीमा सादा पोसाकमा सुरक्षाकर्मी चढेको निहुँमा माओवादीले जसरी अमानवीयता देखाए, त्यसले स्थानीय बासिन्दामा माओवादीको कुरूप अनुहारको छाप परेको छ ।*

*मानवीय सद्भाव र सभ्यता प्रदर्शन गर्न गठित समितिले आफ्नो आठ उद्देश्य रहेको जनाएको छ । पहिलो, मृतकका परिवारले पाउने क्षतिपूर्ति दिलाउने । दोस्रो, घाइतेको उपचारको व्यवस्थाका लागि पहल गर्ने । तेस्रो, सहयोगका लागि सहयोग सङ्कलन गर्ने । चौथो, सहयोगलाई बैंक खातामा राखी समितिको निर्णयअनुसार राहत उपलब्ध गराउने । पाँचौं, पीडितका सन्ततिलाई स्थानीय विद्यालयमा सहुलियतको व्यवस्था गर्ने । छैटौं, बाँदरमुढे खोलामा पक्की पुल निर्माण गर्ने । सातौं, स्तम्भ र उद्यान बनाएर मृतकको नाम, ठेगाना उल्लेख गर्ने । र आठौं, मृतकको सम्झनामा घटनास्थलमा यज्ञ आयोजना गरी राहत सङ्कलन गर्ने । यी उद्देश्य पूरा गर्नका लागि अहिले समिति क्रियाशील छ । अयोध्यापुरी गाविसका निवर्तमान अध्यक्ष नारदमणि पौडेल र धौलागिरि क्लबका अध्यक्ष यमप्रसाद पौडेल यसका लागि समितिका अध्यक्ष तिमसिनासँगै क्रियाशील हुनुहुन्छ ।*

# मार्क्सवादसम्बन्धी संक्षिप्त प्रश्नोत्तर

**गोपीरमण उपाध्याय**

**० समाज विकासक्रम के हो ?**

सम्पूर्ण जीवन र जगत् निरन्तर रूपमा परिवर्तनशील छ । कुनै वस्तुको परिवर्तन झ्वाट्ट देखिन्छ भने कुनै परिवर्तन लामो समयमा हुन्छ । यस नियमका आधारमा समाज पनि परिवर्तनशील नै छ । प्रकृतिमा हुने परिवर्तन मानिसको चेतनाका आधारमा हुन्छ। मानव समाजको परिवर्तन आर्थिक र सामाजिक संरचनाको परिवर्तनका आधारमा हुन्छ । यसअनुसार हालसम्मको सामाजिक परिवर्तनलाई पाँचवटा युगमा विभाजन गरिएको छ : आदिम साम्यवादी युग, दास युग, सामन्तवादी युग, पुँजीवादी युग र समाजवादी युग ।

**युग भनेको के हो ? आदिम साम्यवादी युगको विकास कतिवटा चरणमा भएको थियो ?**

निश्चित प्रकारको उत्पादन पद्दति कायम भएको इतिहासको कालखण्डलाई युग भन्दछन् । आदिम साम्यवादी युग पनि निश्चित खालको उत्पादन पद्दति भएको कालखण्ड हो । अर्थात् यस्तो युग हो, जसमा मानिसहरू समूह-समूहमा आबद्ध थिए । समूहका मानिसहरू सँगसँगै मिलेर काम गर्थे, समूहमा बस्दथे । त्यस युगको अन्तर्विरोध, मानव र प्रकृतिका बीचको अन्तर्विरोध प्रमुख थियो । इतिहासको यो कालखण्ड १० लाख वर्षसम्म रह्यो । यसले सातवटा चरणहरू पार गरेर विकसित हुनुपर्‍यो । यस युगको चिन्तन प्रणाली प्राकृतिक भौतिकवादी थियो । यस युगका प्रत्येक चरणमा एकपछि एक विकसित हुँदै गएका उत्पादनका साधनहरू नै मुख्य आधार थिए । यसलाई निम्न तालिकाबाट बुझ्न सकिन्छ :

**आदिम साम्यवादी युगको चरणबद्ध विकास**

| **क्र.सं.** | **चरणका नामहरू** | **उत्पादनका साधन** |
|---|---|---|
| १. | वन्य अवस्थाको निम्न चरण | भाषा |
| २. | वन्य अवस्थाको मध्य चरण | आगो |
| ३. | वन्य अवस्थाको उन्नत चरण | धनुर्वाण |
| ४. | बर्बर अवस्थाको निम्न चरण | माटाका भाँडा |
| ५. | बर्बर अवस्थाको मध्य चरण | पशुपालन |
| ६. | बर्बर अवस्थाको उन्नत चरण | कृषि |
| ७. | सभ्य युग | विनियम प्रणाली |

**० दास युगको विकास कसरी भयो ?**

आदिम साम्यवादी युगको गण-समाजमा जब व्यक्तिगत सम्पत्तिको बोलवाला हुँदै जान थाल्यो, गोत्र र गणहरूभित्रै अन्तर्विरोध चर्किएर जान थाले, गण समूहका बीचमा पनि युद्धहरू चर्किँदै जान थाले । यसैको अनिवार्य परिणतिका रूपमा दास युगको जन्म भयो । यसमा विजेताहरू दासका मालिकहरू भए भने पराजितहरू दास भए । आदिम साम्यवादी युगको असङ्गठित रूपमा खेर गइरहेको श्रम शक्तिलाई सङ्गठित रूपमा उपयोग गर्दा चमत्कारिक रूपले उत्पादनमा वृद्धि भयो ।

विभिन्न प्रकारका श्रम विभाजनहरूले गर्दा समाजका आधारभूत चिन्तन प्रणालीहरू कायम भए । जसमा राजनीतिक, आर्थिक, सांस्कृतिक पक्षहरूको पनि विकास भयो ।

दास युगका यी पक्षलाई यसरी प्रस्ट पार्न सकिन्छ :

राजनीतिक पक्ष - दासमालिक र दासहरू

आर्थिक पक्ष- भूमिमा आधारित अर्थतन्त्र

सामाजिक पक्ष- जातपात, उचनीच र छुवाछूतको विकास सांस्कृतिक पक्ष - बहुदेवतावादी चिन्तन प्रणालीका विरुद्ध स्वभाववादी भौतिकवाद

# लोकतन्त्र छाडेर राजतन्त्र कुन मूर्खले रोज्ला ?

## डा. मथुराप्रसाद श्रेष्ठ

**० नागरिक समाज किन आन्दोलनमा उत्रियो ?**

- नागरिक समाजलाई दुई किसिमबाट हेर्नुपर्छ । पहिलो, नागरिकको चेतनावृद्धि र क्षमता विकासमा यसले भूमिका खेल्छ । दोस्रो, यसले नेपाली जनताको आकाङ्क्षालाई मुखरित गर्छ । अहिले जनता ठूलो मर्कामा छन् । राजाले जे गरे, त्यो असंवैधानिक मात्र होइन, नेपाली जनतालाई चुनौती दिने अनैतिक कदम पनि हो । 'असोज १८' पछिका आदेश, अध्यादेश र कामकारबाही असंवैधानिक छन् । जनतामा राजाका कारण उत्पन्न आक्रोश, विरोध र घृणालाई नागरिक समाजले मुखरित गरेको छ ।

**० तपाईंहरूलाई राजनीतिक दलले उकासेको आरोप लगाइन्छ नि ?**

- सरकार र राजाले हामीमाथि यस्तो आरोप लगाएका छन् । तर, म उनीहरूलाई सोध्न चाहन्छु- राजनीति भनेको के हो ? राजनीति राजाले होइन, जनताले गर्ने हो। जनतालाई राजनीतिक रूपमा सचेत पार्नु नागरिक समाजको कर्तव्य हो। राजनीतिक सशक्तीकरणलाई यदि उनीहरू राजनीतिक भन्छन् भने त्यसमा हामीलाई मतलव छैन। राजनीति जनतासँग सम्बन्धित हुन्छ। हामी जनतालाई राजनीतिसँग प्रेम गर्न सिकाउँछौं। सामन्तहरू जनता सचेत नहोऊन् भन्ने चाहन्छन्, जसको लाभ उनीहरूले लिन सकून्। त्यसैले उनीहरू हामीमाथि खनिएका छन्। केही सम्भ्रान्त, जसको अर्थ बिग्रेका हुन्छ, तिनीहरू हाम्रो आन्दोलनका विरुद्ध उभिनु स्वाभाविक छ। तर, हामी जनतालाई सचेत बनाउने अभियानमा निरन्तर लागिरहन्छौं ।

**० सात दलको आन्दोलनप्रति किन समर्थन गर्नुभयो ?**

- सात दलको आन्दोलन देश र जनताका पक्षमा भएकाले हामीले त्यसको समर्थन गरेका हौं । उनीहरूको आन्दोलनमा टेवा पुर्‍याउन र बढावा दिन नागरिक समाज आन्दोलनमा उत्रिएको हो । अहिलेको अवस्थामा लोकतन्त्रका निम्ति सात दलले जुन कदम चालेका छन्, त्यो एकदमै राम्रो छ, नेपाली जनताको आँखामा जँचेको छ। लोकतन्त्रबिना कुनै किसिमको मानवअधिकार सम्भव हुँदैन। सामाजिक, आर्थिक, राजनीतिक र सांस्कृतिक विकासका लागि लोकतन्त्र अपरिहार्य छ। लोकतन्त्रलाई खतराबाट बचाउन नागरिक समाज सात दलसँगै आन्दोलनमा उत्रिएको हो। तर, दलहरूलाई पनि हाम्रो खबरदारी छ। विगतमा राजनीतिक दलले जनताको पक्षमा भएका आँखा र कान दरबार र विदेशी दातृ निकायलाई बुझाए। अब त्यसो गर्न पाइँदैन। जनताका हितविरुद्ध सत्ता स्वार्थका लागि फेरि दरबारसँग अनुचित सम्झौता गर्न पाइँदैन। बरु, जनपक्षीय निकासका लागि माओवादीसँग वार्ता मात्र होइन, सहकार्य गर्ने साहस उनीहरूले गर्नुपर्छ ।

**० लोकतन्त्र र राजतन्त्रसँगसँगै जान नसक्ने निष्कर्षमा कसरी पुग्नुभयो ?**

- लोकतन्त्र र राजतन्त्रसँगसँगै जान सक्दैन भन्ने तथ्य त इतिहासले सावित गरिसक्यो। ००७, ०१७ र ०५९ हुँदै ०६१ सालसम्मका घटनाले देखाइसके- नेपालको लोकतन्त्रको प्रमुख शत्रु राजतन्त्र नै हो। यसको मुख्य कारक राजा हुन्, उनले जनताका विरुद्ध अपराध गरेका छन्। संवैधानिक राजतन्त्र हामीले नै बनाएका हौं तर त्यसको उल्लङ्घन राजाले गरे। राजा स्वयम् लोकतन्त्रका लागि अनावश्यक मात्र होइन, हानिकारकसमेत सावित भइसकेका छन्। लोकतन्त्र चुन्ने कि राजतन्त्र भनेर त राजाकै मान्छेहरूले भनिरहेका छन्। को मूर्ख होला- अहिले लोकतन्त्र छाडेर राजतन्त्र छान्ने ? संसारको प्रवृत्ति हेर्दा पनि राजतन्त्र लोपोन्मुख तन्त्र हो। नेपालका लागि राजतन्त्र सेतो हात्ती भइसकेको छ। हात्ती नै पाल्नुछ भने किन सेतो हात्ती पाल्ने ? पर्यटन प्रवर्द्धन र अन्य काममा सहयोग गर्ने हात्ती पालौंला नि !

**० तपाईंहरूले दलहरूलाई सहयोग गरिरहेका बेला दरबारियाहरू भने उनीहरूलाई 'अराष्ट्रिय तत्त्व' घोषणा गर्ने धम्की दिंदैछन् नि ?**

- मुखले भनेर हुन्छ ? हामी चुनौती दिन्छौँ- गरेर देखाऊ न त ! नेपाली जनताको ताकत कति छ, हेर । राजदूतलाई निकाल्छौँ भन्थे तर खोइ निकालेको ?

**० विदेशीको बुइँ चढेर आन्दोलन गरेको आरोप छ नि ?**

- आन्दोलन गर्न किन विदेशीको बुइँ चढ्नुपऱ्यो ? उनीहरू पो विदेशीको भरमा बाँचेका छन् । विदेशी सैनिक सहायता र बन्दुकको भरमा उनीहरू टिकेका छन् । नेपाली जनता कसैका गुलाम होइनन्, स्वाभिमानी र स्वतन्त्रताप्रेमी छन् । हो, हामी मित्रवत् विदेशी सहयोगका विरोधी होइनौँ तर हाम्रो राजनीतिको छिनोफानो गर्न हामी नेपाली आफैँ सक्षम छौँ । हाम्रो आन्दोलनमा संसारभरका जनताको ऐक्यवद्धता छ, जुन देखेर यहाँका शासकहरू आत्तिएका छन् ।

**० राजाको छमहिने शासनलाई कसरी हेर्नुभएको छ ?**

- राजा पूर्णतः असफल र निकम्मा सावित भएका छन् । जनताका अधिकार खोसेर समस्याको निकास खोज्ने उनको धृष्टता चकनाचुर भएको छ । सञ्चारमाध्यमको मुख थुन्ने उनको योजना विफल भएको छ । राजाको सरकारले छ महिनामा केचाहिँ राम्रो काम गऱ्यो त ? म सफल भएँ भनेर घमण्ड गर्न राजासँग के आधार छ ? अझै वुद्धि छ भने राजाले जनताको सार्वभौमसत्ता स्वीकार्नुपर्छ । जनताले दिएको मानो खाएर दरबारभित्र बस्ने प्रतिवद्धता गर्नुपर्छ । राजा भएर उनले नागरिकको अधिकार प्रयोग गर्न पाउँदैनन् । उनीसँग नागरिकता नै छैन । त्यसैले उनी राजनीतिमा सक्रिय हुन पाउँदैनन् ।

**० आन्दोलनमा जनसहभागिता किन नबढेको होला ?**

- म यसमा खुसी छु । भदौ १६ जस्तो एकाएक जनता उत्रे भने अराजकता हुन्छ । त्यस्तो भीडको काम छैन । जनताले क्रमशः बुझ्दैछन्, आफ्ना अधिकार के हुन् भनेर खोज्दैछन् । अब विस्तारै उनीहरू उठ्नेछन् र यो निरङ्कुश राजतन्त्रलाई समाप्त पार्नेछन् ।

**० दलहरूलाई तपाईंको सुझाव के छ ?**

- म त दलहरूलाई गणतन्त्रको मुद्दामा आउन अनुरोध गर्छु । अहिलेको आन्दोलन गणतन्त्रउन्मुख र गणतन्त्रमय भइसकेको छ । सात दल खासगरी एमाले र काङ्ग्रेसले जनभावनाको कदर गर्न सिकेर गणतन्त्रका निम्ति साहसिक निर्णय गर्नुपरेको छ । यदि यस्तो निर्णय लिन सके ती पार्टीहरू शिखरमा पुग्ने क्रममा तीव्रता आउनेछ । होइन भने तिनैका कार्यकर्ताहरूले नेताहरूलाई बढारेर पार्टीहरूलाई  गणतन्त्रतिर लानेछन् ।